# बोदेबर्साइन नगरपालिका

# स्थानीय शिक्षा योजना

# (२०८२-२०९१)

# Local Education Plan, 2025-2034


बोदेबर्साइन नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बोदेबर्साइन, सप्तरी, मधेश प्रदेश

# स्थानीय शिक्षा योजना, २०८२-२०९१

## Local Education Plan, 2025-2034




# बोदेबर्साइन नगरपालिका, सप्तरी

## २०८२ अषाढ

### (अध्यावधिक २०८३ अषाढ)

**प्रकाशक**

**शिक्षा शाखा, बोदेबर्साइन नगरपालिका, सप्तरी**

दश वर्षे स्थानीय शिक्षा योजना, बोदेबर्साइन नगरपालिका सप्तरी २०८२-२०९१
बोदेबर्साइन नगरपालिकाको कार्यपालिकाबाट स्वीकृत तथा सिफारिस: .........................
बोदेबर्साइन नगरपालिकाको नगरसभाबाट प्रमाणित: ................................

**संरक्षक**

श्री आतेश कुमार सिंह, नगर प्रमुख तथा नगर शिक्षा समिति संयोजक
श्री रेणु कुमारी साह, नगर उपप्रमुख
श्री गजेन्द्रनाथ शर्मा, नि वर्तमान प्रमुख प्रशासकिय अधिकृत
श्री देवी बहादुर भण्डारी,प्रमुख प्रशासकिय अधिकृत

**योजना निर्माण समिति सदस्यहरू**

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नगर प्रमुख तथा नगर शिक्षा समिति संयोजक | आतेश कुमार सिंह | ९८१९९१२६०० |
| २ | सदस्य | देवी बहादुर भण्डारी | ९८०१५३९९५५ |
| ३ | सदस्य | मो. मोजिबुर रहमान | ९८०४७४३७८६ |
| ४ | सदस्य | रेणु कुमारी साह | ९८०८३५९६४३ |
| ५ | सदस्य | सविता कुमारी साह | ९८१६७५३६९१ |
| ६ | सदस्य | निलम कुमारी कफैड | ९८२५७१७११७ |
| ७ | सदस्य | चन्द्रिका कुमारी राम | ९८१८६१४२४७ |
| ८ | सदस्य | अनिरुद्ध कुमार यादव | ९८१६७३१२९३ |
| ९ | सदस्य | रमेश कुमार साह | ९८१२३५५३८० |
| १० | सदस्य | राम सेवक यादव | ९८२५७०३७०१ |
| ११ | सदस्य | दिगम्बर यादव | ९८०५९०७१०९ |
| १२ | सदस्य सचिव/ शिक्षा शाखा प्रमुख | रामसागर यादव | ९८०७७२५५६९,<br>९८२९७८०००९ |

**योजना लेखनमा प्राविधिक सहजकर्ता :**

- सहजकर्ता: श्री उमेश कुमार साह

**योजना तयार लेखन कार्यदल सदस्यहरू तथा अध्यावधिक कार्यदल सदस्यहरु:**

- श्री शुभदर्शन कुमार यादव
- श्री नन्दलाल महतो
- श्री चन्दन कुमार यादव
- श्री हेम किशोर यादव
- श्री सुनिल कुमार चौधरी

श्री राम सागर यादव
श्री राम सेवक यादव
श्री ओम कान्त पण्डित
श्री प्रसाद यादव
श्री सुस्मिता कुमारी चौधरी

# बोदेबर्साइन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सप्तरी

**शुभकामना सन्देश**



कुनै पनि पालिकाको शिक्षा योजनाले त्यस पालिकाको समग्र शिक्षाको मार्गदर्शन गरेको हुन्छ । यस बोदेबर्साइन नगरपालिका बोदेबर्साइनको नगरपालिकास्तरीय शिक्षा योजनामा नगरपालिका भित्रको समग्र शैक्षिक अवस्था समावेश गरीएको छ र त्यस अवस्थाका आधारमा दश वर्ष भित्रमा शिक्षा कुन अवश्थामा पुर्याउने भनी चित्रण गरिएको छ । यस शिक्षा योजनाले बोदेबर्साइन नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सूचनाहरुको बस्तुस्थिति प्रस्तुत गर्नुका साथै सप्तरी जिल्लाको  समग्र शैक्षिक पक्षलाई बोदेबर्साइन नगरपालिका सँग समेत तुलना गरी नगर शिक्षा योजना  निर्माणका  भावी रणनीतिक योजना कार्यान्वयनले महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै भावी कार्यदिशा निर्धारणका लागि समेत उपयुक्त भएकाले यसको अपरिहार्यतालाई मध्यनजर गरी बोदेबर्साइन नगरपालिकाको अन्य स्थानीय तहहरुको शैक्षिक योजना निर्माण, वार्षिक योजना तर्जुमा लगायतमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ बोदेबर्साइन नगरपालिकाले विभिन्न विज्ञको प्राविधिक सहयोगमा यो शिक्षा योजना तयार गरिएको छ ।

यस शिक्षा योजनामा नगरपालिकाको शैक्षिक सूचना, घरधुरी तथा जनसङ्ख्या, पालिकाको साक्षरताको अवस्था, कार्यान्वयनमा आएका शैक्षिक कार्यक्रमहरु, शैक्षिक सुचांकको माध्यमिक तथा आधारभूत तहको विवरण, पालिकाको शिक्षाको दुरदृष्टि, धेय, लक्ष्य, उदेश्य, रणनीति तथा सिकाइ उपलब्धि विवरण २०८१/२०८२ आदि शैक्षिक क्षेत्रका पक्षहरु समेटिएका छन् जसले वर्तमान  शैक्षिक सूचनाहरुको अवस्थाका बारेमा जानकारी दिएको छ जसका आधारमा सुचकगत लक्ष्य निर्धारण समेत गरिएको छ । त्यस्तै यस शिक्षा योजनाले नगरपालिकास्तरीय स्थानीय वार्षिक योजना तर्जुमा, नीति तथा कार्यक्रम र कार्यविधिहरु निर्धारण गर्न समेत अहम् भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु ।

यो शिक्षा योजना तयार गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराउनु हुने, सही सूचना उपल्ब्ध गराइ सहयोग गर्नु हुने तथा यस कार्यमा व्यवस्थापन तथा समन्वयकारी भूमिका निर्वाह गर्नु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**आतेश कुमार सिंह**
**नगर प्रमुख**

# बोदेबर्साइन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सप्तरी

**शुभकामना सन्देश**



नगरपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकले पाएको शिक्षाको अवसरको विषयमा विस्तृत योजना तयार गर्नु अपरिहार्य रहेको परिप्रेक्ष्यमा बोदे बर्साइन नगरपालिकाको पहिलो पटक स्थानीय शिक्षा योजना तयार हुँदा अत्यन्तै खुसी लागेको छ । यो शिक्षा योजनालेले नगर क्षेत्रमा शिक्षाको क्षेत्रमा सवै नगरवासीले समान रुपमा सेवा पाइरहेका छन् छैनन्, हरेक जातजाति र समुदायको शिक्षाको क्षेत्रमा के कस्तो सहभागिता रहेको छ ? असक्त, फरक क्षमता भएका समुदाय, शिक्षाको समान अवसरवाट वञ्चित छन्, छैनन् ? गरीव तथा पिछाडिएको क्षेत्र र समुदायमा शिक्षाको गुणस्तर र सहभागिताको अवस्था कस्तो छ ? सो विषयमा समेत मध्यनजर गर्दै सुनिश्चितताका लागि नगरपालिकाले आगामी दिनमा शिक्षा सम्बन्धी नीति, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न सहयोग पुग्ने र शैक्षिक गुणस्तर प्राप्ति हुने विश्वास लिएको छु ।

स्थानीय तहलाई संबैधानिक तथा कानूनी रुपमा शिक्षा क्षेत्रमा प्राप्त भएको कानुनी अधिकारलाई संस्थागत गर्दै कार्यान्वयन गर्ने चरणमा बोदेबर्साइन नगरपालिकाले शिक्षा कार्यविधि, २०७६ जारी गरी नगर शिक्षा समितिको संरचनागत व्यवस्था समेत गरिसकेको छ । नगरपालिकाले यही शिक्षा ऐनलाई आत्सात् गर्दै शिक्षा समितिको समन्वय र सहकार्यमा सम्पूर्ण शैक्षिक गतिविधिहरु समेत सञ्चालनमा रहेको हुँदा यो शिक्षा योजनाको आधारमा देखिएका सुधारका पक्षहरुलाई सूचकगत रुपमा वार्षिक कार्यक्रम बनाई हरेक वर्ष क्रमश शैक्षिक क्रियाकलापहरु सञ्चालन गरी शैक्षिक उपलव्धि हासिल हुने अपेक्षा गरेको छु ।

बोदेबर्साइन नगरपालिकाले योजना लेखन सहजकर्ता महेश कुमार साहको प्राविधिक सहयोग तथा सहजीकरणमा तयार पारिएको यस नगर शिक्षा योजना २०८२ तयार गर्नका लागि अहोरात्र रुपमा प्राविधिक सहयोग गर्नुहुने योजना लेखन सहजकर्ता महेश कुमार साह, यस कार्यका लागि स्थानीय सरकारको तर्फबाट समन्वय गर्नुहुने नगर पालिका प्रमुख श्री आतेश कुमार सिंह ज्यु, अध्ययन तथा व्यवस्थापकीय भूमिका निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री गजेन्द्र शर्मा ज्यु तथा शिक्षा शाखा प्रमुख श्री रामसागर यादव ज्यू तथा रामसेवक यादव ज्यू शैक्षिक प्रशासनमा कार्यरत कर्मचारी लगायत सवै प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**रेणु कुमारी साह**
**नगर उपप्रमुख**

# बोदेबर्साइन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सप्तरी

**शुभकामना सन्देश**



शिक्षा मानव जीवनको उज्यालो ज्योति हो जसले मानिसलाई सामाजिक र व्यवहारिक बनाउदै सभ्यताको पहिचान दिलाई राज्यप्रति उत्तरदायी बनाउने भएकाले नागरिकको शैक्षिकस्तरले राज्य सञ्चालनमा प्रभावकारीता ल्याउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विश्वमा भएका विकसित देशहरुमा परिर्वतनका आधार भनेकै शिक्षामा भएको गुणस्तरीयता र व्यवसायिकता नै हुन् । जहाँ गुण्स्तरीय, प्रविधिमैत्री शिक्षाको विकास भएको छ त्यहाँ बेरोजगारी र गरिवी कम हुँदै आर्थिक तथा सामाजिक रुपमा समेत दिगो विकास भई समृद्ध राष्ट्र निर्माण भएको छ ।

बोदेबर्साइन नगरपालिका, बोदेबर्साइनको नगरपालिकास्तरीय शिक्षा योजनामामा बोदेबर्साइन नगरपालिकाको २०८१ आधार वर्षको शैक्षिक अवस्था समावेश गरी दश वर्षको शैक्षिक योजाना तयार गरिएको छ । यस शिक्षा योजनामा आफ्नो पालिकाको परिचय, भौगोलिक अवस्था, सामाजिक तथा सांस्कतिक अवस्था, समग्र शैक्षिक अवस्था, सिकाइ उपलब्धि सहित समग्र शैक्षिक अवस्था तथा अन्य विविध शैक्षिक जानकारीहरुलाई गतारीएको छ ।

संविधानतः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिका लागि शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि आधारभूत तह अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरिएको छ । शिक्षाका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई पूरा गर्न स्थानीय सरकारद्वारा निमार्ण गरिएको यस पालिका स्तरीय शिक्षा योजनाले नगरपालिकाको समग्र दश वर्षे शैक्षिक कार्यक्रम लागू गरी शैक्षिक सुधार हुने कुरामा म विश्वस्त रहेको छु ।

अन्त्यमा यस नगरपालिकाको शिक्षा योजना बनाउनका लागि सहयोग गर्ने विशेषत बोदेबर्साइन नगरपालिका नगरकार्यपालिकाको कार्यालय, शिक्षा योजना निर्माण समिति, लेखन समिति तथा यस शिक्षा योजना निर्माणका लगिा प्राविधिक सहयोग तथा सहजीकरण प्रदान गर्नुहुने प्राविधिक लेखन सहजकर्ता महेश कुमार साह तथा तथ्यांक सङ्कलनकर्ता लगायत आ–आफ्नो तर्फबाट सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला पक्षहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु ।

**गजेन्द्र नाथ शर्मा**
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

# बोदे बर्साइन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सप्तरी

**हार्दिक आभार**



शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

बोदेबर्साइन नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नुहुने नगरपालिका तथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयप्रति धन्यवाद व्यक्त गर्दछौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी, राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

**राम सागर यादव**
**शिक्षा अधिकृत** (**आठौं**)
शिक्षा युवा तथा खेलकुद शाखा
बोदेबर्साइन नगरपालिका
सप्तरी

**विषयसूची**

परिच्छेद १ : परिचय ..... 1

१.१ वर्तमान अवस्था ..... 1

क. भौगोलिक अवस्थितिको विश्लेषण ..... 2

ख. जनसाङ्ख्यिक संरचनाको विश्लेषण ..... 3

ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ..... 4

घ. आर्थिक अवस्थाको विश्लेषण ..... 8

ङ. बोदेबर्साइन नगरपालिकाको शैक्षिक अवस्था ..... 10

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ..... 24

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ..... 27

१.४ शिक्षा क्षेत्रका अवसरहरू ..... 29

परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... 31

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ..... 31

२.२ नगरपालिकाको दूरदृष्टि (दीर्घकालीन सोच) ..... 317

२.३ लक्ष्य ..... 32

२.४ उद्देश्य ..... 32

२.५ रणनीति ..... 32

२.६ कार्यनीति ..... 35

२.७ अपेक्षित उपलब्धि ..... 42

२.८ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण ..... 43

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ..... 45

३.१ प्रारम्भिक बाल विकास र शिक्षा ..... 45

**३.१.१ वर्तमान अवस्था** ..... 45

**३.१.२ उद्देश्य** ..... 46

**३.१.३ रणनीति** ..... 47

**३.१.४ उपलब्धि तथा प्रमुख नतिजाहरू** ........ 47

**३.१.५ बालविकास शिक्षा प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू** ........ 48

३.२ आधारभूत शिक्षा ........ 49

**३.२.१ वर्तमान अवस्था** ........ 50

**३.२.२ उद्देश्य** ........ 52

**३.२.३ रणनीति** ........ 52

**३.२.४ उपलब्धि  र नतिजा** ........ 53

**३.२.५  प्रमुख क्रियापलाप तथा लक्ष्यहरू** ........ 54

३.३ माध्यमिक शिक्षा ........ 572

**३.३.१ वर्तमान अवस्थाः** ........ 582

**३.३.२ उद्देश्यहरू** ........ 59

**३.३.३ रणनीति** ........ 60

**३.३.४ कार्यनीति** ........ 605

**३.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू** ........ 61

**३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 62

३.४  प्राविधिक  शिक्षा तथा व्यावसायिक तालिम ........ 63

**३.४.१ वर्तमान अवस्था** ........ 58

**३.४.२ उद्देश्यः** ........ 59

**३.४.३ रणनीतिहरू** ........ 59

**३.४.४ उपलव्धि र नतिजा** ........ 60

**३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 60

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ 61

**३.५.१ वर्तमान अवस्था** ........ 62

**३.५.२ उद्देश्य** ........ 63

**३.५.३  रणनिति** ........ 63

**३.५.४ कार्यनीति** ........ 64

**३.५.५ उपलब्धि र नतिजा** ........ 64

**३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 65

परिच्छेद ४ : अन्तरसम्बन्धित क्षेत्रहरू ........ 67

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन ........ 67

**४.१.१ वर्तमान अवस्था** ........ 67

**४.१.२ उद्देश्य** ........ 69

**४.१.३ रणनीतिहरू** ........ 69

**४.१.४ उपलब्धि तथा प्रमुख नतिजा** ........ 71

**४.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 72

४.२ शिक्षक व्यवस्थापन र विकास ........ 73

**४.२.१ वर्तमान अवस्था** ........ 74

**४.२.२ उद्देश्य** ........ 76

**४.२.३ रणनीति** ........ 76

**४.२.४ उपलब्धि र नतिजा** ........ 77

**४.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य** ........ 78

४.३ शैक्षिक समता र समावेशीकरण ........ 79

**४.३.१ वर्तमान अवस्था** ........ 80

**४.३.२ उद्देश्यहरू** ........ 81

**४.३.३ रणनीतिहरू** ........ 81

**४.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू** ........ 82

**४.३.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू** ........ 83

४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 84

**४.४.१ वर्तमान अवस्था** ........ 84

**४.४.२ उद्देश्य** ........ 85

**४.४.३ रणनीति** .................................................. 85

**४.४.४ उपलब्धि तथा प्रमुख नतिजा**.................................................. 86

**४.४.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू**.................................................. 87

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता .................................................. 88

**४.५.१ वर्तमान अवस्था**.................................................. 89

**४.५.२ उद्देश्यहरू**.................................................. 90

**४.५.३ रणनीति** .................................................. 90

**४.५.४ कार्यनीति** .................................................. 91

**४.५.५ उपलब्धि र नतिजा**.................................................. 91

**४.५.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू**.................................................. 92

४.६ विद्यालय भौतिक पूर्वाधार विकास .................................................. 93

**४.६.१ वर्तमान अवस्था**.................................................. 93

**४.६.२ उद्देश्य** .................................................. 94

**४.६.३ रणनीतिहरू** .................................................. 95

**४.६.४ उपलब्धि तथा नतिजाहरू** .................................................. 95

**४.६.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू**.................................................. 96

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि .................................................. 97

**४.७.१ वर्तमान अवस्था**.................................................. 97

**४.७.२ उद्देश्यहरू**.................................................. 98

**४.७.३ रणनीतिहरू** .................................................. 98

**४.७.४ उपलब्धि र नतिजा**.................................................. 99

**४.७.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू**.................................................. 99

४.८ छात्रवृत्ति .................................................. 100

**४.८.१ वर्तमान अवस्था**.................................................. 100

**४.८.२ उद्देश्य** .................................................. 101

**४.८.३ रणनीतिहरू** .................................................. 101

**४.८.४ उपलब्धि तथा नतिजाहरू** ........ 102

**४.८.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू** ........ 102

परिच्छेद ५: विद्यालय  सुशासन तथा व्यवस्थापन ........ 103

परिचय ........ 103

५.१ संस्थागत संरचना र क्षमता विकास ........ 103

५.१.१ वर्तमान अवस्था ........ 103

५.१.२ उद्देश्य ........ 104

५.१.३ रणनीतिहरू ........ 104

५.१.४ उपलब्धि, नतिजा ........ 105

५.१.५ प्रमुख क्रियाकलापहरू  र लक्ष्यहरू ........ 106

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 107

५.२.१ परिचय ........ 107

५.२.२ वर्तमान अवस्था ........ 108

५.२.३ उद्देश्यहरू ........ 109

५.२.४ रणनीतिहरू ........ 109

५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 109

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ........ 111

६.१ परिचय ........ 111

६.२ वर्तमान अवस्था ........ 111

६.३ उद्देश्य ........ 113

६.४ रणनीतिहरू ........ 114

६.५ उपलब्धि (Outcomes) ........ 114

६.६ स्रोतको अनुमान र विश्लेषण ........ 115

६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ........ 115

परिच्छेद ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ........ 120

७.१ परिचय ..... 120
७.२ वर्तमान अवस्था ..... 120
चुनौती र अवसर ..... 121
७.३ उद्देश्य ..... 122
७.४ रणनीतिहरू ..... 122
७.५ उपलब्धि ,नतिजा ..... 123
७.६ समन्वय र सहजीकरणः ..... 123
७.७ मुख्य क्रियाकलाप र लक्ष्य ..... 123
अनुसुची ..... 125
अनुसुची १ कार्यशालाको फोटोहरु ..... 125
अनुसुची २ : लेखाजोखा गरिएको फाराम ..... 126
अनुसुची ३ : योजना लेखनका क्रममा भएका निर्णय तथा अन्य कागजातहरु ..... 127

## क) विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि स्थानीय शिक्षा योजना निर्माण भई कार्यन्वयनमा छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो मार्गदर्शन तयार गरिएको छ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय स्थानीय शिक्षा योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan2022-2032)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो।

## ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

**घ) शिक्षा योजना निर्माणका आधार**

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालयमा निर्माण भएका पाँच वर्षे तथा वार्षिक विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा हुनुपर्छ। यसका लागि स्थानीय तहअन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गर्नुपर्छ । शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने छ ।

**ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

कुनै पनि कार्यलाई सरल र सहज ढंगले समयमा सम्पन्न गर्नको लागि प्रतिफलको आशा सहित गरिएको कार्यको स्वरुपको सिलसिला बद्ध रुपरेखा नै योजना हो यो आफैमा निर्मित हुदैन साथै यो जटिल र चुनौतिपुर्ण कार्य हो । यसलाई अगाडि बढाउन निम्न चरण र प्रक्रिया अबलम्बन गरिएको छ । नगरपालिकाले तयार गरेको यस योजनालाई शिक्षा क्षेत्र सहजकर्ता महेश कुमार साहले प्राविधिक सहयोग गरेको थियो । समग्रमा योजनाको कार्यलाई व्यवस्थित बनाउनको लागि तलको चरणहरू पुरा गरिएको थियो ।

क) शिक्षा विकास तथा समन्वय इकाइ सप्तरीको आयोजनामा शिक्षा योजना निर्माण तथा क्षमता विकास सम्बन्धी २ दिने कार्यक्रम सञ्चालन गरेको ।

ख) कार्यपालिकाको बैठकले शिक्षा योजना निमार्णका लागि कार्यादेश सहितको ५ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

ग) कार्यदलको बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको बाँडफाड गरिएको ।

घ) कार्यदलले योजना लेखनको लागि लेखन समुह निर्माण गरी लेखन समुहलाई अभिमूखीकरण गरी कामको विभाजन गरिएको ।

ङ) शिक्षा योजना लेखन समुहबाट योजनाको समुह समुहमा तथा एकिकृत रूपमा लेखन तथा लेखन समुहको छलफल तथा अन्तरक्रियाबाट पहिलो डाफ्ट तयार गरिएको ।

च) त्यस पश्चात योजना लेखन कार्यमा सहयोग पुर्याउने शिक्षा क्षेत्रका सहजकर्ता महेश कुमार साहबाट नियमित रूपमा प्राविधिक सहयोग, अध्ययन तथा लेखन र सुझाब संकलन सहित ड्राफ्टलाई अन्तिमिकरण प्रदान ।

छ) लेखन समुहले तयार गरेको पहिलो डाफ्टमा सरोकारवालाहरू सहितको वृहत सल्लाह सुझाव कार्यशाला ।

ज) नगर शिक्षा समितिमा पेश तथा छलफल र सुझाव संकलन ।

झ) नगर शिक्षा समितिद्वारा पारित ।

ञ) नगर सभामा पेश तथा छलफल सहित पारित ।

**च) योजनाको लेखाजोखा**

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधानले सङ्घीय गणतन्त्र अन्तरगत राज्य व्यवस्था सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको परिकल्पना अनुरूप क्रियाशील रहेका छन् । उक्त संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखेअनुरूप शिक्षासम्बन्धी हक तथा प्राथमिकताहरू स्थापित गरेको छ । उक्त संवैधानिक शिक्षासम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षासम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ ।

त्यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको कार्यान्वयनका साथै शिक्षा क्षेत्रको ५ वर्षे योजना शिक्षा नीति २०७६, १६ औँ आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । समावेशी समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी यस बोदेबर्साइन नगरपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य र उद्देश्य शिक्षा योजनाले निर्धारण गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको नीतिगत व्यवस्था भएको छ, जसमा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक वार्षिक क्षेत्रगत योजना निर्माण गर्नु पर्ने र उक्त योजना निर्माण गर्दा सङ्घ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैङ्गिक समानता तथा समावेशीकरण, अपाङ्गता, समानता, समता, पहुँच, बिपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (Project Bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरूको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रूपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरू तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन् । यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागु भएका छन्, जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोस्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दिगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरूलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै बोदेबर्साइन नगरपालिकाले स्थानीय शिक्षा योजना(Eduction Sector Plan -ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित वि सं २०८२-२०९१ का लागि तयार गरेको छ।

## क. भौगोलिक अवस्थितिको विश्लेषण

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ । सन् २०२५ को आँकडाअनुसार (UNDP , 2025) मानव विकास सूचकाङ्क (०.६२२) का दृष्टिले नेपाल कुल १९३ मध्ये १४५ औँ स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

नेपालको संविधान अनुसार मधेश. प्रदेशका जिल्लाहरु मध्येको सप्तरी खासगरि धार्मिक तथा सांस्कृतिक रुपमा परिचित जिल्ला हो । सप्तरीलाई स्थानीय रुपमा ९ गाउँपालिकाहरु र ९ नगरपालिकाहरुमा विभाजन गरिएको छ । यस मध्येको बोदेबर्साइन नगरपालिका साविकका बोदे वसाईन फुलकाही, मानराजा, खडगपुर, काचन, देउरी, सारस्वर, धनगढी (१ देखि ८ वडा) र नेगडा गा.वि.स.हरु समेटेर निर्माण गरिएको हो । हाल नगरपालिकामा जम्मा १० वडाहरु रहेका छन् । नगरपालिकाको केन्द्र बोदे बर्साइन बजारमा रहेको छ । यस नगरपालिकाको भुभागले सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, डाक्नेश्वरी नगरपालिका तथा बलानविहुल गाँउपालिकालाई छोएको छ । नगरपालिकाको जम्मा क्षेत्रफल ५८.९३ (वर्ग कि.मि.) रहेको छ । २०७८ सालको जनगणना अनुसार बोदेबर्साइन नगरपालिकाको जनसङख्या ४६ हजार १७ जना रहेको छ । यो नगरपालिका २६.५० डिग्री देखि २६.६२ डिग्री अक्षांश : तथा ८६.५६ डिग्री देखि ८६.५९ डिग्री देशान्तर सम्म फैलिएको छ ।

बोदेबर्साइन नगरपालिका प्रायः समतल क्षेत्रको हिस्सा हो, जहाँको उचाई समुन्द्र सतहदेखि लगभग ६०-८० मिटर बीचमा पर्छ । यहाँका भू-भागहरू नदी किनारामा फैलिएका छन् र प्रमुख नदीहरूको आधारमा जलवायु र माटोको अवस्था विविध छ । यहाँका प्रमुख भूभागहरू खेतीयोग्य छन् र समृद्ध कृषि क्रियाकलापको केन्द्रको रूपमा रहेका छन् । कृषि उत्पादनमा उच्च सम्भावनाका कारण यहाँका जनतालाई दैनिक जीवनका लागि आवश्यक सामग्रीको आपूर्ति सजिलो छ । यहाँको भौगोलिक अवस्थाले सिंचाइ, जलाशय र जल स्रोतहरूको व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निभाएको छ ।

बोदेबर्साइन नगरपालिका विभिन्न नदी र नालाहरूको क्षेत्र हो । यहाँका प्रमुख नदीहरूमा खडक नदि तथा अन्य स्थानीय नदीहरू समावेश छन् । यी नदिहरू प्रचुर जल आपूर्ति प्रदान गर्छन् र कृषि उत्पादनमा महत्त्वपूर्ण भूमिका छन् । यस्ता नदीहरूले सिँचाइ र माछापालनका लागि उपयुक्त वातावरण तयार गर्छन् । साथै, नदीका स्रोतहरू यस क्षेत्रको जैविक विविधताको हिस्सा हुन् । यहाँका नदिहरू प्रायः बाढी र बहावका कारण क्षति पुर्याउन सक्छ, विशेष गरी वर्षाका महिना र बाढीको मौसममा ।

बोदेबर्साइन नगर पालिका उष्णकटिबन्धीय जलवायु क्षेत्रमा पर्ने स्थान हो । यहाँको हावापानी प्रायः ग्रीष्मकालमा गर्मीपूर्ण र वर्षा ऋतुमा आर्द्र हुन्छ । यहाँको औसत वार्षिक तापमान २५°C देखि ३८°C बीच रहन्छ । वर्षाका महिना (जुन देखि सेप्टेम्बर) मा भारी वर्षा हुने गर्दछ, जुन कृषि गतिविधिहरूको लागि महत्वपूर्ण हुन्छ। जाडो महिनामा तापमान १०°C देखि १५°C सम्म हुन्छ, जुन स्थानीय बासिन्दाका लागि राहतको कारण बनिरहेको छ । हावापानी प्रणालीको अनुकूलता यहाँका कृषकहरूलाई विभिन्न किसिमका अन्न र फसलहरू उत्पादन गर्नका लागि उपयुक्त बनाउँछ ।

बोदेबर्साइन नगर पालिका प्राय बाढी र चट्याङको सम्भावनामा पर्ने क्षेत्र हो । यहाँका नदिहरूको बहाव र भारी वर्षाले बाढीको सम्भावना बढाउँछ । बाढीका कारण कृषि क्षेत्रमा क्षति, सडक र पुलहरूको क्षति र अन्य जनजीवनमा समस्या आउन सक्छ । यसका साथै, यहाँको भूमि चुरोट र माटोको विशेषताले पनि अति वर्षामा माटोको कटान र डुबानका समस्या निम्त्याउन सक्छ । चट्याङ र आकाशीय बिजुलीका कारण पनि जनधनको क्षति हुने सम्भावना रहेको छ ।

मिश्रित बसोवास रहेको यस नगरपालिकामा मुख्य गरी हिन्दु र मुस्लीम धर्म मान्ने समुदायहरु को बसोवास रहे को छ। यस नगरपालिका अन्तर्गत पर्ने धार्मिक स्थलहरु मध्ये मानराजा गढी र लक्ष्मी नरायण मन्दिर मुख्य पर्यटकिय क्षेत्रका रुपमा प्रचलित छन्। यस नगरपालिकामा धानखेती, गहु खेती, माछा पालन, पशुपालन, जुट खेती तथा उखु खेती को प्रचुर सम्भावना रहेको छ।

**तालिका १.१**

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / नगरपालिका | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | धनगढी (१-८) | ४१७० | ५.३४ |
| २ | २ | नेगडा (१-९) | ५२३५ | ७.१७ |
| ३ | ३ | सारश्वर (१-९) | ५९३५ | ६.९९ |
| ४ | ४ | फुल्काही (६-९) | १७१३ | १.७७ |
| ५ | ५ | बोदेबरसाइन (१-९) | ६१६३ | ५.४५ |
| ६ | ६ | फुल्काही (१-५) | ३१७८ | ६.४३ |
| ७ | ७ | मनराजा (१-९) | ४४१२ | ३.८९ |
| ८ | ८ | काचन (१-९) | ४५२३ | ७.८७ |
| ९ | ९ | देउरी (१-९) | ५२६६ | ६.५४ |
| १० | १० | खडकपुर (१-९) | ५४२२ | ७.४७ |
| | **जम्मा** | | ४६०१७ | ५८.९२ |

स्रोत : *CBS*, २०७८ तथा बोदेबर्साइन नगरपालिकाको *वेवसाइट*

## ख. जनसाङ्ख्यिक संरचनाको विश्लेषण

राष्ट्रिय जनगणना २०७८ का अनुसार यस नगरपालिकाको जम्मा जनसङ्ख्या ४६,०१७ रहेको छ, जसमा पुरुष २२,९१८ जना (४९.८०%) महिला २३,०९९ जना (५१.२०%) रहेका छन्। पुरुषको भन्दा महिलाको जनसङ्ख्या १८१ जना (0.४०%) ले बढी देखिन्छ। यहाँको लैङ्गिक अनुपात ९९.२२ छ। विभिन्न उमेर समूहको जनसङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १.२ वडागत आधारमा जनसङ्ख्याको वितरण**

| वार्ड | घरघूरी सङ्ख्या | जनसङ्ख्या | | | औसत घरघुरी आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | |
| १ | ९०८ | ४१७० | २०९० | २०८० | ४.५९ | १००.४८ |
| २ | ११२१ | ५२३५ | २५९६ | २६३९ | ४.६७ | ९८.३७ |
| ३ | १३०७ | ५९३५ | २९२८ | ३००७ | ४.५४ | ९७.३७ |
| ४ | ३५० | १७१३ | ८४५ | ८६८ | ४.८९ | ९७.३५ |
| ५ | ११९७ | ६१६३ | २९५६ | ३२०७ | ५.१५ | ९२.१७ |
| ६ | ७२८ | ३१७८ | १६२४ | १५५४ | ४.३७ | १०४.५० |
| ७ | ९५३ | ४४१२ | २१६९ | २२४३ | ४.६३ | ९६.७० |
| ८ | ९५२ | ४५२३ | २२३८ | २२८५ | ४.७५ | ९७.९४ |
| ९ | १०६० | ५२६६ | २६६४ | २६०२ | ४.९७ | १०२.३८ |
| १० | ११४६ | ५४२२ | २८०८ | २६१४ | ४.७३ | १०७.४२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | ९७२२ | ४६०१७ | २२९१८ | २३०९९ | ४.७३ | ९९.२२ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

राष्ट्रिय जन गणना २०७८ का अनुसार यस नगरपालिकाको विभिन्न उमेर समूहको जनसङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १.३ उमेर समूहमा जनसङ्ख्याको वितरण**

| बोदेबर्साइन नगरपालिका | | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला |
| | सबै उमेर समूह | ४६०१७ | २२९१८ | २३०९९ |
| उमेर समूह | ० देखि ४ वर्ष | ४४९६ | २५१५ | १९८१ |
| | ५ देखि ९ वर्ष | ४७२६ | २५४८ | २१७८ |
| | १० देखि १४ वर्ष | ४९७३ | २६१५ | २३५८ |
| | १५ देखि १९ वर्ष | ४५३५ | २३६२ | २१७३ |
| | २० देखि २४ वर्ष | ४२२७ | १९५१ | २२७६ |
| | २५ देखि २९ वर्ष | ३८८५ | १७८० | २१०५ |
| | ३० देखि ३४ वर्ष | ३०२३ | १३५९ | १६६४ |
| | ३५ देखि ३९ वर्ष | ३१२३ | १३६९ | १७५४ |
| | ४० देखि ४४ वर्ष | २४५९ | ११७२ | १२८७ |
| | ४५ देखि ४९ वर्ष | २१०६ | १००१ | ११०५ |
| | ५० देखि ५४ वर्ष | २००५ | १०३८ | ९६७ |
| | ५५ देखि ५९ वर्ष | १६०० | ८०१ | ७९९ |
| | ६० देखि ६४ वर्ष | १३६० | ६७१ | ६८९ |
| | ६५ देखि ६९ वर्ष | १३०४ | ६३७ | ६६७ |
| | ७० देखि ७४ वर्ष | १२८६ | ६६५ | ६२१ |
| | ७५ वर्षदेखि माथि | ९०९ | ४३४ | ४७५ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

## ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो। विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन्। भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२४ भाषा/भाषिका पहिचान गरिएको छ। यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन्। अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन्। खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन्। यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ। यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन्। यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर

सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ। यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्तिकै आवश्यक छ।

यसै सन्दर्भमा यस पालिकामा बोदेबर्साइन नगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ यादव, तेली, मुस्लिम, थारु, तत्मा खंग चमार मुसहर, धानुक, हजाम, नौनिया आदि लगायतक जातजातिहरु बसोबास गरिरहेका छन्। सवै जातजातीहरुको आ–आफ्नो संस्कृति भए पनि दशैं, तिहार, छठ, होली, जितिया, माघे सङ्क्रान्ति, सिरुवापर्व, चौठीचाँद, नेमान, समाचकेवा, रामनवमी, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, रमजान, बकरइद, हरिबोधनी एकादशी र दाहामेला जस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यहाँका पुरुषको पहिरन सर्टपेन्ट, कमिज, शुरूवाल, धोती, कुर्ता र महिलाको पहिरनमा सारी, ब्लाउज, कुर्ताशुरूवाल आदि प्रचलित छ। कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारका पहिरन समेत देखिन्छ। प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ। हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ। यस पालिकाभित्र रहेका बहुविशेषताहरु बीचमा एकीकरण भएको अवस्था छ। अनेकता बीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ । जातजातीका हिसाबले सबैभन्दा बढी यादव (२५.२५%), तेली (१६.९९), मुसलवान (११.०५), थारू (०८.२६), तत्मा/तत्वा (०६.७०), खत्वे (०६.४४), चमार/हरीजन/राम (५.०८), बाँकी जातजातीहरू ५ प्रतिशत भन्दा मुनी रहेका छन्।

**तालिका १.४ जातजातीका आधारमा जनसङ्ख्याको वितरण**

| जातजाति | जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| **All Caste** | ४६०१७ | २२९१८ | २३०९९ | १००.०० |
| **Yadav** | ११६१७ | ५९१६ | ५७०१ | २५.२५ |
| **Teli** | ७८१७ | ३९९० | ३८२७ | १६.९९ |
| **Musalman** | ५०८६ | २३०६ | २७८० | ११.०५ |
| **Tharu** | ३८०० | १८३९ | १९६१ | ८.२६ |
| **Tatma/Tatwa** | ३०८२ | १५९० | १४९२ | ६.७० |
| **Khatwe** | २९६३ | १४५३ | १५१० | ६.४४ |
| **Chamar/Harijan/Ram** | २३३७ | ११५३ | ११८४ | ५.०८ |
| **Musahar** | २१६१ | १०७३ | १०८८ | ४.७० |
| **Dhanuk** | १२०६ | ६०३ | ६०३ | २.६२ |
| **Hajam/Thakur** | ७९७ | ३९९ | ३९८ | १.७३ |
| **Nuniya** | ७१६ | ३७० | ३४६ | १.५६ |
| **Gaderi/Bhediyar** | ६०० | ३०७ | २९३ | १.३० |
| **Haluwai** | ५७६ | २८२ | २९४ | १.२५ |
| **Kumhar** | ५३१ | २६८ | २६३ | १.१५ |
| **Dusadh/Pasawan/Pasi** | २४६ | १३० | ११६ | ०.५४ |
| **Brahman – Tarai** | २२७ | ११५ | ११२ | ०.४९ |
| **Kalwar** | १९५ | १०१ | ९४ | ०.४२ |
| **Baraee** | १८६ | ९६ | ९० | ०.४० |

| | | | | |
|---|---|---|---|---|
| **Amat** | १८१ | ८९ | ९२ | ०.३९ |
| **Dhobi** | १७९ | ९२ | ८७ | ०.३९ |
| **Dom** | १५१ | ८४ | ६७ | ०.३३ |
| **Rajdhob** | १४७ | ७५ | ७२ | ०.३२ |
| **Bishwokarma** | १४३ | ७८ | ६५ | ०.३१ |
| **Bantar/Sardar** | १२६ | ६४ | ६२ | ०.२७ |
| **Mallaha** | १२२ | ६० | ६२ | ०.२७ |
| **Danuwar** | १०६ | ५३ | ५३ | ०.२३ |
| **Foreigner** | ९८ | १९ | ७९ | ०.२१ |
| **Sonar** | ६२ | ३२ | ३० | ०.१४ |
| **Others** | ४९ | २१ | २८ | ०.११ |
| **Rajput** | ४८ | २२ | २६ | ०.१० |
| **Mali** | ४६ | २३ | २३ | ०.१० |
| **Koiri/Kushwaha** | ४५ | २७ | १८ | ०.१० |
| **Thakuri** | ४१ | २० | २१ | ०.०९ |
| **Rauniyar** | ३९ | २० | १९ | ०.०९ |
| **Baniyan** | ३९ | २० | १९ | ०.०९ |
| **Halkhor** | ३७ | १८ | १९ | ०.०८ |
| **Kumal** | ३६ | १८ | १८ | ०.०८ |
| **Brahman – Hill** | ३३ | १५ | १८ | ०.०७ |
| **Badhaee/Badhee** | ३१ | १५ | १६ | ०.०७ |
| **Sanyasi/Dasnami** | २८ | १३ | १५ | ०.०६ |
| **Kshetri** | २४ | १३ | ११ | ०.०५ |
| **Marwadi** | २० | १३ | ७ | ०.०४ |
| **Lohar** | १८ | ९ | ९ | ०.०४ |
| **Dev** | १३ | ६ | ७ | ०.०३ |
| **Kathabaniyan** | १२ | ८ | ४ | ०.०३ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

### तालिका १.५ धर्मका आधारमा पालिकाको जनसङ्ख्या बनोट

| धर्म | जम्मा | पुरूष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| जम्मा जनसङ्ख्या | ४६०१७ | २२९१८ | २३०९९ | १०० |
| हिन्दू | ४०८३२ | २०५६२ | २०२७० | ८८.७ |
| इस्लाम | ५०९८ | २३१८ | २७८० | ११.१ |
| क्रिश्चियन | ४७ | १८ | २९ | ०.१ |
| बौद्ध | ३६ | १८ | १८ | ०.०८ |
| किराँत | ४ | २ | २ | ०.०१ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

धर्मको आधारमा जनसङ्ख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस पालिकामा हिन्दु धर्मावलम्बीहरूको जनसङ्ख्या सबैभन्दा बढी ८८.७ प्रतिशत, त्यसैगरी इस्लाम धर्मावलम्बीहरूको जनसङ्ख्या ११.१ प्रतिशत र अन्य क्रिश्चियन, **बौद्ध**, किराँत धर्मावलम्बीहरूको जनसङ्ख्या अत्यन्तै नगण्य रहेको तथ्याङ्कले देखाउँछ।

**तालिका १.६ मातृभाषाको आधारमा जनसङ्ख्याको वितरण**

| क्र.सं. | मातृभाषा | जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | प्रतिशत |
| १ | सबै मातृभाषा | ४६०१७ | २२९१८ | २३०९९ | १०० |
| २ | मैथिली | ४२२२० | २११४१ | २१०७९ | ९१.७५ |
| ३ | थारू | १८३९ | ८८० | ९५९ | ३.९९ |
| ४ | उर्दु | १७३५ | ७९० | ९४५ | ३.७७ |
| ५ | नेपाली | १०३ | ४८ | ५५ | ०.२२ |
| ६ | हिन्दी | १०१ | ४३ | ५८ | ०.२२ |
| ७ | भोजपुरी | १६ | १३ | ३ | ०.०३ |
| ८ | अन्य | ३ | ३ | ० | ०.०१ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

मातृभाषाको आधारमा जनसङ्ख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस पालिकामा मुख्य मातृभाषाको रूपमा मैथली मातृभाषीहरूको जनसङ्ख्या सबैभन्दा बढी ९१.७५ प्रतिशत, त्यसैगरी थारू मातृभाषा बोल्ने ०३.९९ प्रतिशत, उर्दु मातृभाषा भएकाहरूको जनसङ्ख्या ३.७७ प्रतिशत रहेको छ। बाँकी अन्य विभिन्न मातृभाषीहरू रहेका छन। मातृभाषाको आधारमा यो नगरपालिका नेपाली मातृभाषीको बाहुल्यता रहेको तथ्याङ्कले देखाउँछ।

**तालिका १.७ अपाङ्गताका आधारमा पालिकाको जनसङ्ख्या बनोट**

| वडा | जनसंख्या | | | | प्रतिषत |
|---|---|---|---|---|---|
| | जम्मा | अपांगता भएका | अपांगता नभएका | प्रतिक्रिया नदिएका | |
| **जम्मा** | ४६०१७ | ७४९ | ४५२६८ | ० | १.६३ |
| १ | ४१७० | ८४ | ४०८६ | ० | २.०१ |
| २ | ५२३५ | १०० | ५१३५ | ० | १.९१ |
| ३ | ५९३५ | ११६ | ५८१९ | ० | १.९५ |
| ४ | १७१३ | २९ | १६८४ | ० | १.६९ |
| ५ | ६१६३ | १२८ | ६०३५ | ० | २.०८ |
| ६ | ३१७८ | २५ | ३१५३ | ० | ०.७९ |
| ७ | ४४१२ | ५८ | ४३५४ | ० | १.३१ |
| ८ | ४५२३ | ११६ | ४४०७ | ० | २.५६ |
| ९ | ५२६६ | ५७ | ५२०९ | ० | १.०८ |
| १० | ५४२२ | ३६ | ५३८६ | ० | ०.६६ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

## घ. आर्थिक अवस्थाको विश्लेषण

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भुकम्पका कारण सन् २०१५/१६ (०.८ प्रतिशत) र बिगतको कोभिड–१९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्यून (२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भुकम्प पछिको वर्ष  २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रूपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हाराहारीमा रहेको छ ।

नेपालको सन् २०१९ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १०८० अमेरिकी डलरका आधारमा विश्व बैकको वर्गीकरणअनुसार न्यून आय भएको मुलुकबाट न्यून–मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पुरा भएको छ । सन् २०१९ को राष्ट्रिय कुल गार्हस्थ उत्पादन (GDP) सन् २००९/१० को भन्दा करिब तीन गुणाले वृद्धि भई रु.३७६७ अरब रहेको छ भने यसअनुसार प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु.१.२६ लाख हुन आउँदछ ।

बोदेबर्साइन नगरपालिकाको ९०% भन्दा मानिस कृषि पेशामा संलग्न भएको पाइन्छ । यस क्षेत्रको कृषकहरु मूलत धान, मकै, गहुँ जस्ता अन्नवाली बदाम, मसुरी, खेसारी, रहर जस्ता दलहनवाली तोरी, तोर, आलस जस्ता तेलहन वालीको खेती गर्ने गर्दछन् । पछिल्लो समयमा आएर कृषकहरु तरकारी खेती र फलफूल खेतीमा आकर्षित भएको देखिन्छ । आलु, भण्टा, सिमी, काउली, मूला, परवल जस्ता प्रमुख रुपमा तरकारी खेती लगाइन्छ भने आँप, केरा, लिची, अम्वा, नरियल र कागती जस्ता फलफूलहरु उत्पादन गर्ने गर्दछन् । साथै कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन बोदेबर्साइन नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ । यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न उन्नत जातको पशुपालन, माछापालन, कुखुरापालन, बीउ विजन, व्यवसायिक खेती, व्यापार, रोजगार, ज्याला, मजदुरी तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यसका अलावा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ ।

**तालिका १.८ शिक्षा बजेट: बोदेबर्साइन नगरपालिका**
**स्रोतगत बजेट विनियोजन**

आ. व : २०८३/८४ बजेट उपशीर्षक: बोदेबर्साइन नगरपालिका-शिक्षा

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट |
|---|---|---|
| १ | शैक्षिक सामग्री निर्माण सम्बन्धी कार्यशाला तथा विज्ञान प्रदर्शनी मेला | २००००.०० |
| २ | भ्क्रम कक्षाका बालमैत्री शिक्षण व्यवस्थापनका लागि स.का.हरुको क्षमता विकास तालिम | ६०००००.०० |
| ३ | कक्षा ८ को द्यीभ परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमनमा थप सहयता कार्यक्रम | ४०००००.०० |
| ४ | प्रति विद्‌यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्मका कक्षा ८ बाहेकका प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक र वार्षिक परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि | १००००००.०० |

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट |
|---|---|---|
| | विद्यालयका थप सहयता अनुदान कार्यक्रम | |
| ५ | शिक्षा शाखा सञ्चालन विभिन्न ऐन कानून छपाई एवम् प्र.अ., शिक्षा समिति लगायत बैठक सञ्चालन खर्च | १५००००.०० |
| ६ | विद्यार्थीको स्तर परीक्षण (सिकाइ उपलब्धि परीक्षण) र विद्यालयलाई पृष्ठपोषण, विद्यार्थी प्रगति प्रतिवेदन र अनुगमन | १०००००.०० |
| ७ | शैक्षिक क्यालेण्डर निर्माण (डिजाइन), छपाई र वितरण | १५००००.०० |
| ८ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा कार्यक्रम (नगर छनोट, जिल्ला छनोट समेत) | ७०००००.०० |
| ९ | कक्षा ६ देखि ८ सम्मका स्थानीय पाठ्यक्रम आधारमा पाठ्यपुस्तक, शिक्षक निर्देशिका, मूल्याङ्कन मापदण्डको इ-कपी निर्माण तथा २ दिने शिक्षक | ९०००००.०० |
| १० | चन्द्रा शत्रुघ्न क्याम्पसका लागि शैक्षिक अनुदान | १५०००००.०० |
| ११ | शैक्षिक क्यालेण्डर अनुसार नगर स्तरीय शुक्रबारे कार्यक्रम -(२ चरण) | ६५००००.०० |
| १२ | कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरुका लागि गृहकार्य डायरी | ९९०००.०० |
| १३ | मा.वि.के. सहयोगी कार्यकर्ता, विद्यालय सहायक, आया र विद्यालय सहयोगी नगरबाट थप पारिश्रमिक | ३८२४०००.०० |
| १४ | शैक्षिक गुणस्तरका लागि सहजकर्ताको थप पारिश्रमिक | १५००००.०० |
| १५ | श्री सरस्वती आ.वि.मा.वि. महुनारी शिक्षक अनुदान | ३६००००.०० |
| १६ | श्री हंसराज कागती आ.वि. मधुवन शिक्षक अनुदान | ३६००००.०० |
| १७ | श्री राष्ट्रिय आ.वि. कुरामहार शिक्षक अनुदान | ७२००००.०० |
| १८ | श्री वंशनी मा.वि. रा.प्रा.वि. सिहुट शिक्षक अनुदान | ३६००००.०० |
| १९ | श्री राष्ट्रिय आ.वि. भाटिन शिक्षक अनुदान | १८००००.०० |
| २० | श्री राष्ट्रिय आ.वि. खमघडा शिक्षक अनुदान | ६०००००.०० |
| २१ | श्री सामुदायिक राष्ट्रिय शिवशंकर प्रा.वि. हँडी शिक्षक अनुदान | ३६००००.०० |

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | वार्षिक बजेट |
|---|---|---|
| २२ | श्री राजाजी जनता मा.वि. कञ्चन शिक्षक अनुदान | २८००००.०० |
| २३ | प्राविधिक शिक्षालयमा जनशक्ति, फर्निचर फिक्स्चर व्यवस्थापन एवम् तालिम तथा सञ्चालन | १००००००००.०० |
| | **जम्मा** | **२३६४३०००.००** |

*शिक्षा शाखा, बोदेबर्साइन नगरपालिका बजेट २०८३।८४*

## ङ. बोदेबर्साइन नगरपालिकाको शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका र सरकारी लगानीमा सञ्चालन भएका गरी दुई प्रकारका विद्यालयहरू सञ्चालनमा छन् । यसै गरी बोदेबर्साइन नगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका विद्यालयहरू सञ्चालनमा आएका छन् । यस खण्डमा बोदेबर्साइन नगरपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दिगो विकासका लक्ष्यहरूको सन्दर्भ चर्चा गरिएको छ।

### अ. नीतिगत प्रबन्ध

नेपालको संविधानले शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ जसअन्तर्गत धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेख छ । जसअनुसार प्रत्येक नागिरकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागिरकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहिन नागिरकलाई ब्रेललिपि, बहिरा तथा बोलाईसम्बन्धी समस्या भएका नागिरकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। यसै गरी नेपालको संविधानमा बालबालिकाको हकअन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ । साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख छ। त्यसै गरी दलितको हकअन्तर्गत आधारभूत तहबाट उच्च तह सम्म छात्रवृत्तिसहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ। त्यसैगरी नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक प्राविधिक व्यावसायिक सिपमूलक, रोजगारमूलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ । साथै नागिरकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्द्धन गर्ने कुरा उल्लेख छ । त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हकअन्तरगत उपधारा(५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकअन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई

परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरी संविधानको धारा ४० मा दलितको हकअन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ भन्ने व्यवस्था गरिएको छ । संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत उपधारा (२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ । संविधानको धारा ४७ मा मौलिक हकहरूको कार्यान्वयन लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ ।

त्यस्तै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरूअन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ ।

नेपालको संविधानको अनुसूची ५ मा केन्द्र सरकार वा सङ्घको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरूमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ । त्यस्तै गरी संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकार मा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, सङ्ग्रहालय तोकिएको छ साथै संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीभित्र शिक्षासम्बन्धी अधिकारहरूमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूची ७ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचीभित्र शिक्षासमेत समावेश गरिएको छ । नेपालको संविधानले सङ्घ प्रदेश तथा स्थानीय तहलाई निर्दिष्ट गरेका एकल वा साझा अधिकारहरूको व्यावहारिक रूपमा कार्यान्वनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरूको लागि आपसी समन्वय, सहकार्य र सह-अस्तित्व आजको आवश्यकता हो ।

त्यसैगरी चालु अवस्थामा रहेको १६ औँ आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पस्ट मार्गनिर्देशन गरेको छ । यस योजनाले पनि गुणस्तरीय शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरूमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा सङ्घीय संरचनाअनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन् ।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । त्यसैगरी यस नीतिले उद्देश्यहरूमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको

प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सिपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ सँस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best practices) लाई सम्मिलन (fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अनियमित शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानुनी  दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नुर व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्तावेजहरू हुन्। संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वय आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरू पूरा गर्न प्रतिबद्धता व्यक्त गरिसकेको अवस्थमा यसले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने लक्ष्यले पनि प्रदेशको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ। त्यस्तै १६ औँ आवधिक योजनामा गुणस्तरीय शिक्षामार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ। यसैगरी विद्यालय शिक्षा क्षेत्र योजना (२०७३-२०७८) ले समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागिरकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता गणितीय सिप्र तथा आधारभूत जीवनोपयोगी सिपको विकासको अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एवम् समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्यमान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रवर्तनात्मक र मूल्यउन्मुख नागिरकको विकासमा योगदान पुर्याउने दूरदृष्टि राखेको छ।

त्यसैगरी यस नगरपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरू रहेका छन्:

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन र नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- नगर शिक्षा समिति गठन र व्यवस्थापन,

- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवम् कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

### आ. अवस्था, उपलब्धी र अन्तर

#### अवस्था

यस बोदेबर्साइन नगरपालिकाको स्थापनासँगै नगरपालिकाले शिक्षामा विशेष जोड दिँदै आएको छ। हरेक वर्ष शिक्षा क्षेत्रको वजेट विस्तारका साथै भौतिक पूर्वाधारमा सुधार शैक्षिक गुणस्तरमा सुधार शैक्षिक उपलब्धि हासिल लगायतका सम्पूर्ण पक्षको विस्तार हुँदै आएको छ। यस नगरपालिकामा पछिल्ला दिनहरूमा शिक्षाको पहुँचमा केही सुधार भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चितता एक मुख्य चुनौतीको विषय हो। साथै अभिभावकहरूको चासोमा कमी तथा सहभागितामा कमी पनि एउटा मुख्य समस्या तथा चुनौतीको विषय रहेको छ।

यस नगरपालिकाको जनगणना २०७८ अनुसार साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ६७.९८ रहेको छ भने अझै पनि ३२.०२ प्रतिशत जनसङ्ख्या निरक्षर रहेको छ। महिलाभन्दा पुरुषको साक्षरता प्रतिशत करीब २४ प्रतिशतले बढी रहेको छ। हाल यसमा केही सुधार आएको अनुमान गर्न सकिन्छ।

**तालिका १.९ साक्षरताको अवस्था**

| सि.नं. | विवरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | जम्मा जनसंख्या (५ वा सो भन्दा बढी उमेरका) | ४१५२१ | २०४०३ | २१११८ |
| २ | पढ्न लेख्न सक्ने | २८२२६ | १६३३३ | ११८९३ |
| ३ | पढ्न मात्र सक्ने | २१३ | ८४ | १२९ |
| ४ | पढ्न लेख्न नसक्ने | १३०८१ | ३९८६ | ९०९५ |

| | | | | |
|---|---|---|---|---|
| **५** | उल्लेख नभएको | १ | ० | १ |
| **६** | साक्षरता दर | ६७.९८ | ८०.०५ | ५६.३२ |

*स्रोतः केन्द्रिय तथ्यांक विभाग २०७८*

बोदेबर्साइन नगरपालिकाको शिक्षाको अवस्थालाई विश्लेषण गर्दा यस नगरपालिकाभित्र सामुदायिक रूपमा सञ्चालित ३० वटा प्रारम्भिक बालविकास केन्द्र, २५ वटा आधारभूत विद्यालय (कक्षा १ देखी ८ सम्मका ६ वटा विद्यालय र कक्षा १ देखी ५ सम्म मात्र चलेका १९ वटा विद्यालय) , ५ वटा माध्यमिक विद्यालय (कक्षा १ देखी १० सम्म मात्र २ वटा विद्यालय र कक्षा १ देखी १२ सम्म चलेका ३ वटा विद्यालय) गरी जम्मा ३० वटा विद्यालय रहेका छन् । यस पलिकामा जम्मा १३ वटा आधारभूत तह सम्मका संस्थागत विद्यालयहरू मात्र रहेका छन् । तहगत रूपमा हेर्दा आधारभूत तहमा सामुदायिक तर्फ २५ र संस्थागत तर्फ १३ गरी ३८ वटा रहेका छन् भने माध्यमिकतर्फ सामुदायिकतर्फ मात्र ५ वटा विद्यालय रहेका छन् । सामुदायिक तर्फ आधारभूतका विद्यालयहरू ६५.७९ प्रतिशत छन् भने माध्यमिक विद्यालयहरू सबै ५ वटै १०० प्रतिशत सामुदायिक तर्फ नै रहेका छन् । त्यसैगरी आधारभूत भित्र कक्षा १-५ का २८ वटा (७३.६८ प्रतिशत) विद्यालयहरू छन भने १-८ का विद्यालयहरू १० वटा (२६.३२ प्रतिशत) रहेका छन् । त्यसैगरी माध्यमिक तर्फ कक्षा १ देखि १२ सम्म पढाइ हुने विद्यालय सङ्ख्या ३ वटा (६० प्रतिशत) र १-१० सम्मका पढाइ हुने २ वटा (४० प्रतिशत) विद्यालयहरू रहेका छन् ।

बोदेबर्साइन नगरपालिका शिक्षा शाखा को तथ्याङ्क अनुसार शैक्षिक सत्र २०८१ मा यस नगरपालिका भित्र सामुदायिक विद्यालयको प्रारम्भिक बालविकासमा १००० जना बालबालिकाहरू अध्ययनरत छन् । आधारभूत तह (१-८) मा ६७३३ जना विद्यार्थीहरू, माध्यामिक तह (९-१२ ) मा १८४० जना विद्यार्थीहरू गरी ECD देखि कक्षा १२ सम्म जम्मा ९५७३ जना विद्यार्थीहरू रहेका छन् । जसअनुसार ECD बाहेक सामुदायिकतर्फ आधारभूत तहमा ७८.५४ र माध्यमिक तहमा २१.४६ प्रतिशत रहेका छन् । आधारभूत तहमा पनि सामुदायिक विद्यालय कक्षा १ देखि ३ सम्मा छात्रा १३७१ तथा छात्र १३७१ गरी जम्मा २७४२, कक्षा १ देखि ५ सम्ममा छात्रा २२८३ तथा छात्र २१९१, अन्य १ गरी गरी जम्मा ४४७५, र कक्षा ६ देखि ८ सम्ममा छात्रा ११९७, छात्र १०५८ र अन्य ३ जना गरी जम्मा २२५८ जना विद्यार्थीहरू रहेका छन् । लैङ्गिकताको आधारमा हेर्दा समग्र विद्यालयमा सामुदायिकतर्फ छात्राको ५०.५९ प्रतिशत भर्ना छन् भने छात्र ४९.३६ प्रतिशत मात्र छन् । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राको प्रतिशत केही बढी रहेको छ ।

त्यसैगरी संस्थागत विद्यालायतर्फको प्रारम्भिक बालविकासमा ९२४ जना बालबालिकाहरू अध्ययनरत छन् । आधारभूत तह (१-५) मा १८७२ जना विद्यार्थीहरू, आधारभूत तह (६-८ ) मा १९० जना विद्यार्थीहरू गरी प्रारम्भिक बालविकास देखी कक्षा ८ सम्म जम्मा २९८६ जना विद्यार्थीहरू रहेका छन् ।

**तालिका १.१० पालिका अन्तर्गतका विद्यालयहरूमा रहेका विद्यार्थी विवरण ।**

| **तह** | **लिङ्ग** | **सामुदायिक विद्यालय (३०) धार्मिक ४ समेत** | **संस्थागत विद्यालय (१३)** | **जम्मा** |
|---|---|---|---|---|
| **इसिडि/पिपिसि** | छात्रा | ४२२ | ३४३ | ७६५ |
| | छात्र | ४५५ | ६१३ | १०६८ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ८७७ | ९५६ | १८३३ |
| **१** | छात्रा | ५१६ | २५६ | ७७२ |
| | छात्र | ५३५ | ५४० | १०७५ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | १०५१ | ७९६ | १८४७ |
| **२** | छात्रा | ४३० | १७२ | ६०२ |

| | | | | |
|---|---|---|---|---|
| | छात्र | ३९७ | ३६९ | ७६६ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ८२७ | ५४१ | १३६८ |
| ३ | छात्रा | ४३३ | १३१ | ५६४ |
| | छात्र | ४७३ | २५४ | ७२७ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ९०६ | ३८५ | १२९१ |
| **कक्षा १ देखी ३ जम्मा** | छात्रा | १३७९ | ५५९ | १९३८ |
| | छात्र | १४०५ | ११६३ | २५६८ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २७८४ | १७२२ | ४५०६ |
| ४ | छात्रा | ४२५ | ७९ | ५०४ |
| | छात्र | ३३९ | २७३ | ६१२ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ७६४ | ३५२ | १११६ |
| ५ | छात्रा | ४४२ | ६९ | ५११ |
| | छात्र | ३७९ | १८३ | ५६२ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ८२१ | २५२ | १०७३ |
| **कक्षा १ देखी ५ जम्मा** | छात्रा | २२४६ | ७०७ | २९५३ |
| | छात्र | २१२३ | १६१९ | ३७४२ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ४३६९ | २३२६ | ६६९५ |
| ६ | छात्रा | ३७८ | ७८ | ४५६ |
| | छात्र | ३२५ | २०३ | ५२८ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ७०३ | २८१ | ९८४ |
| ७ | छात्रा | ३६३ | ४६ | ४०९ |
| | छात्र | ३०५ | ८७ | ३९२ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ६६८ | १३३ | ८०१ |
| ८ | छात्रा | ४३३ | ४ | ४३७ |
| | छात्र | ३८६ | ९ | ३९५ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ८१९ | १३ | ८३२ |
| **कक्षा ६ देखी ८ जम्मा** | छात्रा | ११७४ | १२८ | १३०२ |
| | छात्र | १०१६ | २९९ | १३१५ |

| | | | | |
|---|---|---|---|---|
| | अन्य | ० | ० | ० |
| | जम्मा | २१९० | ४२७ | २६१७ |
| **कक्षा १ देखी ८ जम्मा** | छात्रा | ३४२० | ८३५ | ४२५५ |
| | छात्र | ३१३९ | १९१८ | ५०५७ |
| | अन्य | ४ | ० | ४ |
| | जम्मा | ६५५९ | २७५३ | ९३१२ |
| **९** | छात्रा | २५१ | ० | २५१ |
| | छात्र | २७३ | ० | २७३ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ५२४ | ० | ५२४ |
| **१०** | छात्रा | २९२ | ० | २९२ |
| | छात्र | २६४ | ० | २६४ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ५५६ | ० | ५५६ |
| **११** | छात्रा | २२४ | ० | २२४ |
| | छात्र | २०५ | ० | २०५ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ४२९ | ० | ४२९ |
| **१२** | छात्रा | १२३ | ० | १२३ |
| | छात्र | १६९ | ० | १६९ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | २९२ | ० | २९२ |
| **कक्षा ९ देखी १२ जम्मा** | छात्रा | ८९० | ० | ८९० |
| | छात्र | ९११ | ० | ९११ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | १८०१ | ० | १८०१ |
| **कक्षा ईसिडि देखी १२ जम्मा** | छात्रा | ४७३२ | ११७८ | ५९१० |
| | छात्र | ४५०५ | २५३१ | ७०३६ |
| | अन्य | ० | ० | ० |
| | जम्मा | ९२३७ | ३७०९ | १२९४६ |

**स्रोत: बोदेबर्साइन  नगरपालिका शिक्षा शाखा *EMIS* २०८२**

प्रस्तुत तथ्याङ्क (बोदेबर्साइन नगरपालिका शिक्षा शाखा EMIS २०८२) को आधारमा पालिका अन्तर्गतका विद्यालयहरूमा रहेका विद्यार्थी विवरणको संक्षिप्त विश्लेषण निम्नानुसार गरिएको छ:

### १. कुल विद्यार्थी र विद्यालयको अवस्था

- पालिकामा **जम्मा १२,९४६ जना विद्यार्थी** अध्ययनरत छन्। जसमध्ये **सामुदायिक विद्यालयमा ९,२३७ जना (७१.३५%)** र **संस्थागत विद्यालयमा ३,७०९ जना (२८.६५%)** विद्यार्थी छन्। यसले पालिकामा सामुदायिक विद्यालयको उपस्थिति र निर्भरता निकै उच्च देखाउँछ।
- संस्थागत विद्यालयमा कक्षा ९ देखि १२ सम्म विद्यार्थी संख्या शून्य (वा तथ्याङ्कमा नदेखिएको) छ, जसले गर्दा माध्यमिक र उच्च माध्यमिक शिक्षा पूर्ण रूपमा सामुदायिक विद्यालयले धानेको देखिन्छ।

### २. तहगत विद्यार्थी वितरण (ड्रपआउटको संकेत)

तथ्याङ्कलाई हेर्दा प्राथमिक कक्षाबाट माथिल्लो कक्षामा जाँदा विद्यार्थी संख्या क्रमशः घट्दै गएको (Dropout Rate उच्च रहेको) देखिन्छ:

- **कक्षा १-३ (जम्मा):** ४,५०६ जना
- **कक्षा ४-५ (जम्मा):** २,१८९ जना *(कक्षा १-३ को तुलनामा आधाभन्दा कम)*
- **कक्षा ६-८ (जम्मा):** २,६१७ जना
- **कक्षा ९-१२ (जम्मा):** १,८०१ जना *(कक्षा १२ मा आइपुग्दा विद्यार्थी संख्या घटेर मात्र २९२ पुगेको छ)*

यसले प्राथमिक तहमा भर्ना दर उच्च भए पनि माध्यमिक तहसम्म पुग्दा धेरै विद्यार्थीले पढाइ छाड्ने गरेको गम्भीर अवस्था संकेत गर्छ।

### ३. लैङ्गिक विश्लेषण (छात्रा र छात्रको अनुपात)

समग्र पालिकामा (ECD देखि १२ सम्म) **छात्र ७,०३६** र **छात्रा ५,९१०** जना छन्।

- **सामुदायिक विद्यालयमा:** छात्राको संख्या (४,७३२) छात्रको संख्या (४,५०५) भन्दा बढी छ। यसले सामुदायिक विद्यालयमा छोरीहरूको पहुँच राम्रो रहेको देखाउँछ।
- **संस्थागत (निजी) विद्यालयमा:** छात्रको संख्या (२,५३१) छात्राको संख्या (१,१७८) भन्दा **दोब्बर बढी** छ। यसले अभिभावकहरूले छोरालाई निजी र छोरीलाई सरकारी विद्यालयमा पठाउने लैङ्गिक विभेदको मानसिकता अझै कायम रहेको प्रष्ट पार्छ।

### ४. शिक्षक-विद्यार्थी अनुपात र जनशक्ति

- पालिकामा कुल शिक्षकहरूमध्ये **६३.०३% आधारभूत तहमा** र मात्र **१७.०६% माध्यमिक तहमा** कार्यरत छन्।
- **शिक्षक-विद्यार्थी अनुपात:**
    - प्रारम्भिक बालविकास (ECD): १ शिक्षक बराबर २४ विद्यार्थी (सन्तोषजनक)
    - कक्षा १-५: १ शिक्षक बराबर ४२ विद्यार्थी
    - समग्र आधारभूत र माध्यमिक तह: **१ शिक्षक बराबर ५१ विद्यार्थी**

**मुख्य निष्कर्ष तथा सुझाव:**

१ शिक्षक बराबर ५१ विद्यार्थी हुनु राष्ट्रिय मापदण्ड भन्दा बढी हो, जसले गर्दा कक्षाकोठा व्यवस्थापन र सिकाइ गुणस्तरमा असर पर्न सक्छ। साथै, संस्थागत विद्यालयमा देखिने लैङ्गिक खाडल (छोरा र छोरीको विभेद) लाई कम गर्न र माध्यमिक तहमा विद्यार्थी टिकाई राख्न पालिकाले विशेष छात्रवृत्ति तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

**तालिका १.११ पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा रहेका शिक्षकहरूको विवरण**

| क्र.स | तह | स्थायी | राहत | अस्थायी/ अनुदान | करार | जम्मा | कैफियत (महिला) |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१–५) | ९५ | २८ | १९ | | १४२ | ३५ |
| २ | आधारभूत तह (६–८) | १६ | ११ | | | २७ | ८ |
| ३ | माध्यमिक तह (९–१०) | १८ | ६ | | | २४ | २ |
| ४ | माध्यमिक तह (प्राविधिक धार ९–१२) | | | | ८ | ८ | ० |
| ५ | माध्यमिक तह (११–१२) | | | | ४ | ४ | ० |
| ६ | पूर्वप्राथमिक शिक्षक (बालविकास केन्द्र सहजकर्ता) | | | | ४२ | ४२ | ४२ |
| | **जम्मा** | **१२९** | **४५** | | **५४** | **२४७** | **८७** |

प्रस्तुत तथ्याङ्क (तालिका १.११) को आधारमा बोदेबर्साइन नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको मौजुदा अवस्था, दरबन्दीको प्रकृति र लैङ्गिक अवस्थाको विस्तृत विश्लेषण निम्नानुसार गरिएको छ:

### १. शिक्षकहरूको कुल सङ्ख्या र तहगत वितरण (*Teacher Distribution by Level)*

पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्रका सहजकर्तासहित **जम्मा २४७ जना शिक्षक/सहजकर्ताहरू** कार्यरत छन्। जसको तहगत वितरण यस प्रकार छ:

- **प्राथमिक तह (कक्षा १–५):** सबैभन्दा बढी **१४२ जना (५७.४९%)** शिक्षकहरू प्राथमिक तहमै केन्द्रित छन्।
- **निम्न माध्यमिक तह (कक्षा ६–८):** यो तहमा मात्र **२७ जना (१०.९३%)** शिक्षकहरू कार्यरत छन्। अघिल्लो तथ्याङ्क (STR = ९८) सँग तुलना गर्दा विद्यार्थीको उच्च चापको तुलनामा यो शिक्षक सङ्ख्या अत्यन्तै न्यून र अपर्याप्त हो।
- **माध्यमिक तह (कक्षा ९–१२):** कक्षा ९–१० मा २४ जना, प्राविधिक धारमा ८ जना र कक्षा ११–१२ मा ४ जना गरी माध्यमिक तहमा **कुल ३६ जना (१४.५७%)** शिक्षकहरू कार्यरत छन्।
- **पूर्वप्राथमिक तह (ECED):** बालविकास केन्द्रहरूमा **४२ जना (१७.००%)** सहजकर्ताहरू कार्यरत छन्।

### २. दरबन्दीको प्रकृति र शैक्षिक स्थायित्व (*Nature of Appointment)*

शिक्षकहरूको नियुक्ति र दरबन्दीको प्रकारलाई हेर्दा पालिकाको शैक्षिक निरन्तरतामा केही चुनौतीहरू देखिन्छन्:

- **स्थायी शिक्षक (Permanent Teachers):** कुल २४७ मध्ये **१२९ जना (५२.२३%)** शिक्षकहरू मात्र स्थायी दरबन्दीका छन्।
- **राहत तथा अस्थायी शिक्षक:** पालिकामा **४५ जना राहत** र **१९ जना अस्थायी** शिक्षकहरू कार्यरत छन्, जो सबै प्राथमिक र निमावि तहमा मात्र सीमित छन्।
- **करार शिक्षक (Contract/Grant):** जम्मा **५४ जना (२१.८६%)** शिक्षकहरू करार/अनुदानमा कार्यरत छन्। विशेष गरी कक्षा ११–१२ (४ जना), प्राविधिक धार (८ जना) र बालविकास सहजकर्ताहरू (४२ जना) **शतप्रतिशत करारकै भरमा** सञ्चालित छन्। माध्यमिक र उच्च माध्यमिक तहमा एक जना पनि स्थायी शिक्षक नहुनुले माथिल्लो तहको शिक्षा पूर्ण रूपमा अस्थायी वा करार संयन्त्रमा टिकेको प्रष्ट पार्छ।

### ३. शिक्षकको लैङ्गिक अवस्था र महिला प्रतिनिधित्व (*Gender Analysis)*

कुल २४७ शिक्षकहरूमध्ये **८७ जना (३५.२२%) महिला** शिक्षक/सहजकर्ताहरू छन्। तर यसको भित्री वितरणमा ठुलो असन्तुलन देखिन्छ:

- **बालविकासमा शतप्रतिशत महिला:** पूर्वप्राथमिक तहका कुल ४२ जना सहजकर्ताहरूमध्ये **४२ जना नै (१००%) महिला** छन्। अर्थात्, कुल महिला शिक्षक संख्या (८७) को झन्डै आधा हिस्सा (४२ जना) बालविकास सहयोगी कार्यकर्ताले मात्र ओगटेका छन्।
- **माथिल्लो तहमा न्यून प्रतिनिधित्व:** प्राथमिक तह (१–५) मा १४२ मध्ये ३५ जना (२४.६%) र कक्षा ६–८ मा २७ मध्ये ८ जना (२९.६%) महिला शिक्षक छन्। तर कक्षा ९–१० मा २४ जनामा मात्र २ जना महिला छन् भने प्राविधिक धार र कक्षा ११–१२ मा **महिला शिक्षकको सङ्ख्या शून्य (०)** रहेको छ। यसले माथिल्लो शैक्षिक तहहरूमा महिला शिक्षकहरूको प्रतिनिधित्व अत्यन्तै कमजोर रहेको देखाउँछ।

### मुख्य निष्कर्ष र चुनौतीहरू (*Key Takeaways & Gaps*)

१. **उच्च तहमा स्थायी दरबन्दीको शून्यता:** कक्षा ९ देखि १२ सम्म पढाउने स्थायी शिक्षकको अभाव हुनु र प्राविधिक तथा उच्च माध्यमिक शिक्षा पूर्ण रूपमा करार/अनुदानका शिक्षकमा निर्भर हुनुले शिक्षणको स्थायित्व र गुणस्तरमा ठुलो प्रश्नचिह्न खडा गर्छ। २. **लैङ्गिक असंतुलन:** बालविकासमा महिला सहजकर्ता हुनु सकारात्मक भए पनि माध्यमिक र प्राविधिक धारमा महिला शिक्षक शून्य हुनुले विद्यालयहरूमा छात्राका लागि आवश्यक रोल-मोडल वा सहज वातावरण निर्माणमा बाधा पुऱ्याउन सक्छ। ३. **दरबन्दी मिलानको आवश्यकता:** विद्यार्थी संख्याको अनुपात (STR) र तहगत शिक्षक सङ्ख्या (कक्षा ६–८ मा मात्र २७ शिक्षक) बीच तालमेल नमिलेको हुनाले पालिकाले तत्काल राहत, करार र अस्थायी शिक्षकहरूको व्यवस्थापन गर्दै दरबन्दी मिलान वा थप शिक्षक अनुदानको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### तालिका १.१२ पालिकाको शैक्षिक सूचकको अवस्था

उपलब्ध गराइएको **Flash Report 2024-2025 (CEHRD)** को आधिकारिक तथ्याङ्कका आधारमा **बोदे बरसाइन नगरपालिका** को शैक्षिक सूचकहरूको विवरण (तालिका १) निम्नानुसार भरिएको छ:

तालिका १.१२: पालिकाको शैक्षिक सूचकको अवस्था (बोदे बरसाइन नगरपालिका)

- **जिल्लाको नाम:** सप्तरी
- **पालिकाको नाम:** बोदे बरसाइन नगरपालिका

| **सूचक** | **लिङ्ग** | **अवस्था २०२४/२५ (Flash Report को वास्तविक डेटा)** |
|---|---|---|
| **कुल भर्नादर इसिडि पिपिसि (GER - ECD/PPC)** | जम्मा<br>छात्र<br>छात्रा | **९५.१%**<br>१०४.०%<br>८४.३% |
| **खुद भर्नादर इसिडि पिपिसि (NER - ECD/PPC)** | जम्मा<br>छात्र<br>छात्रा | **७४.७%**<br>७१.६%<br>७८.४% |
| **कुल प्रवेशदर कक्षा १ (GIR - Grade 1)** | जम्मा<br>छात्र<br>छात्रा | **१२३.२%**<br>१६०.१%<br>९५.४% |
| **खुद प्रवेशदर कक्षा १ (NIR - Grade 1)** | जम्मा<br>छात्र<br>छात्रा | **९३.६%**<br>९४.८%<br>९२.७% |

| **सूचक** | **लिङ्ग** | **अवस्था २०२४/२५ (Flash Report को वास्तविक डेटा)** |
|---|---|---|
| **कुल भर्नादर कक्षा १ - ५ (GER - Grades 1-5)** | जम्मा<br>छात्र<br>छात्रा | **१५१.३%**<br>१५६.९%<br>१४५.९% |
| **खुद भर्नादर कक्षा १ - ५ (NER - Grades 1-5)** | जम्मा<br>छात्र<br>छात्रा | **९६.१%**<br>९५.५%<br>९६.७% |
| **कुल भर्नादर कक्षा ६ - ८ (GER - Grades 6-8)** | जम्मा<br>छात्र<br>छात्रा | **१०७.२%**<br>१०२.८%<br>१११.६% |
| **खुद भर्नादर कक्षा ६ - ८ (NER - Grades 6-8)** | जम्मा<br>छात्र<br>छात्रा | **९३.६%**<br>९२.६%<br>९४.६% |
| **कुल भर्नादर कक्षा १ - ८ (GER - Grades 1-8)** | जम्मा<br>छात्र<br>छात्रा | **१३५.८%**<br>१३८.५%<br>१३३.०% |
| **खुद भर्नादर कक्षा १ - ८ (NER - Grades 1-8)** | जम्मा<br>छात्र<br>छात्रा | **९५.२%**<br>९४.५%<br>९६.०% |
| **कुल भर्नादर कक्षा ९ - १० (GER - Grades 9-10)** | जम्मा<br>छात्र<br>छात्रा | **९२.९%**<br>९४.५%<br>९१.५% |
| **खुद भर्नादर कक्षा ९ - १० (NER - Grades 9-10)** | जम्मा<br>छात्र<br>छात्रा | **८९.४%**<br>९०.४%<br>८८.४% |
| **कुल भर्नादर कक्षा ११ - १२ (GER - Grades 11-12)** | जम्मा<br>छात्र<br>छात्रा | **४०.५%**<br>४९.६%<br>३३.६% |
| **खुद भर्नादर कक्षा ११ - १२ (NER - Grades 11-12)** | जम्मा<br>छात्र<br>छात्रा | **३१.८%**<br>२९.६%<br>३३.५% |

| सूचक | लिङ्ग | अवस्था २०२४/२५ (Flash Report को वास्तविक डेटा) |
|---|---|---|
| कुल भर्नादर कक्षा ९ - १२ (GER - Grades 9-12) | जम्मा<br>छात्र<br>छात्रा | **६२.८%**<br>६९.९%<br>५६.९% |
| खुद भर्नादर कक्षा ९ - १२ (NER - Grades 9-12) | जम्मा<br>छात्र<br>छात्रा | **५६.३%**<br>५७.१%<br>५५.६% |
| कक्षा ५ सम्मको टिकाउदर (Survival Rate to Grade 5) | जम्मा<br>छात्र<br>छात्रा | **८९.१%**<br>८८.७%<br>८९.७% |
| कक्षा ८ सम्मको टिकाउदर (Survival Rate to Grade 8) | जम्मा<br>छात्र<br>छात्रा | **८६.९%**<br>८५.३%<br>८८.२% |
| कक्षा १० सम्मको टिकाउदर (Survival Rate to Grade 10) | जम्मा<br>छात्र<br>छात्रा | **६४.६%**<br>६५.४%<br>६३.६% |

तथ्याङ्क स्रोत : CEHRD Flash Report 2024-2025 तथा बोदे वर्साइन नपा EMIS Data, 2082

**तालिका १.१३ तह उत्तीर्ण दर, तह दोहोर्याउने दर तथा तह छोड्ने दर**

| सूचक | लिङ्ग | अवस्था २०८० |
|---|---|---|
| कक्षा १ - ५ को उत्तीर्ण दर | जम्मा | 76.1 |
| | छात्र | 74.8 |
| | छात्रा | 77.6 |
| कक्षा १ - ५ को कक्षा दोहोर्याउने दर | जम्मा | 12.1 |
| | छात्र | 12.8 |
| | छात्रा | 11.2 |
| कक्षा १ - ५ को कक्षा छोड्ने दर | जम्मा | 11.9 |
| | छात्र | 12.4 |
| | छात्रा | 11.2 |
| कक्षा १ - ८ को उत्तीर्ण दर | जम्मा | 78.2 |
| | छात्र | 77.7 |
| | छात्रा | 78.2 |
| कक्षा १ - ८ को कक्षा दोहोर्याउने दर | जम्मा | 12.6 |

| | | |
|---|---|---|
| | छात्र | **12.85** |
| | छात्रा | **12.3** |
| **कक्षा १ - ८ को कक्षा छोड्ने दर** | जम्मा | **9.25** |
| | छात्र | **9.45** |
| | छात्रा | **8.9** |
| **कक्षा ९ - १० को उत्तीर्ण दर** | जम्मा | **98.1** |
| | छात्र | **98.2** |
| | छात्रा | **98.0** |
| **कक्षा ९ - १० को कक्षा दोहोर्याउने दर** | जम्मा | **1.9** |
| | छात्र | **1.8** |
| | छात्रा | **2.0** |
| **कक्षा ९ - १० को कक्षा छोड्ने दर** | जम्मा | **0.0** |
| | छात्र | **0.0** |
| | छात्रा | **0.0** |

तथ्याङ्क स्रोत : CEHRD Flash Report [2024-2025] तथा EMIS Data, 2082

प्रस्तुत विवरण र तालिका १.१३ मा दिइएको तथ्याङ्क (CEHRD Flash Report तथा EMIS Data) का आधारमा बोदेबर्साइन नगरपालिकाका विद्यालयहरूको **तह उत्तीर्ण दर, तह दोहोर्याउने दर तथा तह छोड्ने दर** को विस्तृत विश्लेषण निम्नानुसार गरिएको छ:

### १. प्राथमिक तह (कक्षा १ - ५) को अवस्था

- **उत्तीर्ण दर:** कक्षा १-५ को औसत उत्तीर्ण दर **७६.१%** रहेको छ। यसमा छात्रको तुलनामा छात्राको प्रदर्शन केही राम्रो देखिन्छ (छात्रा: ७७.६%, छात्र: ७४.८%)।
- **कक्षा दोहोर्याउने र छोड्ने दर:** प्राथमिक तहमा कक्षा दोहोर्याउने दर **१२.१%** र कक्षा छोड्ने (ड्रपआउट) दर **११.९%** छ। यो दर निकै उच्च हो। यसले प्राथमिक तहमै झन्डै २४% विद्यार्थीहरू कि त कक्षा दोहोर्याइरहेका छन् कि त विद्यालय बाहिर गइरहेका छन्।
- **लैङ्गिक पक्ष:** छात्रहरूमा कक्षा दोहोर्याउने दर (१२.८%) र छोड्ने दर (१२.४%), छात्राहरूको तुलनामा (दोहोर्याउने: ११.२%, छोड्ने: ११.२%) बढी देखिन्छ।

### २. आधारभूत तह (कक्षा १ - ८) को समग्र अवस्था

- **उत्तीर्ण दर:** कक्षा १-८ को समग्र उत्तीर्ण दर **७८.२%** छ, जहाँ छात्र र छात्रा दुवैको उत्तीर्ण दर लगभग समान (७७.७% र ७८.२%) रहेको पाइन्छ।
- **टिकाउ र ड्रपआउट दर:** कक्षा १-८ को कक्षा छोड्ने दर **९.२५%** छ। यो प्राथमिक तह (११.९%) भन्दा केही कम देखिए पनि समग्रमा अझै चिन्ताजनक छ। पाठगत विवरण अनुसार कक्षा ५ सम्म पुग्दा विद्यार्थीको अवस्था र कक्षा ८ सम्मको टिकाउ दर ८५.९% रहनुले १५% भन्दा बढी बालबालिका आधारभूत तह नसक्दै बाहिरिने गरेको देखाउँछ।
- **कक्षा दोहोर्याउने दर:** यो तहमा कक्षा दोहोर्याउने दर **१२.६%** पुगेको छ, जसले माथिल्ला कक्षाहरू (६-८) मा पुगेपछि विद्यार्थीहरू अनुत्तीर्ण हुने वा कक्षा दोहोर्याउनुपर्ने बाध्यता बढेको संकेत गर्छ।

### ३. माध्यमिक तह (कक्षा ९ - १०) को अवस्था

- **उत्तीर्ण दर:** कक्षा ९-१० मा उत्तीर्ण दर **९८.१%** (छात्र: ९८.२%, छात्रा: ९८.०%) निकै उत्साहजनक र उच्च देखिन्छ।
- **कक्षा दोहोर्याउने र छोड्ने दर:** यो तहमा कक्षा दोहोर्याउने दर मात्र **१.९%** छ भने कक्षा छोड्ने दर **०.०%** (शून्य) रहेको छ।

**तथ्याङ्कको भित्री विरोधाभास (Data Anomaly):** तालिकामा कक्षा ९-१० को उत्तीर्ण दर ९८.१% र छोड्ने दर ०.०% देखाइए तापनि, तलको विस्तृत पाठ (Text) मा **"कक्षा ९-१० को वास्तविक उत्तीर्ण दर ८९.४% मात्र रहेको"** र खुद भर्ना दर ३६.९% मात्र हुनुले धेरै विद्यार्थीहरू कक्षा ९ सम्म पुग्नै पाउँदैनन् भन्ने देखिन्छ। कक्षा १० मा पुगेका सीमित विद्यार्थीहरूको ड्रपआउट दर शून्य देखिए पनि तल्लो कक्षाहरूको ड्रपआउटले गर्दा माध्यमिक तहमा विद्यार्थीको कुल उपस्थिति एकदमै पातलो छ।

### ४. मुख्य चुनौती र निष्कर्ष

- **प्रारम्भिक कक्षामै संकट:** विवरण अनुसार बालविकास (ECD) बाट अनुभव लिएर कक्षा १ मा आउने विद्यार्थी ७८.७% छन्। तर कक्षा १-५ मा प्रति शिक्षक ५८-६० जना विद्यार्थी हुनु र कक्षा ५ को उत्तीर्ण दर ७५.८% मात्र हुनुले जग बलियो हुन नसकेको देखिन्छ।
- **पूर्वाधार र जनशक्तिको असन्तुलन:** नगरपालिकामा १२,७३९ विद्यार्थीका लागि २११ जना शिक्षक मात्र छन्, जसले गर्दा **प्रति शिक्षक विद्यार्थी अनुपात ६०.३७** हुन आउँछ। कक्षा ६-८ मा त यो अनुपात झन् बढेर **९८ विद्यार्थी प्रति शिक्षक** पुगेको छ। यो अत्यधिक चापले गर्दा शिक्षकले व्यक्तिगत ध्यान दिन नसक्दा नै उत्तीर्ण दर सोचे जस्तो बढ्न नसकेको र कक्षा छोड्ने दर नघटेको स्पष्ट हुन्छ।
- **कोभिड-१९ को दीर्घकालीन प्रभाव:** विगतका वर्षहरूको तुलनामा सुधार हुँदै गए तापनि महामारीको लामो प्रभाव र शिक्षक अभावका कारण शैक्षिक गुणस्तरमा ह्रास आएको स्वीकार गरिएको छ।

**सुझाव:** विद्यालय क्षेत्र विकास योजना अन्तर्गत विषय विज्ञ समूह र शैक्षिक सामग्री वितरणका पहलहरू सकारात्मक भए तापनि, पालिकाले विद्यार्थी टिकाउन र ड्रपआउट रोक्नका लागि **कक्षा ६-८ मा शिक्षकको दरबन्दी थप गर्न** र प्राथमिक तहमा सिकाइ उपलब्धि सुधार गर्ने विशेष उपचारात्मक कक्षाहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

## इ. विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८) ले विभिन्न शिक्षासम्बन्धी योजना तथा कार्यक्रमहरू परिकल्पना गरि अगाडि सारेपश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले बोदेबर्साइन नगरपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी चालेता पनि अझै कक्षा ५, ८ र १० को सोचे अनुसार टिकाउ र उत्तीर्ण दर बढेको छैन भने कक्षा दोहोऱ्याउने र छोड्ने दर घटेको छैन।

यस नगरपालिकामा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम न्यूनतम प्याकेज अन्तर्गत विगत २०७७ देखि कार्यन्वयन हुँदै आएको छ। उक्त कार्यक्रमअन्तर्गत हरेक विद्यालयको लागि ९००० का दरले विगत देखि विद्यालयको खातामा पठाइदै आएको छ र उक्त कार्यक्रम कार्यन्वयनको लागि प्रारभिक कक्षा पढाइ कार्यक्रमको सहयोगमा कक्षा १ देखि ३ सम्मका विद्यार्थीका लागि शिक्षण सिकाइ सामग्रीहरू खरिद गरेर वितरण भएका छन्।

त्यसै गरि विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोग कोचिङ मेन्टरिङ कार्यक्रमअन्तर्गत विगत २०७७ साल देखि रकम प्राप्त भएअनुसार उक्त कार्यक्रमका लागि शिक्षक पेसागत सहयोगका लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा नेपाली, गणित, विज्ञान, अङ्ग्रेजी तथा सामाजिक विषयका शिक्षकहरूमध्ये ११ सदस्यीय विषय विज्ञ समूह गठन गरी परिचालन गरिएको छ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

बोदेबर्साइन नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्याहरूमा प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न नसक्नु, नक्साङ्कनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्न नसक्नु, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री सिकाइ वातावरण निर्माण गर्न नसक्नु, सामुदायिक विद्यालयमा अभिभावकहरूको चासो र सकारात्मक सहभागितामा कमी हुनु, पर्याप्त भौतिक पूर्वाधार र उपयुक्त शैक्षिक वातावरणको निर्माण गर्न नसक्नु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रूपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न कठिनाइ हुनु, व्यवहारकुशल सिपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्न कठीन हुनु, व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा आवश्यकताका आधारमा विस्तार गर्न नसक्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न नसक्नु, विद्यालयहरूमा देखिएको विद्यालय छाड्ने र कक्षा दोहोर्याउने दरलाई न्यून गर्न नसक्नु , कक्षा १ देखि ५ सम्ममा कक्षागत शिक्षक दरबन्दी र कक्षा ६ देखि १२ मा  विषयगत शिक्षक दरबन्दीको अभाव पूर्ति गर्न नसक्नु, अन्य विषयको तुलनामा गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि हुन नसक्नु, सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै जानु, विद्यार्थी तथा शिक्षक प्रोत्साहनका कार्यक्रम अपेक्षित रूपमा हुन नसक्नु, शिक्षकको पेसागत विकास कार्यक्रम व्यवस्थित नहुनु, पुस्तकालय, वाचनालय, प्रयोगशाला, खेलमैदान जस्ता सुविधाहरू व्यवस्थित नहुनु, अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन व्यवस्थित नहुनु, आर्थिक रूपमा विद्यालय व्यवस्थापन तथा सञ्चालनमा समस्या, दिवा खाजा रकममा समयानुकूल  वृद्धि गर्न नसक्नु, विद्यार्थी परामर्श कार्यक्रम आवश्यक भए पनि सोसम्बन्धी योजनाबद्ध कार्यक्रम नहुनु, विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेसागत सहयोग व्यवस्थित नहुनु, शिक्षा शाखामा दरबन्दी अनुसारको पदपूर्ति हुन नसक्नु, शिक्षामा स्थानीय तहबाट पर्याप्त बजेट विनियोजन नहुनु, विद्यार्थी प्रतिभा पहिचान तथा राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम व्यवस्थित नहुनु, आधारभूत तह (कक्षा १-५) मा सिकाइ मनोविज्ञान अनुसार बालकेन्द्रित कक्षाहरू सञ्चालन, व्यवस्थापन र योजनाबद्ध  शिक्षण सिकाइमा ध्यान पुर्याउन नसक्नु जस्ता थुप्रै समस्याहरू रहेका छन् ।

त्यसै गरी विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु, विद्यार्थी अनुपातमा शिक्षक दरबन्दि मिलान तथा पुनर्वितरण गर्नु, नगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्दतिलाई व्यबहारिक, बालमैत्री, समावेसी एवं प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, कक्षा छाड्ने र कक्षा दोहोर्याउने दर शुन्यमा झारी अपेक्षित सिकाई उपलब्धी हासिल गर्नु, शिक्षा क्षेत्रमा सुसाशन र उत्तरदायित्व अभिबृद्दि  गर्दै शिक्षकको पेशागत क्षमता अभिबृद्दिका लागि तालिम गोष्ठिको व्यवस्था गर्नु, सम्पुर्ण सामुदायिक विद्यालयहरूमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानीय विषयका पाठ्य पुस्तकको निर्माण तथा वितरण, सुचना सञ्चार प्रविधीले ल्याएका विविध अवसरको सदुपयोग गर्नु जस्ता यस क्षेत्रका प्रमुख चुनौतिहरू रहेका छन् । यसका अलावा प्रारम्भिक बालविकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्ने, आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण, विद्यालयलाई बालमैत्री अपाङ्गमैत्री, लैङ्गिकमैत्री सिकाइ वातावरण निर्माण,  सूचना र प्रविधिको पहुँच सम्पूर्ण विद्यालयमा पुर्याउने, भौतिक  पूर्वाधार  निर्माण मर्मत र शैक्षिक वातावरणको निर्माण, अनिवार्य निशुल्क तथा गुणस्तरीय सिकाइलाई सुनिश्चित गर्ने, व्यवहारकुशल सिपलाई बालविकासदेखि माध्यामिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई जीवनोपयोगी बनाउन, प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने, बालविकास सहयोगी कार्यकर्ता तथा शिक्षकहरूलाई तालिम गोष्ठी सेमिनार को व्यवस्था गर्ने, अनौपचारिक तथा निरन्तर सिकाइलाई  प्रभावकारी बनाउन सामुदायिक अध्ययन केन्द्र सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना तथा सञ्चालन अध्ययनका लागि डिजिटल सामग्रीको विकास तथा वितरण, कक्षा १ देखि ५

सम्ममा कक्षागत शिक्षक दरबन्दी र कक्षा ६ देखि १२ मा विषयगत शिक्षक दरबन्दीको पूर्ति तथा मिलान गर्ने, अन्य विषयको तुलनामा गणित, विज्ञान तथा अङ्ग्रेजी विषयमा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि गर्ने, सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धि गर्ने र अभिभावकको सकारात्मक सहभागिता बढाउने, विद्यालय व्यवस्थापन तथा सञ्चालनका लागि आर्थिक स्रोत जुटाउने, जस्ता चुनौतिहरू रहेका छन्।

समग्रमा, बोदेबर्साइन नगरपालिकाको शिक्षा क्षेत्रको प्रमुख समस्या, समस्याका कारण र समस्याले पारेका असरलाई तलको समस्या वृक्षमा प्रस्तुत गरिएको छ :

बोदेबर्साइन नगरपालिकाको शैक्षिक सूचक (तालिका १.१२), आन्तरिक कार्यक्षमता (तालिका १.१३) र उपलब्ध जनशक्तिको तथ्याङ्कलाई एकीकृत रूपमा हेर्दा यस पालिकाको शिक्षा क्षेत्रमा गम्भीर र बहुआयामिक समस्या तथा चुनौतीहरू रहेका देखिन्छन्। यी मुख्य समस्या र चुनौतीहरूको विस्तृत विश्लेषण निम्नानुसार गरिएको छ:

### १. आधारभूत तहमै सिकाइको कमजोर जग र उच्च ड्रपआउट दर (*High Dropout & Repetition)*

- **भर्ना र टिकाउ दर बीचको ठुलो खाडल:** कक्षा १ मा कुल प्रवेशदर (**१२३.२%**) निकै उच्च छ, जसले प्राथमिक तहमा बालबालिकाको पहुँच राम्रो रहेको देखाउँछ। तर कक्षा ५ सम्म पुग्दा टिकाउ दर घटेर **८९.१%** र कक्षा १० सम्म पुग्दा **६४.६%** मा सीमित हुन पुग्छ। यसले कक्षा १ मा भर्ना भएका करिब **३५% विद्यार्थी माध्यमिक तह नपुग्दै विद्यालयबाट बाहिरिने (ड्रपआउट हुने)** गम्भीर अवस्था देखाउँछ।
- **आन्तरिक कार्यक्षमतामा ह्रास:** कक्षा १–५ मा कक्षा दोहोर्याउने दर **१२.१%** र कक्षा छोड्ने दर **११.९%** छ। यसको अर्थ प्राथमिक तहमै झन्डै **२४% विद्यार्थी** कि त अनुत्तीर्ण भएर एउटै कक्षामा अड्किएका छन् वा विद्यालय छोडिरहेका छन्। यो अवस्थाले प्राथमिक तहको शिक्षण सिकाइ प्रक्रिया अत्यन्तै कमजोर रहेको संकेत गर्छ।

### २. शिक्षक जनशक्तिको चरम अभाव र असन्तुलित वितरण (*Severe Teacher Shortage & High STR)*

- **अत्यधिक विद्यार्थी-शिक्षक अनुपात (STR):** पालिकाभरि १२,७३९ विद्यार्थीका लागि मात्र २११ जना शिक्षक कार्यरत छन्, जसले गर्दा **औसत विद्यार्थी-शिक्षक अनुपात १:६०.३७** हुन आउँछ।
- **कक्षा ६–८ मा गम्भीर संकट:** शिक्षक अभावको सबैभन्दा डरलाग्दो रूप कक्षा ६–८ (निमावि तह) मा देखिन्छ, जहाँ **प्रति शिक्षक विद्यार्थी अनुपात ९८** पुगेको छ। एउटा कक्षामा ९८ जना विद्यार्थी राखेर अध्यापन गराउनुपर्ने बाध्यताले गर्दा शिक्षकले विद्यार्थीमाथि व्यक्तिगत ध्यान दिन असम्भव प्रायः हुन्छ, जसको सीधा असर उत्तीर्ण दरमा परेको छ।
- **तहगत र श्रेणीगत असन्तुलन:** कुल शिक्षकहरूमध्ये ६३.०३% आधारभूत तहमा केन्द्रित छन् भने माध्यमिक तहमा मात्र १७.०६% शिक्षक छन्। त्यस्तै, कुल शिक्षकमध्ये **२५.५९% अस्थायी/करार** र **२१.३२% राहत** शिक्षक छन्। स्थायी शिक्षकको सङ्ख्या (५३.०८%) कम हुनु र ठुलो हिस्सा अस्थायी प्रकृतिको हुनुले शैक्षिक स्थायित्व र जबाफदेहितामा चुनौती थपेको छ।

### ३. निजी र सामुदायिक विद्यालय बीचको लैङ्गिक खाडल (*Gender Disparity in School Choice)*

- **सामुदायिकमा छोरी, निजीमा छोरा:** समग्र पालिकामा छात्र र छात्राको संख्यामा असन्तुलन छ (छात्र: ७,०३६, छात्रा: ५,५१०)। त्यसमा पनि सामुदायिक विद्यालयमा छात्राको सङ्ख्या (४,७३२) छात्रको भन्दा बढी छ। तर संस्थागत (निजी) विद्यालयमा भने छात्रको सङ्ख्या (२,५३१) छात्राको (१,१७८) भन्दा **दोब्बरभन्दा बढी** छ।
- **चुनौती:** यसले अभिभावकहरूमा अझै पनि छोरालाई महँगो निजी विद्यालयमा र छोरीलाई सरकारी विद्यालयमा पठाउने **लैङ्गिक विभेद र पितृसत्तात्मक मानसिकता** बलियो रूपमा कायम रहेको देखाउँछ, जसलाई चिर्नु पालिकाको लागि सामाजिक चुनौती हो।

### ४. गुणस्तरहीन भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको अभाव

- **आधारभूत पूर्वाधारको कमी:** पालिकाका धेरैजसो विद्यालयहरूमा सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, र छात्र/छात्राका लागि छुट्टाछुट्टै बालमैत्री शौचालयको अभाव छ।


- **सिकाइ वातावरणको कमी:** प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) अन्तर्गत कक्षा १–३ सम्म केही सामग्री वितरण गरिए तापनि माथिल्लो कक्षाका लागि पर्याप्त शैक्षिक तथा शिक्षण सामग्री, विज्ञान प्रयोगशाला, र पुस्तकालयको चरम अभाव छ, जसले गर्दा सैद्धान्तिक र घोकन्ते विद्यामा मात्र शिक्षा सीमित भएको छ।

### ५. योजना कार्यान्वयन र अनुगमनमा कमजोरी (*Implementation & Monitoring Challenges)*

- **प्रतिफलविहीन लगानी:** विद्यालय क्षेत्र विकास योजना (SSDP) र विभिन्न कोचिङ/पेसागत मेन्टरिङ कार्यक्रमहरू (विज्ञ समूह परिचालन) विगत २०७७ सालदेखि सञ्चालनमा रहे तापनि पालिकाकै प्रतिवेदन अनुसार **"सोचे अनुसार टिकाउ र उत्तीर्ण दर बढेको छैन भने कक्षा दोहोर्याउने र छोड्ने दर घटेको छैन"**।
- **चुनौती:** कार्यक्रमहरू कागजमा र बजेट खर्चमा मात्र सीमित हुने तर विद्यालय स्तरमा त्यसको प्रभावकारी अनुगमन र जबाफदेहिता तय हुन नसक्नु पालिकाको शिक्षा प्रशासनको मुख्य चुनौती हो।

### निष्कर्ष तथा भावी दिशा

बोदेबर्साइन नगरपालिकाको शिक्षा क्षेत्र **"भर्नादर उच्च तर टिकाउ दर न्यून"** र **"विद्यार्थी सङ्ख्या उच्च तर शिक्षक सङ्ख्या न्यून"** भन्ने विरोधाभासपूर्ण चक्रमा फसेको छ। यो संकटबाट बाहिर निस्कन पालिकाले केवल भौतिक संरचना वा भर्ना अभियानमा मात्र जोड नदिई **कक्षा ६–८ मा तत्काल शिक्षक दरबन्दी थप गर्ने**, प्राथमिक तहमा **सिकाइ उपलब्धि सुधारका लागि विशेष कार्यक्रम** सञ्चालन गर्ने र निजी-सामुदायिक बीचको लैङ्गिक खाडल कम गर्न **छात्रा लक्षित प्रोत्साहन नीति** ल्याउनु अनिवार्य देखिन्छ।




## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

शिक्षामा चुनौतीको प्रभाव जहिले पनि शैक्षिक संस्था र हाम्रा कार्यका परिवेश तथा सङ्गठनभन्दा बाह्य रूपबाट पर्ने भएकाले यिनको विश्लेषणलाई त्यसै अनुरूप हेर्नुपर्छ । शिक्षा क्षेत्रका चुनौतीको विश्लेषण गर्ने विभिन्न विधिमध्ये योजना निर्माण र कार्यान्वनयनका सम्बन्धमा SWOT (Strengths, Weakness, Oppurtunities र Threats सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती) विश्लेषण गर्नु एउटा उपयुक्त विधि मानिन्छ। यो विधि हामीले काम गरिरहेका क्षेत्र, तिनीसँग सम्बन्धित संस्था र हामी व्यक्तिको आन्तरिक र बाह्य व्यवस्थापकिय क्षमता, दक्षता, कार्यकौशलता, निपुणता, असर/परिणाम, उपलब्धि र प्रभावजस्ता पक्षको सबल र कमजोर अवस्थालाई मूल्याङ्कन र बिश्लेषण गरी तिनका कारक तत्त्वहरूको पहिचान सहित आगामी दिनमा केके सुधार गर्न सकिन्छ साथै त्यस क्रममा केके सम्भावित चुनौतीको सामना गर्नुपर्ने हुन्छ भनी पहिचान गर्न प्रयोग गरिन्छ। यस नगरपालिकामा विद्यालय शिक्षा क्षेत्रका सबल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौनीहरूलाई तपशिल अनुसार उल्लेख गर्न सकिन्छ।

**सबल पक्षहरू:**

यस पालिकामा शिक्षा क्षेत्रमा रहेका सबल पक्षहरूलाई तपशिल अनुसार उल्लेख गर्न सकिन्छ।

- प्रायजसो सबै विद्यालयमा प्रारम्भिक कक्षामा सहजीकरण गर्ने सहजकर्ता/प्रारम्भिक कक्षा शिक्षकको व्यवस्था रहेको,

- विद्यार्थी अनुपातमा आधारभुत तहमा शिक्षक दरबन्दी रहेको,
- पालिकामा विभिन्न विषयमा राम्रो अनुभव भएका तथा प्रशिक्षक प्रशिक्षण तालिम लिएका शिक्षकहरूको उपलब्धता रहेको,
- आधारभुत तह अन्तर्गत कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भइ कार्याविनवयनमा रहेको,
- पालिकाले शिक्षा क्षेत्रमा चासो लिएको,
- विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको,
- छोटो अवधिका भएपनि धैरैजसो शिक्षकहरूले आधारभुत तालिम प्राप्त गरेको,
- केही विद्यालयमा प्राविधिक शिक्षाको अध्ययन शुरूवात भएको आदी ।

**कमजोर पक्षहरू:**

यस पालिकामा शिक्षा क्षेत्रमा रहेका कमजोर पक्षहरूलाई तपशिल अनुसार उल्लेख गर्न सकिन्छ ।

- आधारभुत तहमा विद्यार्थी संख्याको तुलनामा शिक्षकको उपलब्धता रहेता पनि मावि तहमा अझैपनि आवश्कता अनुसार शिक्षक दरबन्दी पुर्याउन नसकिएको,
- सबै विद्यालयमा रहेका प्रारम्भिक कक्षामा सरकारले तोकेका मापदण्डहरू पुरा नभएको अवस्था रहेको,
- पालिकाले शिक्षालाई प्राथमिकतामा राखेपनि अझैपनि शिक्षामा पर्याप्त बजेट विनियोजन गर्न नसकेको,
- पालिकामा रहेका सबै विद्यालयहरूका शिक्षकहरूलाई अझैपनि एकिकृत पाठ्यकृम सम्बन्धी तालिमको व्यवस्था गर्न नसकिएको,
- पालिकामा शिक्षक विद्यार्थी अनुपात अनुसारको दरबन्दी मिलान गर्न नसकिएको,
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गइरहेको अवस्था,
- सामुदायिक विद्यालयका अभिभावकहरूले आफ्ना बालबालिकाको पढाइमा खासै चासो नदेखाएको,
- पालिकामा विद्यालय संख्या धैरै तर पालिकाको शिक्षा शाखामा दरबन्दी अनुसारको कर्मचारीको उपलब्धता नरहेको,
- विद्यालयमा रहेका शिक्षण सिकाइ सामग्रीको उचित व्यवस्थापन तथा प्रयोग गर्न नसकिएको,
- प्रशासनिक कार्यबोझका कारण विद्यालयमा आवश्यक सुपरिवेक्षण तथा प्राविधिक सहयोग पुर्याउन नसकिएको,
- मदरसालाई मूल शिक्षा प्रवाहमा ल्याउन नसकिएको ।

**अवसरहरू:**

यस पालिकामा शिक्षा क्षेत्रमा रहेका कमजोर पक्षहरूलाई तपशिल अनुसार उल्लेख गर्न सकिन्छ ।

- शिक्षा तीनवटै स्थानीय सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु,
- विद्यालय शिक्षामा सुधारका लागि नगरपालिकामा विभिन्न कार्यक्रम लागु हुनु,
- नयाँ पुस्ताका माथिल्लो योग्यता प्राप्त शिक्षकको सेवाप्रवेश हुनु,
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको,
- शैक्षिक अभियान्ताहरूको शैक्षिक सुधारमा चासो रहेको,
- विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसस्थाहरूको सहयोग रहेको,
- प्रविधि लगायत अन्य पुवाधार क्रमशः बढ्दै गएको,

- आपुरण तथा सिकाइ वृद्धिका लागि योजना बनेको,
- युवाहरूमा शिक्षाप्रतिको चासो बढ्नु आदी ।

**चुनौतीहरू:**

- प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गर्दै बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्न,
- पिछडिएका वर्गका बालबालिकाहरूलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्न,
- सबै बालबालिकाहरूमा सिकाइ उपलब्धि सुनिश्चत गर्न,
- विद्यार्थी अनुसारको विषयगत शिक्षकको व्यवस्था गर्न,
- सिकाइका लागि उपयुक्त वातावरणको व्यवस्था गर्न,
- सामुदायिक विद्यालयमा अभिभावकहरूको चासो बढाउन,
- शिक्षक दरबन्दी मिलान गर्न,
- शिक्षक विद्यार्थी अनुपात मिलान गर्न,
- नि:शुल्क माध्यमिक शिक्षालाई कार्यन्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको सङ्ख्यालाई विद्यालयमा ल्याउने,
- विद्यालय छोड्ने (Drop Out) विद्यार्थीको अवस्था जान्नका लागि Child Tracking System कायम गर्न,
- आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्नु,
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र शिक्षण सिकाइमा प्रभावकारिता अभिवृद्धि गरी विद्यार्थी सिकाइ उपलब्धिमा सुधार,
- विद्यार्थीहरूलाई विभिन्न कुलतहरूबाट जोगाई सिकाइप्रति उत्प्रेरित गर्नु ।
- प्राविधिक धारका विषयप्रति विद्यार्थीहरूलाई आकर्षित गर्न ।
- प्राविधिक तथा व्यावसायिक धारको स्थापनाका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न,
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई समय सापेक्ष प्रविधियुक्त र कार्यमूलक बनाउन,
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरू समयसापेक्ष बनाउन आदी ।

## १.४ शिक्षा क्षेत्रका अवसरहरू

यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागु गरिएको, शिक्षा तीनवटै स्थानीय सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि नगरपालिकामा विभिन्न कार्यक्रम लागु हुनु, नयाँ पुस्ताका माथिल्लो योग्यता प्राप्त शिक्षकको सेवाप्रवेश हुनु आदि जस्ता यस क्षेत्रका प्रमुख अवसरका रूपमा देखिन्छन् ।

माथि उल्लेख गरिएका चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना र क्षमता विकास पूर्वाधारका रूपमा रहन सक्ने, दिगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको, सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर

सुधारको लागि सकरात्मक जनमत रहेको, शैक्षिक अभियान्ताहरूको शैक्षिक सुधारमा चासो रहेको, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसस्थाहरूको सहयोग रहेको, प्रविधि लगायत अन्य पुवाधार क्रमशः बढ्दै गएको, आपुरण तथा सिकाइ वृद्धिका लागि योजना बनेको, युवाहरूमा शिक्षाप्रतिको चासो बढ्नु जस्ता अवसरहरू रहेका छन् ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२०७२ सालमा जारी गरिएको वर्तमान नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानुनी व्यवस्था गरेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हकलगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढङ्गले अगाडि बढाई स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे स्थानीय शिक्षा योजना (वि.स. २०८२-२०९१) तयार गरिएको छ ।

वि.सं.२०१० को “नेपालमा शिक्षा” नामक योजना कार्यान्वयन भएपछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आएका छन् । प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहस्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा आए । विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्त्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ । यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक सङ्घका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू, बाल क्लवलगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्त्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ । स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्मअनुरूप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजनालगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो ।

शैक्षिक विकेन्द्रीकरणलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढङ्गले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे स्थानीय शिक्षा योजना (वि.स. २०८२-२०९१) निर्माण गर्नु सान्दर्भिक देखिन्छ ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

### २.२ नगरपालिकाको दूरदृष्टि (दीर्घकालीन सोच)

*सुसंस्कृत, समुन्नत, समतामुलक समाज रुपान्तरणको सुनिश्चतता : जीवनोपयोगी, सिपयुक्त, व्यवसायिक, प्रविधियुक्त र गुणस्तरीय शिक्षा बोदेबर्साइनको प्रतिबद्धता ॥*

## २.३ लक्ष्य

सबै बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्दै समतामुलक, गुणस्तरीय शिक्षाको विकास गरी दक्ष, सक्षम, सिर्जनशील, नवप्रवर्तनात्मक, नैतिकवान, प्रतिस्पर्धी, सिपयुक्त र उत्पादनमुखी राष्ट्रप्रेमी नागरिक तयार गर्नु ।

## २.४ उद्‌देश्य

- सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
- समावेशी, समतामुलक, गुणस्तरीय शिक्षाको विकास गर्नु ।
- दक्ष, सक्षम, सिर्जनशील तथा नैतिकवान नागरिक तयार गर्नु ।
- नवप्रवर्तनमा आधारित प्रतिस्पर्धी र सिपयुक्त नागरिक तयार गर्नु ।
- स्थानीय सीप, परम्परागत तथा आधुनिक प्रविधिमा आधारित उत्पादनमुखी राष्ट्र निर्माणका लागि योग्य नागरिक तयार गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- शिक्षकको पेसागत सहायता र पेसागत विकास गर्नु ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा सुनिश्चित गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि गर्नु ।

## २.५ रणनीति

### २.५.१ सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।

- पहुँचको सुनिश्चितताको लागि **"एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व"** कार्यक्रम लागु गर्ने ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, आदि जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउने ।
- सिमान्तकृत र आर्थिक रुपले विपन्न वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरी विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता शैक्षिक सहयोग कार्यक्रम लागु गर्ने ।
- बाल मैत्री, अपांगमैत्री, लैंगिकमैत्री भौतिक संरचना तथा पुर्वाधार बनाउने ।
- बाल मैत्री, अपांगमैत्री, लैंगिकमैत्री कक्षाकोठाको व्यवस्थापन गरिने ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित **पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम** लागु गर्ने ।
- माध्यमिक तहका विद्यार्थीका लागि यातायातको सुविधाको व्यवस्था गर्ने ।
- मदरसामा अध्धयनरत बालबालिकाहरुको लागि आवश्यकता पहिचान तथा सम्बोदन गर्ने ।

### २.५.२ समतामुलक र गुणस्तरिय शिक्षाको विकास गर्नु ।

- कक्षाकोठालाई बालमैत्री तथा सिकारुमैत्री बनाउन शिक्षकलाई मनोवैज्ञानिक रुपमा तयार गर्ने ।
- शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गर्ने
- सम्पूर्ण विद्यालयहरुमा कक्षागत र विषयगत शिक्षक दरबन्दी सुनिश्चितता गर्ने ।
- शिक्षक संख्या कम भएका विद्यालय, लामो विदामा बसेका शिक्षकको सट्टामा तथा प्रस्तावित माध्यमिक विद्यालयहरुमा स्यमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमश गर्दै लग्ने ।
- नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने ।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण तथा **एक वडा एक सिकाइ केन्द्र**लाई विस्तार गरी निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रम सञ्चालनको पुर्ण जिम्मेवारी प्रदान गर्दै लग्ने ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप क्रमश लागु गर्ने ।
- पुस्तकालय, विज्ञान प्रयोगशाला, सुचना तथा सञ्चार प्रयोगशाला, वाचनालय आदीको क्रमश: विकास गरिदै लग्ने ।

### २.५.३ दक्ष, सक्षम, सिर्जनशील तथा नैतिकवान नागरिक तयार गर्नु ।

- विज्ञान र प्राविधिक तथा ब्यावसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्ने ।
- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- विद्यालयहरुमा थप प्राविधिक धारका विषयको पठनपाठन सञ्चालन गर्नका लागि पहल गर्ने ।
- **पढ्दै कमाउँदै कार्यक्रम** लागु गर्ने ।
- स्थानीय तहले प्रत्येक वर्ष एक विद्यालय कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धि तालिम सञ्चालन गर्ने ।
- स्थानीय पाठ्यक्रमको शिक्षणलाई समय सान्दर्भिक स्थानीय परिवेशसँग मेल खानेगरी प्राविधिकमैत्री बनाइदै लग्ने ।
- अनुसन्धानमा आधारित परियोजना कार्यलाई शिक्षण सिकाइको अभिन्न अंग बनाइने ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरूमा स्थानिय सामाग्रीबाट शिक्षक विद्यार्थी तथा अभिभाकको सहभागीतामा **'म बनाउँछु मेरो शैक्षणिक सामाग्री'** कार्यक्रम लागु गर्ने ।
- कक्षाकोठामा सहपाठी सिकाईलाई जोड दिइ **'म सिकाउँछु मेरो एक साथी '** अभियान सन्चालन गर्ने ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागु गर्ने ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान सहितको संस्कार युक्त शिक्षाको व्यवस्थापन गर्ने ।

### २.५.४ नवप्रवर्तनमा आधारित प्रतिस्पर्धी र सिपयुक्त नागरिक तयार गर्नु ।

- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शिक्षक, विद्यार्थी तथा अभिभावकबाट निर्मित **No cost , Low Cost and Local** शैक्षिक सामग्री निर्माण कार्यक्रम लागु गर्ने ।
- बालबालिकाहरूको चौतर्फि विकासको लागि खेलकुद, साहित्य र सिर्जनात्मक कला आदि जस्ता सह तथा अतिरिक्त क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाउने ।
- सूचना प्रविधिलाई सिकाइसँग जोड्न सक्ने गरी भौतिक व्यवस्थापन गर्ने,
- कला, साहित्य, विज्ञान तथा प्रविधि सँग सम्बन्धित प्रतिभा पहिचान कार्यक्रम संचालन गर्ने ।

- एक विद्यालय एक उद्यान कार्यक्रमलाई निरन्तरता गर्ने।
- एक शिक्षक एक शैक्षणिक सामाग्री सहितको झोला कार्यक्रमलाई निरन्तरता गर्ने।
- एक माध्यमिक विद्यालय एक आविष्कार कार्यक्रम सञ्चालन गर्ने।

**२.५.५ स्थानीय सीप, परम्परागत तथा आधुनिक प्रविधिमा आधारित उत्पादनमुखी राष्ट्र निर्माणका लागि योग्य नागरिक तयार गर्नु।**

- स्थानीय तथा परम्परागत सीपमा आधारित एंवम सांस्कृतिक संग्रहालय स्थापना गर्ने।
- समय सान्दर्भिक र व्यहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयबस्तु स्थानीय पाठ्यक्रममा समावेश गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गर्ने।
- बालबालिकाहरुमा श्रम प्रति सकारात्मक भावना जगाउन जीवन उपयोगी सीप एवं गरिखाने शिक्षालाई प्रवर्धन गर्ने कार्यक्रम संचालन गरिने छ।
- एक विद्यालय एक राष्ट्रिय खेलाडी अभियान सञ्चालन गर्ने।

**२.५.६ विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु।**

- विद्यालयको नेतृत्व क्षमता विकास गर्न प्रधानाध्यापक, विव्यस, शिअस र लेखा कर्मचारीहरूको लागि तालिम सञ्चालन गर्ने।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत वृत्ति विकासका लागि पालिकास्तरमा निश्चित कार्यविधि बनाइ लागु गर्ने।
- आवश्यकता अनुसार दरबन्दि मिलान गर्दै शिक्षा ऐन तथा नियमावलिमा तोकिए अनुसार प्रअ व्यवस्थापन गर्दै लग्ने।
- अभिभावक, शिक्षक तथा बिद्यार्थीहरुमा **'मेरो बिद्यालय सुधार्नु, मेरो कर्तब्य'** अभियान संचालन गर्ने l
- संस्थागत विद्यालय नाफा उन्मुख भन्दा गुठी उन्मुख र सामुदायिक विद्यालय स्वार्थपुर्ण राजनीतिक भन्दा समाज उन्मुख कार्यक्रम" सञ्चालन गर्ने।

**२.५.७ शिक्षकको पेसागत सहायता र पेसागत विकास गर्नु।**

- शिक्षकको पेशागत र वृत्ति विकासका लागि पालिकास्तरमा निश्चित कार्यविधि बनाइ लागु गर्ने।
- शिक्षकहरूको पेशागत विकासका लागि मागमा आधारित तालिमहरू सञ्चालन गर्ने र निरन्तर तालिम तथा प्रशिक्षण दिने।
- प्रारम्भिक बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताका लागि पेसागत तथा पुनर्ताजगी तालिमको व्यवस्था गर्ने।

**२.५.८ आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा सुनिश्चित गर्नु।**

- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा विपत योजना, विपत्त कोष स्थापना तथा संचालनका लागि कायविधि विकास गरी सो अनुसार सञ्चालन गर्ने।
- विपद्मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थीति अनुसार वडा वा पालिका मार्फत ReAL plan अनुसार बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याउने
- अन लाइन, इ -लर्निङ, मोबाइल एपस् र भर्चुअल कक्षाबाट शिक्षण सिकाइ संचालन गर्ने l
- शैक्षिक सामाग्री र स्रोतको वितरण तथा लचिलो शिक्षा प्रणालीको सुनिस्चितता गर्ने l

**२.५.९ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु।**

- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान सहितको संस्कार युक्त शिक्षाको व्यवस्थापन गर्ने।

- समुदायको सशक्तिकरण र सचेतीकरण क्षमताको विकास गर्न उद्यमी र स्वरोजगारका लागि मागमा आधारित तालिमको विकास गर्ने ।
- **पढेर होइन परेर मात्र सिकिन्छ** भन्ने मान्यतानुसारको शिक्षाको विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरुबाट ब्यबसायिक तथा जीवन कौशल सीपहरु सिकाउने व्यवस्था गर्ने ।
- जीवन उपयोगी सीपहरु तथा साक्षरता अभियान संचालानको लागि साझेदारी र संजाल विस्तार गर्ने ।

**२.५.१० सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि गर्नु ।**

- बालबालिकाहरूको सिकाइ सुधारको लागि **आमा समुह प्रोत्साहन कार्यक्रम** कार्यविधि तयार गरी लागु गर्ने ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि शिक्षक र अभिभावकहरूको नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- अभिभावक सचेतना कार्यक्रमबाट बालबालिकाको **घरमा पढाइ कुना** व्यवस्थापन गर्ने ।
- बालबालिकाको समस्या समाधान गर्न अभिभावकहरूसंग सहकार्य गर्ने ।
- एक शिक्षक एक शैक्षणिक सामाग्री सहितको झोला कार्यक्रमलाई निरन्तरता गर्ने ।
- एक विद्यालय एक राष्टिय खेलाडी अभियान सञ्चालन गर्ने ।
- एक माध्यमिक विद्यालय एक आविष्कार कार्यक्रम सञ्चालन गर्ने ।
- "संस्थागत विद्यालय नाफा उन्मुख भन्दा गुठी उन्मुख र सामुदायिक विद्यालय राजनितिक भन्दा समाज उन्मुख कार्यक्रम" सञ्चालन गर्ने ।
- पढदै कमाउदै कार्यक्रम सञ्चालन
- मदरसामा अध्धयनरत बालबालिकाहरुको लागि आवश्यकता पहिचान तथा सम्बोदन गर्ने ।

## २.६ कार्यनीति

**पहुँचको सुनिश्चितताको लागि "एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व" कार्यक्रम लागु गर्ने ।**

- बिशेष कारणले विद्यालय जान नसक्ने बालबालिकाहरूको पहिचान गरी उनिहरुको शैक्षिक सहयोगका लागि **बालबालिकासँग पालिका प्रमुख कार्यक्रम लागु गरी** अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ ।
- सबै बालबालिकाहरूको भर्ना सुनिस्चितताका लागी शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा भर्ना अभियान लाई घरदैलो कार्यक्रम मार्फत सञ्चालन गरिनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई प्रभावकारि बनाउन शैक्षिक सामाग्री तथा पोशाक वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी शिक्षक कर्मचारीहरूका सन्ततिहरूलाई सरकारी विद्यालयमा पढाउने नीतिलाई प्रोत्साहन गरिने छ ।

**विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, आदि जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउने ।**

- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा रकममा वृद्धि, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- आधारभुत तहमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी लागु गरिने छ।
- सङ्घीय सरकारबाट छात्रवृत्ति, दिवा खाजा आदि जस्ता शीर्षकमा प्राप्त हुने बजेटमा थप बजेट स्रोत पहिचान तथा विनियोजन गरी ती कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ।
- निजी विद्यालयका रूपमा सञ्चालित शिक्षण संस्थाको सञ्चालन, व्यवस्थापन, शैक्षिक गुणस्तर कायम तथा शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि र मापदण्ड निर्धारण गरी लागू गरिने छ।
- सडक सञ्जालले छोएका तथा विद्यार्थी संख्या बढी भएका सामुदायिक विद्यालयलाई स्कुल बसको सन्चालन र व्यवस्थापन क्रमशः गर्दै लगिने छ।

**सिमान्तकृत र आर्थिक रुपले विपन्न वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरी विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता शैक्षिक सहयोग कार्यक्रम लागु गर्ने।**

- स्थानीय स्रोतमा आधारित **कम मुल्य तथा विना मुल्य**का शैक्षणिक सामग्रीको प्रयोगका लागि प्रोत्साहीत गरिने छ,
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक, मानसिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ।

**बालमैत्री, अपांगमैत्री, लैंगिकमैत्री भौतिक संरचना तथा पुर्वाधार बनाउने।**

- सुरक्षित भौतिक पुर्वाधार सहितको बालमैत्री तथा मनोवैज्ञानिक रूपमा उपयुक्त सिकाई वातावरणयुक्त विद्यालयको विकास गरिने छ।
- प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा छात्रामैत्री र अपांगमैत्री सुविधायुक्त शौचालय बनाइने छ।
- स्वच्छ र बाल स्वास्थ्यमैत्री धारा तथा पिउने पानीको विद्यालय क्षेत्रभित्र नै प्रबन्ध गरिने छ।
- प्रारम्भिक बाल विकास केन्द्रका लागि छुट्टै भवन, बालमैत्री कक्षाकोठा व्यवस्थापन, विभिन्न खेल सामग्रीसहितको बालउद्यानको क्रमश विकास गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने छ।
- सरकारी स्रोत तथा विद्यालयको आन्तरिक स्रोतबाट पर्खाल वा तार घेराबार निर्माण गरी विद्यालयलाई सिकाइका लागि शान्तिपूर्ण क्षेत्र बनाइने छ।
- भौतिक सुधार गर्न सबै सामुदायिक विद्यालयलाई आवश्यकताका आधारमा प्राथमिकिकरण गरि योजना संचालन गरिने छ।

**बाल मैत्री, अपांगमैत्री, लैंगिकमैत्री कक्षाकोठाको व्यवस्थापन गरिने ।**

- पढाइ, लेखाइका सहज र प्रचुर अभ्यासका लागि उमेरअनुसारका बालमैत्री तथा अपांगमैत्री फर्निचरको प्रबन्ध गरिने छ,
- कक्षाकोठामा अपांगमैत्री तथा छात्रामैत्री बसाइ व्यवस्थापन गरिनेछ,
- मदरसा समेतमा पनि आवश्यकता अनुसार फर्निचर तथा शैक्षिक सामग्रीको व्यवस्थापन गरिनेछ

**विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गर्ने।**

- प्रत्येक विद्यालयको सिकाइ वातावरण सुनिश्चत गर्न विद्यालयगत रुपमा आवस्यकताको पहिचान गरिनेछ,
- विद्यालयहरुको शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन **पालिका प्रमुख कोषको** स्थापना गरी कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ।
- माध्यमिक स्तरको विद्यालयहरुमा सभाहल तथा साईकल मोटरसाईकलको व्यवस्था गरिनेछ।
- पंखाको व्यवस्था सबै कक्षाकोठाहरुमा गर्दै लगिनेछ।

**कक्षाकोठालाई बालमैत्री तथा सिकारुमैत्री बनाउन शिक्षकलाई मनोवैज्ञानिक रुपमा तयार गर्ने।**

- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप क्रमश कक्षाकोठामा गरिनेछ।

- शिक्षकलाई मनोपरामर्श सम्वन्धी तालिम प्रदान गरिनेछ ।
- प्रत्येक शिक्षकलाई बालमैत्री तथा सिकारुमैत्री कक्षाकोठा सम्बन्धी अभिमुखीकरण तालिममा सहभागी गराइनेछ ।
- रंगरोगन, अपुरो भवन पुरा गर्ने तथा मर्मत सम्भारको कामलाई निरन्तरता दिने ।

**शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर तथा विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गर्ने**

- शिक्षकको पेशागत सहयोगका लागी पालिकास्तरमा विषयगत विज्ञ समूह निर्माण गरिनेछ ।
- प्रत्येक विद्यालयमा विषयगत समूह निर्माण गरिनेछ ।
- अन्तरविद्यालय विषयगत समूह छलफल कार्यक्रम सन्चालन गरिनेछ ।
- स्थानीय सामाग्रीबाट शैक्षणिक सामग्री निर्माण विषयगत रुपमा पालिका स्तरमा कार्यशाला र तालिम सञ्चालन गरिनेछ ।
- एक टोल एक शिक्षण कार्यक्रम लाई मासिक घुम्ति शिक्षण कार्यक्रमका रुपमा विकास गरिनेछ ।

**सम्पूर्ण विद्यालयहरुमा कक्षागत र विषयगत शिक्षक दरबन्दी सुनिश्चितता**

- शिक्षक दरबन्दी मिलान र व्यवस्थापन प्राथमिकतामा राखिने छ ।
- प्रत्येक विद्यालयमा कक्षागत र विषयगत शिक्षक दरबन्दीको विश्लेषण गरी आवश्यकतानुसार पुनर्वितरण गर्दै लगिनेछ ।
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

**शिक्षक संख्या कम भएका विद्यालय, लामो विदामा बसेका शिक्षकको सट्टामा तथा प्रस्तावित माध्यमिक विद्यालयहरुमा स्यमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमश गर्दै लग्ने ।**

- निश्चित कार्यविधि बनाइ शिक्षक बैङ्कको स्थापना गरिनेछ ।
- शिक्षक संख्या कम भएका विद्यालय, लामो विदामा बसेका शिक्षकको सट्टामा शिक्षक व्यवस्थापनका लागी पालिका प्रमुख कोषलाइसमेत सदुपयोग गर्दै लगिनेछ ।
- वार्षिक नीति तथा कार्यक्र मार्फत स्वयमसेवक शिक्षक कार्यक्रमलाइ प्रभावकारी बनाउँदै लगिनेछ ।

**नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने ।**

- नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गरिने छ ।
- पालिकास्तरिय गणित, विज्ञान, भाषा तथा स्थानीय सिप र कला प्रदर्शनी कार्यक्रम वार्षिक रुपमा सन्चालन गरिनेछ ।

**सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप क्रमश लागु गर्ने ।**

- सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिने छ ।
- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको विद्यमान अवस्थाको मूल्याङ्कन गरी शैक्षिक गुणस्तर सुधार गरिने छ ।
- विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यान्वियनमा ल्याइने छ ।
- सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्द गर्दै लग्ने ।
- प्रत्येक विद्यालयलाई मागमा आधारित कम्प्युटर ल्याव र **एक शिक्षक एक ल्याप्टप** कार्यक्रमलाइ कार्यान्वियनमा ल्याइनेछ ।
- विद्यालयको नियमित शैक्षिक गतिविधिहरूको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ ।

**पुस्तकालय, विज्ञान प्रयोगशाला, सुचना तथा सञ्चार प्रबिधि प्रयोगशाला, वाचनालयको क्रमश: विकास गरिदै लग्ने**

- निश्चित भूगोल र जनसङ्ख्याका आधारमा एक वडा एक पुस्तकालय कार्यक्रम सन्चालन गरिनेछ ।

- प्रत्येक विद्यालयमा विज्ञान, गणित, भाषा  तथा सूचना प्रबिधि प्रयेगशाला एवं सिकाइ पार्कको विकास र विस्तार गरिनेछ।
- प्रत्येक विद्यालयमा इन्टरन्टको सुनिश्चितता गरी एक विद्यालय एक E-Library कार्यक्रम सन्चालन गरिनेछ।
- सबै वडाहरूमा एक-एक ओटा वाचनालय स्थापना गरिनेछ।
- गणित, बिज्ञान र अंग्रेजी (MSE) लगायत अन्य विषयको सिकाइ उपलब्धि सुधार गर्न विद्यार्थीहरुको आवश्यकता पहिचान गरि थप सहायता कक्षाहरू संचालन गरिने छ।

**विज्ञान र प्राविधिक तथा ब्यावसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्ने।**

- माग र आवश्यकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी थप प्राविधिक विद्यालय स्थापना गर्न पहल गरिने छ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका बालबालिकाहरूलाइ प्राविधिक शिक्षाका लागि प्रोहोत्सान गरिनेछ।
- सीमान्तकृत तथा आर्थीक रुपले पछाडि परेका समुदायका बालबालिकालाइ आधारभूत तथा माद्यमिक शिक्षा, उच्च शिक्षा तथा प्राविधक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- विज्ञान विषयको अध्ययन गर्न चाहने विद्यार्थीलाइ विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ।

**सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने।**

- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको भौतिक पक्ष मजबुत बनाउँदै लगिनेछ।
- प्राविधिक धारका विद्यालयहरुमा अवश्यकतामा आधारित ।T ल्यावको स्थापना गरी थप व्यवस्थित गर्दै लगिनेछ।
- प्राविधिक धारमा अध्यापन गराउने शिक्षकको तालिम प्रदान गर्ने तथा प्राविधिक भत्तामा बृद्धि गरिनेछ।
- प्राविधिक धारमा अध्यापन गराउने उत्कृष्ट शिक्षकलाइ आवाससहितको उचित प्रोत्साहन कार्यक्रम लागु गरिनेछ।

**पढ्दै कमाउँदै कार्यक्रम लागु गर्ने।**

- सम्भाव्यता अध्यन गरी माध्यमिक विद्यालयहरुमा आवाससहितको पढ्दै कमाउँदै कार्यक्रम सन्चालन गरिनेछ।
- अनुसन्धानमा आधारित परियोजना कार्यलाई शिक्षण सिकाइको अभिन्न अंग बनाइनेछ।

**विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरूमा स्थानिय सामाग्रीबाट शिक्षक, विद्यार्थी तथा अभिभाकको सहभागीतामा  'म बनाउछु मेरो शैक्षणिक सामाग्री' कार्यक्रम लागु गर्ने।**

- समय सान्दर्भिक र व्यहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयबस्तु स्थानीय पाठ्यक्रममा समावेश गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गरिने छ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि शिक्षक र अभिभावकहरूको अन्तरक्रिया कार्यक्रम कम्तीमा हरेक तीन तीन महिनामा सञ्चालन गरिने व्यवस्था मिलाइने छ।
- स्थानीय उत्पादनमा आधारित **शैक्षणिक सामग्री मेलाको** आयोजना गरिनेछ।
- प्रत्येक विद्यालयका कक्षाकोठामा सहपाठी सिकाइलाई जोड दिई **"म सिकाउछु मेरो एक साथी"** कार्यक्रम सञ्चालन गरिनेछ।
- संस्थागत विद्यालय नाफा उन्मुख भन्दा गुठी उन्मुख र सामुदायिक विद्यालय स्वार्थपुर्ण राजनितिक भन्दा समाज उन्मुख कार्यक्रमका लागि विशेष निती लिनेछ ।

- विद्यालयलाई स्वार्थपुर्ण राजनीतिकबाट टाढा राख्न सबै राजनीतिक दलको प्रतिवद्धता जाहेरीमा हस्ताक्षर गराईनेछ ।
-

**सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागु गर्ने ।**

- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्युनतम सिकाइ वातावरणको सुनिश्चत गर्न विद्यालय स्तरीय प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- प्रत्येक विद्यालयमा पिउने पानी, शौचालय, चमेनागृह, खेलमैदान, घेराबार जस्ता सिकाइका लागि आधारभूत पक्षको व्यवस्थापनमा गरिनेछ ।
- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्युनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शौचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नर)लाई सुनिश्चित गरिनेछ ।
- सबै विद्यालयहरुमा प्रविधिमैत्री विद्यालय सुशासन एवंम शिक्षण सिकाईका लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन गरिनेछ ।
- सिकाइको लागि निरन्तर मूल्यांकनलाई अनिवार्य गरी विद्यालय तहको बार्षिक परीक्षा पालिका स्तरीय सञ्चालन गर्ने ।

**आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान सहितको संस्कार युक्त शिक्षाको व्यवस्थापन गर्ने ।**

- स्थानीय पाठ्यक्रममा आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान, स्थानीय जातीय र धार्मिक संस्कार सम्बन्धी विषयवस्तुहरू समावेस गरिने छ ।
- बालबालिकाहरूको चौतर्फी विकासको लागि खेलकुद, साहित्य र सिर्जनात्मक कला जस्ता सह तथा अतिरिक्त क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइने छ ।
- खेलकुद, साहित्य र सिर्जनात्मक कला जस्ता बिषयको अध्यापन गराउने शिक्षकहरुको क्षमता अभिबृद्दि गर्न विज्ञ शिक्षक झिकाइ पालिका स्तरमा तालिम तथा प्रशिक्षण संचालन गरिने छ ।
- स्थानीय जडिबुटीहरुको पहिचान र प्रयोग गर्न स्थानीय बैद्यहरु मार्फत बिद्यार्थीहरुलाई तालिम दिइ आयुर्वेदिक विधिद्वारा गाउँघरमा नै साधारण रोगको उपचार गर्न प्रोत्साहनका कार्यक्रमहरु सन्चालन गरिनेछ ।
  आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यानलाई स्थानीय पाठ्यक्रममा समावेश गरी संस्कार युक्त शिक्षाको व्यवस्थापन गरिनेछ ।

**विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शिक्षक, विद्यार्थी तथा अभिभावकबाट निर्मित No cost , low cost and local शैक्षिक सामग्री निर्माण कार्यक्रम लागु**

- पालिका स्तरीय शैक्षिक सामग्री निर्माण मेलाको आयोजना गरी उत्कृष्ट हुनेलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- स्थानीय स्रोतमा आधारित शैक्षिक सामग्री निर्माणमा शिक्षक, विद्यार्थी तथा अभिभावकलाइ प्रोत्साहन गरिनेछ ।

**बालबालिकाहरूको चौतर्फि विकासको लागि खेलकुद, साहित्य र सिर्जनात्मक कला आदि जस्ता सह तथा अतिरिक्त क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाउने ।**

- पालिका स्तरीय खेलकुद कार्यक्रमहरु (फुटबल, भलिबल, क्रिकेट लगायतका शारीरिक चाल सम्वन्धी खेलकुदहरु) लाइ निरन्तरता दिइनेछ ।
- राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगितालाइ थप व्यवस्थित बनाउँदै लगिनेछ ।
- पालिकास्तरिय साहित्यिक बाटिकाको स्थापना र सन्चालन गरी सम्पूर्ण विद्यालयहरुमा साहित्यिक कार्यक्रमहरु मासिक रुपमा सन्चालन गरिनेछ ।

- विद्यालयहरुमा प्रत्येक शुक्रबारलाइ Bookless Friday को रुपमा मनाइ अतिरिक्त तथा सह क्रियाकलापका माध्यमद्वारा विद्यार्थीको सिकाइ स्तरमा सुधार गरिनेछ।
- कला, साहित्य, विज्ञान तथा प्रविधिसँग सम्बन्धित प्रतिभा पहिचान कार्यक्रम संचालन गरिनेछ।
- हरेक विद्यालयहरुमा उद्यान कार्यक्रमका लागि आवश्यक काम र विशेष गतिविधि संचालन गरिनेछ।
- एक विद्यालय एक राष्ट्रिय खेलाडी अभियान अन्तर्गत विभिन्न प्रतियोगिताहरु पालिका स्तरको सञ्चालन गरिनेछ।
- एक माध्यमिक विद्यालय एक आविष्कार कार्यक्रमलाई पुरा गर्न ५ वटै माविहरुलाई क्षमता तथा दक्षता र प्रतिभा बमोजिम आविष्कारका लागि आवश्यक सहयोग र प्रतियोगिताहरु सञ्चालन गरिनेछ।

**स्थानिय तथा परम्परागत सीपमा आधारित एंवम सांस्कृतिक संग्रहालय स्थापना गर्ने**

- पालिका स्तरमा कम्तिमा एउटा स्थानिय तथा परम्परागत सीपमा आधारित सांस्कृतिक संग्रहालय स्थापना गरिनेछ।
- जीवनोपयोगी सीपमा आधारित तालिमहरु वडागत रुपमा वार्षिक रुपमा सन्चालन गरिनेछ।

**समय सान्दर्भिक र व्यहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयबस्तु स्थानीय पाठ्यक्रममा समावेश गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गर्ने।**

- स्थानीय पाठ्यक्रममा समसामयिक र स्थानीय बिषयबस्तु समावेस गरि शिक्षण सिकाइ क्रियाकलाप संचालन गरिने छ ।
- बिद्यार्थीहरूलाइ स्थानीय स्तरमा रहेका पाटी-पौवा, धार्मिक स्थल, गढी, चौतारा जस्ता साँस्कृतिक सम्पदाहरूको संरक्षण एवं सम्बर्धन गर्न जिम्मेवार बनाइने छ।

**बालबालिकाहरुमा श्रम प्रति सकारात्मक भावना जगाउन जीवन उपयोगी सीप एवं गरिखाने शिक्षालाई प्रवर्धन गर्ने कार्यक्रम संचालन गरिने छ।**

- बालबालिकाहरूलाई घर, बिद्यालय वा आसपासका क्षेत्रहरुमा आवस्यक सरसफाई, मर्मतसम्भार, फुलबारी निर्माण, गोडमेल जस्ता क्रियाकलपहरुमा सहभागी गराई श्रमसिप एवं श्रम सस्कृतिको विकास गरिने छ।

**विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत र वृत्ति विकासका लागि पालिका स्तरमा निश्चित कार्यविधि बनाइ लागु गर्ने।**

- विद्यालय सुपरीवेक्षण तथा पेशागत सहयोग र वृत्ति विकासका लागि प्रधानाध्यापक, शिक्षक, बिद्यालय कर्मचारी, बि.व्य.स.र शि.अ.संघका पदाधिकारीहरु लाइ मागमा आधारित छोटो अवधि, लामो अवधि र पुनर्ताजगी जस्ता तालिमको ब्यबस्था गरिनेछ ।
- मापदण्ड तयार गरी शिक्षक तथा कर्मचारीको पेशागत वृत्ति विकास हेतु नमुना विद्यालयको भ्रमण लैजाने।
- शिक्षकहरुलाई आकर्षण गर्नको लागि शिक्षक आवासको ब्यबस्था गर्ने।
- एक शिक्षक एक शैक्षणिक सामाग्री सहितको झोला कार्यक्रमलाई निरन्तरता दिईनेछ।
-

**अभिभावक शिक्षक एवं बिद्यार्थीहरुमा मेरो बिद्यालय सुधार्नु मेरो कर्तब्य ........**

- विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र बार्षिक रुपमा हुने विद्यालयको कार्यसम्पादन मुल्यांकन गरिने छ।

- प्रत्येक बिद्यालयमा ई-हाजिरी, सिसि क्यामेरा, डिजिटल डिस्प्ले बोर्ड, सूचना पाटी, शिक्षक लगबुक र गुनासो पेटिकाको व्यवस्था गरिदै लगिने छ।

**आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षा ऐन तथा नियमावलिमा तोकिए अनुसार प्रअ व्यवस्थापन गर्दै लग्ने।**

- विद्यालय प्र अ को छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय बनाउन कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ।
- आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षा ऐन तथा नियमावलिमा तोकिए अनुसार शिक्षक व्यवस्थापन गर्दै लगिने छ।
- प्र.अ.लाई एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रूपमा जिम्मेवार र जवाफदेही बनाइने छ।
- विद्यालयको प्रशासनिक कार्य सम्पादनमा सहजताका लागि विद्यालयलाई क्रमश: सवारीसाधनको व्यवस्था गरिने छ।

**संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा विपत योजना, विपत्त कोष स्थापना तथा संचालनका लागि कार्यविधि विकास गरी सो अनुसार सञ्चालन गर्ने।**

- विपद्मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थीति अनुसार वडा वा पालिका मार्फत ReAL plan अनुसार बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रमका लागि भर्चुअल सिकाइ सहजीकरणको व्यवस्था मिलाइने छ।
- बन्द वा समायोजनमा परेका विद्यालयमा अध्ययनरत बालबालिकाको सुविधाका लागि आवाशीय प्रवन्ध र यातायातको प्रवन्ध गरिनेछ।
- विद्यार्थी सङ्ख्या धेरै भएका विद्यालयहरूलाई क्रमश आवश्यकताका आधारमा विद्यालय बस सेवा व्यवस्थापन गरिनेछ।
- विपतको कारण सिकाइमा पुगेको क्षति आपुरणका लागि स्वाध्ययन सामग्रीको विकास र वितरण गरिने छ।

**समुदायको सशक्तिकरण र सचेतीकरण क्षमताको विकास गर्न उद्यमी र स्वरोजगारका लागि मागमा आधारित तालिमको विकास गर्ने।**

- बिद्यालय तह पूरा गरि श्रम बजारमा जान तयार भएका युबाहरुलाई उनिहरुकै रुची र मागमा आधारित स्वरोजगारमूलक सीपहरुको विकास गर्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुसंगको साझेदारीमा नगरपालिकाले तालिम तथा प्रशिक्षण कार्यक्रम गरिने छ।
- स्थानीय स्तरमा उत्पलब्ध वस्तु तथा सेवाको उपभोगमा प्रोत्साहन गरी आयातित वस्तु तथा सेवाको प्रयोगलाई नीतिगत रुपमा निरुत्साहित गरिने छ।

**सामुदायिक सिकाइ केन्द्रहरुबाट व्यवसायिक तथा जीवन कौशल सीपहरु सिकाउने ब्यबस्था गर्ने।**

- सिंगो समुदायको पहुच योग्य स्थानमा व्यवस्थित सिकाई केन्द्रको स्थापना तथा स्थानान्तरण गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रको सहजकर्तालाइ युबा लक्षित ब्यबसायिक तथा जीवन कौशल सिपहरुको शिक्षा तथा तालिम प्रदान गर्न सक्षम बनाइने छ।
- सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता मार्फत इच्छुक युवाहरूलाई तालिम उपलब्ध गराइने छ।

**बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा समुह प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागु गर्ने।**

- प्रत्येक बिद्यालयमा बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा समूह निर्माण गरिने छ।
- आमा समूहलाई विद्यार्थीहरुको दिवा खाजा, गृहअध्ययन, सरसफाई, नियमितता, नैतिकताको विकासमा जिम्मेवार बनाइनेछ।

**बालबालिकाहरूको सिकाइ सुधारको लागि शिक्षक र अभिभावकहरूको नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।**

- वि.व्य.स. र शि.अ. संघको सक्रियतामा हरेक विद्यालय स्तरीय अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ।
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिनेछ।
- मनोपरामर्श तथा नियमित स्वस्थ्य परीक्षणका लागि घुम्ती सेवा सञ्चालन गरिने छ।
  हरेक आवधिक परीक्षा पश्चात विद्यार्थीहरुको प्रगति प्रतिवेदन सहित **सिकाइका लागि अभिभावक सम्मेलन** गरिनेछ।

**मदरसामा अध्धयनरत बालबालिकाहरुको लागि आवश्यकता पहिचान तथा सम्बोधन गर्ने।**

- मदरसामा अध्ययनरत बालवालिकाहरुको आवश्यकतालाई प्राथमिकरण गरिनेछ।
- राज्यको मूल प्रवाह नितीमा आउन नसकेका तथा नचाहेका मदरसा समेतलाई पनि ल्याउन विशेष नीति अपनाइनेछ।
- शिक्षामा सबैको पहुँचलाई विशेष तवरले मदरसामा अध्यनरत बालवालिकाहरुमा पनि गरिनेछ।
- स्थानिय पाठ्यक्रमको पुर्नत सञ्चालन मदरसामा पनि गरिनेछ।
- सामुदायिक विद्यालयमा पठनपाठनका लागि तोकिएको पाठयक्रम तथा पाठयपुस्तक यहाँ पनि पुर्णरुपमा प्रयोगमा ल्याईनेछ।

## २.७ अपेक्षित उपलब्धि

बोदे वर्साइन नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्रको योजना (२०८१-२०९०) को कार्यान्वयन भईसकेपछि पालिकाको शिक्षा क्षेत्रमा तपशिल बमोजिमको उपलब्धि भएको देखिने प्रक्षेपण गर्न सकिन्छ।

- सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको हुनेछ।
- समावेशी, समतामुलक, गुणस्तरिय शिक्षाको विकास भएको हुनेछ।
- दक्ष, सक्षम, सिर्जनशील तथा नैतिकवान नागरिक तयार भएको हुनेछ।
- नवप्रवर्तनमा आधारित प्रतिस्पर्धी र सिपयुक्त नागरिक तयार भएको हुनेछ।
- स्थानीय सीप, परम्परागत तथा आधुनिक प्रविधिमा आधारित उत्पादनमुखी राष्ट्र निर्माणका लागि योग्य नागरिक तयार भएको हुनेछ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व बहन भएको हुनेछ।
- शिक्षकको पेसागत सहायता र पेसागत विकास भएको हुनेछ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुनेछ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार भएको हुनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि भएको हुनेछ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान सहितको संस्कार युक्त शिक्षाको व्यवस्थापन भएको हुनेछ।
- बालबालिकाहरूको चौतर्फि विकासको लागि खेलकुद, साहित्य र सिर्जनात्मक कला आदि जस्ता सह तथा अतिरिक्त क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनेका हुनेछ।
- प्रारम्भिक कक्षामा सिकाई उपलब्धि बढाउन स्थानीय तहको आर्थिक, भौतिक तथा मानवीय लगानीमा वृद्धी भएको हुनेछ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि भएको हुनेछ।

- मदरसाहरुमा अध्ययनरत बालबालिकाहरु पनि पुर्णत पाठयक्रम बमोजिम शिक्षामा पहुँच पुगेको तथा मदरसाहरु सक्षम हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण

बोदेबर्साइन नगरपालिकाको १० वर्षे स्थानीय शिक्षा योजना (वि.स. २०८२-२०९१) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छ -

**तालिका २.१ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८२ को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८६ | २०९१ |
| **१. प्रारम्भिक बाल विकास तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर | ९५.१ | ९७ | १०० |
| १.२ | खुद भर्नादर | ७४.७ | ९० | १०० |
| १.३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७८.७ | ८८ | ९५ |
| **२. आधारभूत शिक्षा** | | 0 | 0 | |
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | १२३.२ | १०० | १०० |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९३.६ | १०० | १०० |
| २.३ | कक्षा १-५ मा कुल भर्ना दर | १०७.२ | १०० | १०० |
| २.४ | कक्षा १-५ मा खुद भर्ना दर | ९६.१ | १०० | १०० |
| २.५ | कक्षा १-८ मा कुल भर्ना दर | १३५.८ | १०० | १०० |
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.२ | ९५ | १०० |
| २.७ | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | १. | १. |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८६.९ | ९० | १०० |
| २.९ | कक्षा १-५ को उत्तीर्ण दर | ७६.१ | ९५ | १०० |
| २.१० | कक्षा १-५ को कक्षा दोहोर्याउने दर | १२.१ | ८ | ५ |
| २.११ | कक्षा १-५ को कक्षा छोड्ने दर | ११.९ | ७ | २ |
| २.१२ | कक्षा १-८ को उत्तीर्ण दर | ७८.२ | ९५ | ९८ |
| २.१३ | कक्षा १-८ को कक्षा दोहोर्याउने दर | १२.६ | ७ | ३ |
| २.१ | कक्षा १-८ को कक्षा छोड्ने दर | ९.२५ | ५ | ४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | | |
| **३. माध्यमिक शिक्षा** | | | | |
| **३.१** | कुल भर्नादर कक्षा ९-१० | ९२.९ | ९५ | १०० |
| **३.२** | खुद भर्ना दर कक्षा ९-१० | ८९.४ | ९० | ९५ |
| **३.३** | कुल भर्नादर कक्षा ९-१२ | ६२.८ | ७५ | ९० |
| **३.४** | खुद भर्नादर कक्षा ९-१२ | ५६.३ | ६५ | ७० |
| **३.५** | कुल भर्नादर कक्षा ११ -१२ | ४०.५ | ४५ | ६० |
| **३.६** | खुद भर्नादर कक्षा ११ -१२ | ३१.८ | ४५ | ५५ |
| **३.७** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ | १. | १. |
| **३.८** | कक्षा ९-१० को उत्तीर्ण दर | ९८.१ | १०० | १०० |
| **३.९** | कक्षा ९-१० को कक्षा दोहोर्याउने दर | १.९ | ० | ० |
| **३.१०** | कक्षा ९-१० को कक्षा छोड्ने दर | ० | ० | ० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| **४.१** | ५ वर्ष माथिको साक्षरता दर | ९५.२४ | १०० | १०० |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| **५.१** | आधारभूत तह | २५.४ | ४७ | ५० |
| **५.२** | माध्यमिक तह | ५.५५ | २५ | ३० |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | |
| **६.१** | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | १५ | २० | ३० |
| **६.२** | आधारभूत विद्यालय | ५ | १२ | २५ |
| **६.३** | माध्यमिक विद्यालय | २ | ३ | ५ |
| **७** | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत (पालिका तर्फबाट मात्र) | <१०% | १०% | १५% |

तथ्याङ्क स्रोत : CEHRD Flash Report 2024-2025 तथा EMIS Data, 2082

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभूत तहको एक महत्त्वपूर्ण उपक्षेत्र हो । चार वर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ । शारीरिक,मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बालविकासको आधारमा रूपमा लिएको छ। हाल बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित २ प्रकारका रहेका छन्। प्रारम्भिक बालविकास कक्षादेखि १२ सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।
पाठ्यक्रम प्रारूप २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरू मा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सिपको विकास रहेका छन्।
नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवम् नैतिक सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच तथा गुणस्तरमा जोड दिइएको छ। शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उद्देश्य लिएको छ । उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवम् विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १६ औँ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा लिइ सबै बालबालिकाहरूको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ । कार्यनीतिका रूपमा बालविकासको लागि लगानी साझेदारी गर्ने ,दक्ष तथा योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने, प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्यूनतम मापदण्ड पूरा गर्नेलाई लिएको छ । यसै कुरालाई मध्यनजर गरेर बोदे बसाईन नगरपालिकानगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिकामा जम्मा ३० वटा बालविकास केन्द्र रहेका छन् भने ४२ जना बालविकास सहजकर्ता रहेको अवस्था छन् । यस नगरपालिकामा अधिकांश बालविकास केन्द्रहरू सरकारले तोकेका मापदण्ड पूरा गर्न प्रयासरत रहेको, बालविकास शिक्षामा सबै बालबालिकाहरूको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभवसहित कक्षामा १ मा भर्ना हुनेको प्रतिशत ८८.८ मात्र

भएको पाइन्छ । त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभई कुनै स्थानमा २ वा सो भन्दा बढी र कुनै स्थानमा एउटा पनि बालविकास केन्द्र नभएको अवस्था रहेको छ । भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवम् नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ भने नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ ।
यस पालिकामा जम्मा ३० वटै विद्यालयहरूमा बालविकास केन्द्रहरू रहेका छन् । जसमा ४२ जना बालविकास सहजकर्ता रहेका छन् । बालविकास केन्द्रमा जम्मा १९२४ जना विद्यार्थीहरू रहेका छन् जसमा १००० जना ३० वटा सामुदायिक विद्यालयहरूमा रहेका छन भने ९२४ जना १३ वटा संस्थागत विद्यालयहरूमा रहेका छन् । प्रारम्भिक बालविकासमा शिक्षामा कुल भर्ना दर* ९५.५ %, खुद भर्ना दर* ८१.३ % तथा प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका*७८.७ % रहेका छन् ।

*अवसर र चुनौतीहरू*

बालविकासको क्षेत्रमा प्रत्येक वर्ष प्रति विद्यार्थी रु ५०० का दरले अनुदान विद्यालयले प्राप्त गर्नु, प्रदेश सरकारले यस क्षेत्रमा लगानीमा जोड दिँदै आउनु, यस नगरपालिकाले बालविकासमा जोड दिनु, दिवा खाजा कार्यक्रम लागु हुनु बालविकास केन्द्रको लागि धेरै विद्यालयहरूमा छुट्टै कक्षाकोठा हुनु अभिभावकहरूमा क्रमशः ४ वर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानुलगायतका गतिविधिले यस क्षेत्रको सुधार र विकासको स्पष्ट अवसर देखिन्छ ।
यस क्षेत्रको चुनौतीका रूपमा सहजकर्ताहरूले विद्यालयमा शिक्षकको अभावले अन्य कक्षाहरू पनि सहजीकरण गर्नु पर्ने, बाल विकास सहजकर्ताले कम पारिश्रमिक प्राप्त गर्नु, बालविकास सहजकर्ताहरूको पेसागत सुरक्षाको सुनिश्चितता नहुनु, बालविकास केन्द्रहरूको वर्गीकरण नगर्नु, प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न नसक्नु, धेरै बालविकास केन्द्रहरूका सरकारले तोकेका न्यूनत्तम मापदण्ड पनि पूरा गर्न नसकिरहेको अवस्थामा रहेका छन् । मूलतः यस क्षेत्रका मुख्य चुनौतीहरूमा यस प्रकार रहेका छन् ।

- प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गर्दै बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्न,
- पिछडिएका वर्गका बालबालिकाहरूलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्न,
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यवस्था गर्नु तथा टिकाइ राख्न,
- बालविकास सहजकर्ताहरूको पेसागत सुरक्षाको सुनिश्चितता गर्न,
- सबै बालविकास केन्द्रहरूमा तोकिएको पाठ्यक्रम अनुरूप सहजीकरण गर्न,
- प्रारम्भिक बाल हेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण तथा परिचालन गर्न ।

## ३.१.२ उद्देश्य

यस पालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमका उद्देश्यहरू हुनेछन्:

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँचमा ल्याउनु,
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु,
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ,

- प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गर्दै बालबालिकाहरूको सर्वाङ्गीण विकास गर्नु ,

## ३.१.३ रणनीति

यस नगरपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउँदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ। जसको लागि तलका कार्यनीतिहरू कार्यान्वयनमा ल्याउने छ :

- कम्तिमा १ विद्यालय १ बालविकास केन्द्रको अभियान सञ्चालन गरिने छ।
- अभिभावक सचेतना तथा परिचालन कार्यक्रमलाई जोड दिइने छ।
- बालविकासका सहजकर्ताहरूको क्षमता विकाससँगै प्रोत्साहनका गतिविधिहरू सञ्चालन गरिने छ।
- बालविकास केन्द्रलाई व्यवस्थित बनाउनका लागि अभिभावक तथा समुदायलाई समेत परिचालन गरिने छ।
- प्रारम्भिक बालिविकास उमेर समूहका बालबालिकाका लागि उपयक्त हुने बालमैत्री विद्यालय, कक्षाकोठा, पिउने पानी, शौचालय तथा विद्यालय घेराबारायुक्त विद्यालय निर्माणलाई प्राथमिकतामा राखी व्यवस्थापनका कार्य प्रारम्भ गरिने छ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बसाइ व्यवस्था र सरसफाइलाई ध्यान दिई खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिने छ।
- विद्यालयमा सञ्चालित दिवाखाजा कार्यक्रमलाई स्थानीय उत्पादनका पोसिलो खाना उपभोगमा जोड दिइने छ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका शिक्षकको क्षमता विकासमा ध्यान दिँदै तालिमप्राप्त योग्य शिक्षकबाट सेवा प्रवाह हुने व्यवस्था गरिने छ।
- एक वडा एक नमुना बालविकास केन्द्रको निर्माण गर्दै लगिने छ।
- प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई स्थानीय स्तरका तथा कम लागतका खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको क्रमशः बालउद्यान निर्माण गरिने छ।
- बालविकास केन्द्रमा सङ्घले तयार गरेको पाठ्यक्रममार्फत सिकाइ सहजीकरण अनिवार्य गरिने छ।
- सिकारूमैत्री एवम् सिकाइअनुकूल कक्षाकोठा व्यवस्थापनका लागि छापायुक्त कक्षाकोठा र विषयगत सिकाइ कुना निर्माणका लागि विद्यालयहरूलाई प्रोत्साहित गरिने छ।
- नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गरिने छ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सूचकका आधारमा पुरस्कार तथा दण्डको कार्यक्रम लागु गरिने छ।

## ३.१.४ उपलब्धि तथा प्रमुख नतिजाहरू

### (क) उपलब्धि

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

### (ख) नतिजा

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ,

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ९५.५ | ८५ | ८७ | ८९ | ९२ |
| २ | खुद भर्नादर | ८१.३ | २० | २५ | २८ | ३० |
| ३ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७८.७ | ७८ | ८१ | ८४ | ९० |
| ४ | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ९० | ९२ | ९३ | ९४ | ९५ |
| ५ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ |
| ६ | | | | | | |

## ३.१.५ बालविकास शिक्षा प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूका लागि शैक्षिक सामग्रीहरूको सहयोग गर्ने। | पटक | १ | १ | १ | १ | १ | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतताका लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने । | केन्द्र | १ | १ | १ | १ | १ | ५ | |
| ५ | बाल शिक्षालाई थप गुणस्तर विकासका लागि बालबालिकाहरूको सङ्ख्या अनुसार थप शिक्षकको व्यवस्था गर्ने । | जना | | १ | | | | १ | |
| ६ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको व्यवस्था गर्ने । | जना | ४२ | ४२ | ४२ | ४२ | ४२ | २१० | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | | ४२ | | ४२ | | ८४ | |
| ८ | समुदायको बस्ती, बालबालिकाको सङ्ख्या र बालविकास केन्द्रको दूरीलाई आधार मानी बालविकास केन्द्र सङ्ख्या समायोजन गर्ने । | पटक | | १ | | १ | | २ | |
| ९ | नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम गर्ने । | वडा | १ | १ | १ | १ | १ | ७ | |
| १० | वडा स्तरीय बालउद्यान निर्माण गर्ने । | वडा | | | १ | | १ | २ | |
| ११ | प्रारम्भिक बाल शिक्षाको पाठ्यक्रममार्फत अनिवार्य रूपमा शिक्षण गर्ने । | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| १२ | वि.व्य.स वा रोस्टरबाट निश्चित सूचकको आधारमा मासिक अनुगमन गरी समीक्षा बैठक सञ्चालन गर्ने । | केन्द्र | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| १३ | सहजकर्ताहरूसँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| १४ | वार्षिक उत्कृष्ट बालविकास सहजकर्तालाई सम्मान गर्ने । | जना | १ | १ | १ | १ | १ | ५ | |

## ३.२ आधारभूत शिक्षा

नेपालको संविधानले पनि सबैले आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चत गर्दै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरेको छ । मानव जीवनयापनका लागि चाहिने आधारभूत सिप र ज्ञान आर्जन गरी घरपरिवार तथा समुदायमा आफ्ना कुरा अभिव्यक्त गर्न र समाजमा घुलमिल भई जीवनयापन गर्न सहज बनाउने शिक्षा नै आधारभूत शिक्षा हो । नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा बाल शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ । माध्यमिक तहमा कक्षा ९ देखि १२ सम्म गरी जम्मा ४ वर्षको माध्यमिक शिक्षा कायम गरिएको छ ।

पाठक्रम प्रारूप २०७६ अनुसार आधारभूत शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ। पाठक्रम प्रारूप २०७६ अनुसार आधारभूत शिक्षा अधारभूत तहका शिक्षाका बालबालिका ५ देखि १२ उमेर पर्दछन्। विद्यालय तहको पाठ्यक्रम सक्षमतामा अधारित भएकाले यस तहमा रहेका सक्षमतालाई उद्देश्यका रूपमा लिनुपर्ने हुन्छ , जुन यस प्रकार रहेका छन्

१ देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन,
२ भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
३ सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
४ तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग,
५ वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
६ मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग,
७ जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकास बिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
८ शारीरिक तन्दुरुस्ती, स्वास्थ्यकर जीवनशैली र जीवनोपयोगी सिपको विकास, क
९ स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग,
१० नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
११ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सह-अस्तित्व बोध तथा स्वीकार,
१२ दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान।

यसैगरी १६ औं आवधिक योजनाले आधारभूत तहको क्षेत्रमा सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने, विद्यालय छाड्ने तथा टिकाइ राख्न खाजा कार्यक्रमलाई जोड दिने, अपुग विषयगत दरबन्दीको व्यवस्था गर्ने , शिक्षण संस्थाहरूको प्रविधि सहितको भौतिक पूर्वाधार विकासमा जोड दिने, पढ्नका लागि सिक्ने तथा सिक्नका लागि पढ्ने प्रक्रियालाई प्रोत्साहित गर्न विद्यालयमा उचित प्रयोगशाला र पुस्तकालय तथा सिकाइ कुनाको व्यवस्था गर्ने, आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण गरी स्तरीकृत परीक्षणबाट प्राप्त नतिजाका आधारमा परिमार्जित विद्यालय सुधार योजना कार्यान्वयनमा ल्याइने जस्ता कुरामा जोड दिदै अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाउने तथा विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली (Accreditation System)विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने कुरालाई मुख्य रणनीतिका रूपमा लिएको छ।

त्यस्तै शिक्षा नीति २०७६ ले आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने कुरामा जोड दिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमले सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु भन्ने कुरालाई जोड दिएको छ।

त्यस्तै नेपालको संविधानले पनि सबैले आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चत गर्दै आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरेको छ।

## ३.२.१ वर्तमान अवस्था

यस बोदेबर्साइन नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा आधारभूत तह ( कक्षा १ देखि कक्षा ८ ) मा आधारभूत विद्यालयहरू ३८ वटा रहेका छन्। जसअन्तरगत कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालय १० वटा रहेका छन्। त्यस्तै

गरी कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालय २८ वटा रहेका छन् । यस पालिकामा आधारभूत तह सञ्चालित सामुदायिक विद्यालय २५ वटा रहेका छन् । कक्षा १ देखि ८ सम्म ६ वटा तथा कक्षा १ देखि ५ सम्म १९ वटा विद्यालयहरू सञ्चालित रहेका छन् । यस पालिकामा सञ्चालनमा रहेका संस्थागत विद्यालय १३ वटै वटा आधारभूत विद्यालय रहेका छन् ।

यस पालिकामा यस नगरपालिका भित्र सामुदायिक विद्यालयको आधारभूत तह (१-८) मा ६७३३ जना विद्यार्थीहरू रहेका छन् । जसअनुसार इसिडिबाहेक सामुदायिकतर्फ आधारभूत तहमा ७८.५४ प्रतिशत रहेका छन् । आधारभूत तहमा पनि सामुदायिक विद्यालय कक्षा १ देखि ३ सम्मा छात्रा १३७१ तथा छात्र १३७१ गरी जम्मा २७४२, कक्षा १ देखि ५ सम्ममा छात्रा २२८३ तथा छात्र २१९१, अन्य १ गरी गरी जम्मा ४४७५ र कक्षा ६ देखि ८ सम्ममा छात्रा ११९७, छात्र १०५८ र अन्य ३ जना गरी जम्मा २२५८ जना विद्यार्थीहरू रहेका छन् ।

त्यसैगरी संस्थागत विद्यालायतर्फको आधारभूत तहमा (१-५) मा १८७२ जना विद्यार्थीहरू, आधारभूत तह (६-८ ) मा १९० जना विद्यार्थीहरू गरी कक्षा १ देखी कक्षा ८ सम्म जम्मा २०६२ जना विद्यार्थीहरू रहेका छन् ।

आधारभूत तहका शैक्षिक सूचकहरूः

| क्र.स. | सूचकहरू | २०८१ को अवस्था |
|---|---|---|
| **१. आधारभूत शिक्षा** | | |
| **१.१** | कक्षा १ मा कुल प्रवेश दर | १२३.२ |
| **१.२** | कक्षा १ मा खुद प्रवेश दर | ९३.६ |
| **१.३** | कक्षा १-५ मा कुल भर्ना दर | १०७.२ |
| **१.४** | कक्षा १-५ मा खुद भर्ना दर | ९६.१ |
| **१.५** | कक्षा १-८ मा कुल भर्ना दर | १३५.८ |
| **१.६** | कक्षा १-८ मा खुद भर्ना दर | ९५.२ |
| **१.७** | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ |
| **१.८** | कक्षा ८ मा टिकाउ दर | ८६.९ |
| **१.१३** | कक्षा १-५ को उत्तीर्ण दर | ७६.१ |
| **१.१४** | कक्षा १-५ को कक्षा दोहोर्याउने दर | १२.१ |
| **१.१५** | कक्षा १-५ को कक्षा छोड्ने दर | ११.९ |
| **१.१६** | कक्षा ६-८ को उत्तीर्ण दर | ७९.५ |
| **१.१७** | कक्षा ६-८ को कक्षा दोहोर्याउने दर | ११.७ |
| **१.१८** | कक्षा ६-८ को कक्षा छोड्ने दर | ८.८ |

*(तथ्याङ्क स्रोत CEHRD Flash Reports : २०८०, बोदेबर्साइन न. पा. शिक्षा शाखा, EMIS २०८१)*

### *अवसर र चुनौतीहरू*

कक्षा पाँच सम्मका विद्यार्थीहरूका लागि दिवा खाजाको व्यवस्था हुनु, दलित, अपाङ्ग तथा छात्राहरूका लागि छात्रवृत्तिको व्यवस्था हुनु, शिक्षण सिकाइ सामग्री तथा बुक कर्नरका लागि अनुदानको व्यवस्था हुनु, एकीकृत पाठ्यक्रम कार्यान्वयनमा आउनु, तालिमप्राप्त तथा युवा पुस्ताका शिक्षकहरूको प्रवेश हुनु लगायतका अवसरहरू आधारभूत तहको शिक्षाका लागि प्राप्त भए पनि यस क्षेत्रका समस्या तथा चुनौतीहरूमा निम्न रहेका छन् ।

- पिछडिएका तथा न्यून आय भएका समुदायका बालबालिकाहरूको पहुँचलाई सुनिश्चत गर्न ।

- सबै बालबालिकाहरूमा सिकाइ उपलब्धि सुनिश्चत गर्न,
- विद्यार्थी अनुसारको विषयगत शिक्षकको व्यवस्था गर्न,
- सिकाइका लागि उपयुक्त वातावरणको व्यवस्था गर्न,
- सामुदायिक विद्यालयमा अभिभावकहरूको चासो बढाउन,
- विद्यालय शिक्षाको जगको रूपमा रहेको प्रारम्भिक कक्षालाइ स्थानीय तहले प्राथमिकतामा राखी कार्यान्वयन गर्न,
- शिक्षक नियुक्ति, पेसागत विकास तथा सहयोगको प्रभावकारी रूपमा व्यवस्थापन गर्न,
- शिक्षणसिकाइको अनुगमन मूल्याङ्कन र सुपरिवेक्षणलाई सिकाइको अभिन्न अङ्ग बनाउन,
- अनिवार्य तथा निःशुल्क आधाभूत शिक्षाको सुनिश्चितता गर्न,

### ३.२.२ उद्‌देश्य

- ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु ,
- आधारभूत तहको सिकाइ उपलब्धिमा वृद्धि गर्न शिक्षणसिकाइलाई प्रभावकारी बनाउनु,
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु ,
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु ,
- विद्यालय शिक्षा पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाउनु ,
- आधारभूत तहको विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी, प्रविधिमैत्री र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँच पुर्याइने छ ।
- आधारभूत तहको शिक्षामा आन्तरिक सक्षमतामा सुधार ल्याइने छ ।
- सिकाइका लागि न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गरिने छ ।
- शिक्षणसिकाइ क्रियाकलापमा सुधार गरिने छ ।
- विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गरिने छ ।
- शिक्षक पेसागत सहयोग प्रणालीलाइ व्यवस्थित र नियमित गरिने छ ।
- प्रारम्भिक कक्षा सिकाइ सिपको अभिवृद्धि गरिने छ ।
- आधारभूत तहको परीक्षा प्रणालीमा सुधार ल्याइने छ ।
- अभिभावक तथा समुदायको जिम्मेवारीपनालाई वृद्धि गरिने छ ।
- अभिभावक सचेतना कार्यक्रममार्फत अभिभावक परिचालन गरिने छ ।

- कक्षा १– ३मा बालमैत्री सिकाइ वातावरण निर्माण गर्ने,
- आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सिप केन्द्रित क्रियाकलापलाई निरन्तरता दिइने छ।
- छापामय कक्षा कोठा व्यवस्थापन नभएका कक्षा १ देखि ३ सम्मका बाँकी विद्यालयहरूलाई आगामी ५ वर्ष भित्र कक्षा कोठा व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्थापन गरी पूर्ण गरिने छ।
- स्थापना भएका कक्षा, पुस्तकलाय तथा बुक कर्नर नियमित पढाइ तथा स्वः सिकाइ एवम् गणितीय सिप विकास गर्ने सामग्रीहरूलाई उचित व्यवस्थापन तथा प्रयोग अनिवार्यता गरी सो को अभिलेख गरिने छ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनसहित पठन सिपका आधारमा एवम् कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन गरिने छ।
- पठनसिप सम्बन्धी अभिभावकहरूको जागरूकता तथा सहयोग गर्ने आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिका स्तरीय CB-EGRA सञ्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम गरिने छ।
- प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गरिने छ।
- आधारभूत तहमा अङ्ग्रेजी माध्यममा पठनपाठनका लागि विद्यालयहरूलाई प्रोत्साहित गरिने छ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारमा जोड दिइने छ।

## ३.२.४ उपलब्धि र नतिजा

**(क) उपलब्धि**

- अनिवार्य तथा आधारभूत शिक्षाको पहुँच तथा सहभागिता सुनिश्चितता गरी गुणस्तरमा वृद्धि हुने।

**(ख) नतिजा**

- सबै बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चितता भएको हुने,
- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउने तथा खुद भर्नादर र टिकाउदरमा वृद्धि भएको हुने ,
- आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ,
- सिकाइका न्यूनतम आधारभूत पूर्वाधारमा सुधार गरी बालबालिकाहरूको सिकाइ स्तरमा अभिवृद्धि भएको हुने ,
- आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासान कायम भएको हुने ,
- आधारभूत तहका विद्यालयहरूको न्यूनतम मापदण्ड पूरा गरेको हुने ,
- गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार भएको हुने।

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | १७७ | १५० | १०० | ५० | १० | ० |
| २ | आधारभूत तह (कक्षा १-५) तालिम प्राप्त शिक्षकको सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १ | २ | ५ | ८ | २० | ३० |
| ४ | कक्षा १ मा कुल प्रवेशदर | १२३.२ | १२५ | ११५ | १११ | १०६ | १०० |
| ५ | कक्षा १ मा खुद प्रवेशदर | ९३.६ | ८८ | ९० | ९३ | ९७ | १०० |
| ६ | कक्षा १-५ मा कुल भर्ना दर | १०७.२ | १२८ | १२२ | ११५ | १११ | १०० |
| ७ | कक्षा १-५ मा खुद भर्ना दर | ९६.१ | १०५ | १०३ | १०२ | १०१ | १०० |
| ८ | कक्षा १-८ मा कुल भर्ना दर | १३५.८ | १०८ | १०७ | १०५ | १०३ | १०० |
| ९ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.२ | ९४ | ९६ | ९७ | ९९ | १०० |
| १० | कक्षा १-८ खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९८ | ०.९८८ | ०.९९ | ०.९९ | १ |
| ११ | कक्षा ८ मा टिकाउ दर | ८६.९ | ५५ | ६८ | ७५ | ८५ | ९५ |
| १२ | कक्षा १-५ को उत्तीर्ण दर | ७६.१ | ७९ | ८५ | ८९ | ९० | ९५ |
| १३ | कक्षा १-५ को कक्षा दोहोर्याउने दर | १२.२ | १२ | ११ | ८ | ६ | ४ |
| १४ | कक्षा १-५ को कक्षा छोड्ने दर | ११.९ | ८ | ६ | ४ | २ | १ |
| १५ | कक्षा १-८ को उत्तीर्ण दर | ७८.२ | ८२ | ८५ | ८८ | ९० | ९५ |
| १६ | कक्षा १-८ को कक्षा दोहोर्याउने दर | १२.६ | १० | ९ | ८ | ८ | ७ |
| १७ | कक्षा १-८ को कक्षा छोड्ने दर | ८.८ | ८ | ७ | ६ | ६ | ५ |

## ३.२.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्रस | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विषयगत तथा व्यवस्थापन तालिम | पटक | | | १ | | १ | २ | |
| २ | बालमैत्री शिक्षण क्रियाकलाप सञ्चालन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | आधारभूत तहको परीक्षा तथा नतिजा सार्वजनिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | |
| ५ | आवश्यकताका आधारमा भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, खाजा घर) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | पटक | | १ | | १ | | २ | |
| ७ | कक्षा १ देखि ३ सम्मको पठनसिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनीतिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | | १ | | १ | २ | |
| ९ | बालबालिकाहरूको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | कक्षा १-३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितीय सिप परीक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ११ | आवधिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| १२ | विद्यालय स्तरीय तथा पालिका स्तरीय सिकाइ प्रतियोगिता सिकाइ उत्सवसहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | | | १ | | १ | २ | |
| १३ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षक (कक्षा १- ५ र ६-८) छनोट गरी सम्मान कार्यक्रम | जना | २ | २ | २ | २ | २ | १० | |
| १४ | शैक्षिक सुशासन कायम गर्नका लागि शिक्षा सरोकारवालाहरू सँग छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १५ | शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १७ | शिक्षकको क्षमता विकासका लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | | | १ | | १ | २ | |
| १८ | शैक्षिक तथ्याङ्क विश्लेषण तथा व्यवस्थापन साथै भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १९ | सबै विद्यालयका कक्षा १ देखि ३ सम्मका कक्षाकोठालाई छापामय, बालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गमैत्री व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरि पूर्ण गरिने, | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ | |
| २० | एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम। | शिक्षक | ३० | ३० | ३० | ३० | ३० | १५० | |
| २१ | प्रारम्भिक कक्षा १-३ को पढाइ तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरू सञ्चालन गर्ने। | पटक | १ | २ | २ | २ | २ | ९ | |
| २२ | कोभिडको महामारीबाट उत्पन सिकाइ क्षति न्युनीकरणका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) लाई कार्यान्वयन गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २३ | प्रारम्भिक कक्षामा शिक्षणसिकाइ तथा सन्दर्भ पढाइ तथा गणितीय सामग्री सहितको बुक कर्नर स्थापना गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २४ | अभिभावक सचेतना तथा सहभागितामा अभिवृद्धि। | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २५ | उपचारात्मक सिकाइ तथा सिकाइ निरन्तरताका लागि क्रियाकलाप। | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५का बालबालिकाका लागि निरन्तर बिद्यार्थी मूल्याङ्कनसहित पठनसिपमा आधारित एवम् कक्षा ६ देखि ८ सम्मका बालबालिकाका लागि प्रविधिमैत्री सिकाइ सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २७ | प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी सोही अनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने | पटक | | १ | १ | १ | १ | ४ | |
| २८ | पालिकास्तरीय परीक्षामा सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा हासिल गर्ने छात्र छात्रालाई पुरस्कृत गर्ने । | जना | ४ | ४ | ४ | ४ | ४ | २० | |
| २९ | नतिजाका आधारमा उत्कृष्ट सामुदायिक विद्यालय पुरस्कृत गर्ने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ३० | गणित, विज्ञान र अङ्ग्रेजी विषय शिक्षकहरूको अन्तरक्रिया तथा सिकाइ आदानप्रदान कार्यक्रम गर्ने | पटक | | १ | १ | १ | १ | ४ | |
| ३१ | अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ जसअनुसार माध्यमिक तह सम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । विद्यालय तहमा विगत लामो समयदेखि माध्यमिक शिक्षा (कक्षा ९ - १०) ८०० पुर्णाङ्क र ( कक्षा ११-१२) विभिन्न विधागत (उच्च माध्यमिक तहको रूपमा अभ्यासमा रहे तापनि हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा ९ देखि १२ लाई माध्यमिक शिक्षा कायम गरेको छ। जुन वि.स .२०७७ को शैक्षिक शत्रबाट कार्यन्वयनमा रहेको छ। प्रारूपले गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धलगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ। माध्यमिक शिक्षालाई साधरण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तिन प्रकारको हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुनेछ। कक्षा ९ र १० को साधारण धारतर्फ प्रत्येक कक्षामा नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन र स्वाश्थ्य तथा शारीरिक शिक्षा गरी ६ वटा अनिवार्य विषयहरू र २ वटा ऐच्छिक विषयहरू रहनेछन्। यसैगरी कक्षा ११ र १२ को साधारण शिक्षातर्फ अनिवार्य विषयका रूपमा अङ्ग्रेजी, नेपाली र सामाजिक अध्ययन तथा जिवनपयोगी शिक्षा/अनिवार्य गणित अनिवार्य विषयका रूपमा छन भने तिनओटा ऐच्छिक विषय समावेश गरिएको छ। यसको अतिरिक्त कक्षा ११ र १२ मा ऐच्छिक विषयको रूपमा अतिरिक्त एक ऐच्छिक विषय थप गर्न सकिने छ। प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिनेछ। शिक्षण सिकाइ क्रियाकलापका लागि पाठ्यभारको सट्टा कक्षा ९ र १० का लागि १०२४ घण्टाको पाठ्यघण्टा र कक्षा ११ र १२ का लागी जम्मा ८६४ घण्टाको पाठ्यघण्टाको व्यवस्था गरिएको छ। साथै उमेरगत रूपमा १३ र १४ वर्षसम्म कक्षा ९-१० र १५ र १६ वर्षसम्म कक्षा ११-१२ लाई तथा तहगत रूपमा तह चार र पाँच मानिनेछ।

नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएकामा सन् १९९० को दशक पश्चात यसले अझ गति लिएको देखिन्छ । यस अवधिमा राष्ट्रिय विकास योजना र शिक्षासम्बन्धी राष्ट्रिय स्तरका योजनाहरूमा विद्यालय शिक्षा सुधारका लागि नीति, रणनीति, कार्यनीति, कार्यक्रम र कार्ययोजनाहरू अगाडि सारिएका छन् । यसै सन्दर्भमा विद्यालय क्षेत्रको योजना, २०२१ -२०३० सम्मको पाँच वर्षे विद्यालय क्षेत्रको योजना स्वीकृत भई कार्यन्वयनमा रहेको छ। यस योजनाले नेपाललाई वि.स .२०८७ सम्ममा अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता तथा जीवन पर्यन्त सिकाइ जस्ता विषयमा जोड दिएको छ।

सोह्रौं योजना को आधार पत्रमा शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरी आधारभूत तहसम्म अनिवार्य र निशुल्क तथा माध्यमिक तहको शिक्षा निशुल्क पाउने व्वस्थामा जोड दिउएको छ। शिक्षालाई रोजगारमूलक बनाउदै लैजान सिपमूलक तथा व्यावसायिक शिक्षाको विस्तारमा जोड दिई लगानी वृद्धि गर्ने, जनशक्तिलाई अन्तराष्ट्रिय स्तरमा समकक्षी र प्रतिस्पर्धी बनाउने, प्राविधिक शिक्षालाई हरेक स्थानीय तहसम्म सर्वसुलभ गराउने कुरा यस आधार पत्रमा उल्लेख गरिएको छ। यस योजनाले गुणस्तरीय शैक्षिक वातावरण सिर्जना, खोज तथा अनुसन्धान, सामाजिक तथा आर्थिक रुपान्तरणका लागि मानव संसाधन विकास, उत्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास, सबैलाई जीवनपर्यन्त शिक्षाको अवसर एवम शैक्षिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्ने जस्ता  पक्षलाई प्राथमिकतामा राखेको छ।

## ३.३.१ वर्तमान अवस्थाः

संघिय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय तह बाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलत : स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। शिक्षा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहीअनुसार शिक्षाका संरचनाहरू बन्ने क्रममा छन। प्रत्येक स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा शाखा स्थापना गरी सोही शाखाबाट शिक्षासँग सम्बन्धित सेवा प्रवाह गरिरहेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सूचना तथा सञ्चार प्रविधि (ICT) सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशालाको स्थापनामा जोड दिइरहेको अवस्था छ। विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शैक्षिक सहयोगको जिम्मा स्थानीय तहलाई दिए पनि प्रयाप्त जनशक्तिको अभाव, प्रशासनिक कार्य बोझका आदिका कारण शिक्षकको पेसागत सहयोग अपेक्षित रूपमा हुन सकिरहेको छैन।

बोदेबर्साइन नगरपालिकाको माध्यमिक तहको शैक्षिक झलक-:
यस नगरपालिका भित्र सामुदायिक विद्यालयको माध्यामिक तह सम्मका जम्मा ५ वटा सामुदायिक विद्यालयहरू मात्र रहेका छन् जसमा २ वटा कक्षा १० सम्मका र ३ वटा कक्षा १ देखी १२ सम्मका विदयालयहरू रहेका छन्। पालिकाको माध्यामिक तह (९-१२ ) मा १८४० जना विद्यार्थीहरू रहेका छन्। जसअनुसार माध्यमिक तहमा २१.४६ प्रतिशत विद्यार्थी रहेका छन्। माध्यमिक तहमा पनि कक्षा ९ देखि १० सम्मा छात्रा ५९५ तथा छात्र ५६४ गरी जम्मा ११५९, कक्षा ११ देखि १२ सम्ममा छात्रा ३२२ तथा छात्र ३५९ गरी जम्मा ६८१ विद्यार्थीहरू रहेका छन्। यस पालिकामा माध्यमिक तहमा कुनैपनि संस्थागत विद्यालाय रहेका छैनन्।

***माध्यमिक तहका विभिन्न शैक्षिक सूचकहरू:***

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८२ को अवस्था |
|---|---|---|
| | | |
| **१. माध्यमिक शिक्षा** | | |
| **१.१** | कुल भर्नादर कक्षा ९-१० | ९२.९ |
| **१.२** | खुद भर्ना दर कक्षा ९-१० | ८९.४ |
| **१.३** | कुल भर्नादर कक्षा ९-१२ | ६२.८ |
| **१.४** | खुद भर्नादर कक्षा ९-१२ | ५६.३ |
| **१.५** | कुल भर्नादर कक्षा ११ -१२ | ४०.५ |
| **१.६** | खुद भर्नादर कक्षा ११ -१२ | ३१.८ |
| **१.७** | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क | १.०१ |
| **१.८** | कक्षा ९-१० को  उत्तीर्ण दर | ९८.१ |
| **१.९** | कक्षा ९-१० को  कक्षा दोहोर्याउने दर | १.९ |

| | | |
|---|---|---|
| **१.१०** | कक्षा ९-१० को  कक्षा छोड्ने दर | ० |
| **१.११** | कक्षा ११-१२ को औषत सिकाइ उपलब्धि | |
| **१.१२** | कक्षा ९ -१० को उत्तीर्ण दर | ९८.१ |
| **१.१३** | कक्षा ९-१० को कक्षा दोहोर्याउने दर | १.९ |
| **१.१४** | कक्षा ९-१० को कक्षा छोड्ने दर | ०.० |

*(तथ्याङ्क स्रोत CEHRD Flash Reports : २०८०, बोदेबर्साइन न. पा. शिक्षा शाखा, EMIS २०८१)*

*अवसर र चुनौती*

विपन्न तथा अपाङ्ग छात्रवृत्तिको व्यवस्था हुनु, शिक्षण सिकाइ सामग्री तथा बुक कर्नरका लागि अनुदानको व्यवस्था हुनु, तालिम प्राप्त तथा युवापुस्ताका शिक्षकहरूको प्रवेश हुनु, सूचना सञ्चार प्रविधिको पहुँचमा विस्तार हुनु, प्रयोगशाला तथा पुस्तकालयहरूको स्थापना हुँदै जानु, निशुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु, छात्राहरूका लागि स्यानिटरी प्याडको व्यवस्था हुनु, अतिरिक्त कक्षा सञ्चालन हुनु, भौतिक पूर्वाधारहरूको विस्तार हुँदै जानु जस्ता यस तहको शिक्षाका लागि प्राप्त भएका प्रमुख अवसरहरू रहेका छन् ।

सार्वजनिक शिक्षा प्रणालीमा गुणस्तर अभवृद्धि गर्नु, सरोकारवालाहरू बिच अपनत्व कायम गर्नु, शिक्षा र रोजगारी बिच तालमेल कायम गर्नु, शिक्षक र शिक्षाक्षेत्रको जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक शिक्षामा सर्वसाधरण नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु जस्ता सवालहरू शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् । यसका अलावा तपशिलअनुसार अवसर र चुनौतीहरू उल्लेख गरिएका छन्:

१) सङ्घीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन र सञ्चालनमा नीतिगत, कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यन्वयन गर्ने र संस्थागत क्षमता विकास गर्ने,
२) नि:शुल्क माध्यमिक शिक्षालाई कार्यन्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको सङ्ख्यालाई विद्यालयमा ल्याउने,
३) विद्यालय छोड्ने (Drop Out) विद्यार्थीको अवस्था जान्नका लागि Child Tracking System कायम नहुनु ,
४) आवश्यक विषयगत शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य जनशक्ति व्यवस्थापन गर्नु,
५) शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र विद्यार्थीको सिकाइप्रति उत्तरदायी वनाउने,
६) सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र शिक्षण सिकाइमा प्रभावकारिता अभिवृद्धि गरी विद्यार्थी सिकाइ उपलब्धिमा सुधार,
७) विद्यार्थीहरूलाई विभिन्न कुलतहरूबाट जोगाई सिकाइप्रति उत्प्रेरित गर्नु ।

## ३.३.२ उद्देश्यहरू

१) बोदेबर्साइन नगरपालिकाको माध्यमिक तहको शिक्षाको विद्यमान अवस्थामा सुधार गर्नु,
२) माध्यमिक तहको सिकाइ उपलब्धि र गुणस्तर अभिवृद्धि गर्नु ।
३) लक्षित वर्गका विद्यार्थीहरूको पहुँच अभिवृद्धि गरी नैतिकवान, व्यावहारिक, सिपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु ,
४) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भित्राउने, टिकाउने र सिकाउने राष्ट्रिय लक्ष्यलाई सहयोग गर्नु,
५) सिकाइ सुधारका लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ,
६) उच्च शिक्षाको प्रवेशको लागि आधार तयार गर्नु,
७) माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउँदै थप विस्तार गर्नु,
८) गणित, विज्ञान र अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि सुधार गर्नु ।

### ३.३.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिने छ:

१) सङ्घीय मापदण्ड अनुसार स्थानीय तहले समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिने।

२) माध्यमिक तहमा खुद भर्ना दर र टिकाउ दर बढाउन वैकल्पिक माध्यमको प्रयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने,

३) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गरी प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने ,

४) शिक्षक निरन्तर अध्यावधिक हुन र उत्प्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्थालाई बढावा दिइने ,

५) सवै विद्यालयहरूमा विद्यालयहरूको न्यूनतम भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री विद्यालय बनाइने,

६) विद्यालय शिक्षामा स्थानीय सरकारको लगानी वृद्धि गरिने।

७) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको निरन्तर अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरिने साथै माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गरिने,

८) माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र.अ.लाई उत्तरदायी बनाउने ,

९) शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनःसंरचित गरिने ,

१०) गणित, विज्ञान र अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि सुधार गर्न विशेष कार्यक्रम सञ्चालन गरिने।

### ३.३.४ कार्यनीति

यस योजनाको उद्देश्य प्राप्तिका लागि निम्न लिखित कार्यनीति अबलम्वन गरिने छ

१) समुदायको बालबालिकाका लागि माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय स्थापना, सञ्चालन, व्यवस्थापन तथा समायोजन गर्न स्थानीय सहभागिता तथा सहकार्यको रूपमा कार्य अघि बढाइने छ।

२) माध्यमिक तहमा अध्ययनका लागि उत्प्रेरित गरिने छ, निशुल्क शिक्षाको व्यवस्था कार्यान्वयन गर्दै यस तहका विद्यार्थीहरूका लागि विभिन्न प्रकारका छात्रवृत्तिको प्रबन्ध गरिने छ।

३) सिकाइ सहजीकरणका सबै सामग्रीहरू प्राप्यताका लागि सूचनाप्रविधिको व्यवस्थापन गरिने छ।

४) योजनाबद्ध सिकाइ तथा सिकाइ सहजीकरणका योजना निर्माण गर्न सूचनाप्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ।

५) शिक्षक तथा सिकाइ सहजकर्ताहरूका लागि सूचनाप्रविधिमा न्यूनतम् दक्षता हासिल गराउन तालिम सञ्चालन गरिने छ।

६) मागमा अधारित शिक्षक तालिमहरू सञ्चालन गरिने छ, अनुभवी तथा विज्ञताका अधारमा शिक्षक तालिमका रोष्टरहरू तयार गरी शिक्षक तालिमलाई थप कामयाबी बनाइने छ ,

७) विद्यालय सुपरिवेक्षणका लागि आवश्यक जनशक्तिसहितको निश्चित संयन्त्र तथा कार्ययोजना बनाई कार्यान्वयनका लागि अधिकतम् प्रयत्न गरिने छ, प्रत्येक विद्यालयलाई प्राविधिक सहायताका रूपमा महिनाको कम्तिमा एक दिन विद्यालय सुपरिवेक्षण गरिने छ,

८) प्रधानाध्यापकको कार्यदक्षता र कार्यकुशलतालाई विद्यालय सफलताको सूचक मानिने छ। प्र.अ.को पद परीक्षाको नतिजाका तथा विद्यार्थी सिकाई उपलब्धी आधारमा नवीकरण गरिने छ।

९) गणित, विज्ञान र अङ्ग्रेजी विषयको सिकाइ उपलब्धी सुधार गर्न उपचारात्मक कक्षा र सहायता एवम् अनुभव शेयर कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने छ।

१०) शिक्षकका विषयगत सिकाइ उपलब्धीलाई पेसागत वृत्तिविकाससित जोडेर हेरिने छ।

## ३.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू

**(क) उपलब्धि (Outcomes)**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,

**(ख) नतिजा (Results)**

१) शिक्षण सिकाइ तथा विद्यार्थी सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक तथा आर्थिक लगायतका सूचकहरूमा सुधार भएको हुने,
२) सवै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि भएको हुने,
३) सवै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पुरा गरेको हुने,
४) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइ सहजीकरणलाई सहयोग भएको हुने,
५) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने,
६) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीको उचित व्यवस्थापन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र सिकाइ वातावरणको निर्माण भएको हुने,
७) माध्यमिक विद्यालयहरूमा अध्यापन गरिने विभिन्न विधाका विषयहरूमा उपलब्धि सुदृढ भएको हुने,
८) प्राविधिक तथा व्यावसायिक विषयको विस्तार तथा आकर्षणमा वृद्धि भई नतिजामा सुधार भएको हुने,
९) गणित, विज्ञान र अङ्ग्रेजी विषयका सिकाइ उपलब्धिमा उल्लेख्य सुधार भएको हुने,

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ६८१ | ६९५ | ७०० | ७१० | ७४५ | ७६५ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १३१७ | १३५० | १३९० | १४४५ | १५०० | १५५० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(PMEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ० |
| ४ | कुल भर्नादर कक्षा ९-१० | ६२.८ | ६४ | ६८ | ७२ | ७६ | ८०.९ |
| ५ | खुद भर्ना दर कक्षा ९-१० | ३६.९ | ४० | ४९ | ५५ | ५८ | ६० |
| ६ | कुल भर्नादर कक्षा ९-१२ | ४७.० | ५० | ५२ | ५५ | ५८ | ६० |
| ७ | खुद भर्नादर कक्षा ९-१२ | २४.३ | २९ | ३३ | ३७ | ३९ | ४० |
| ८ | कुल भर्नादर कक्षा ११ -१२ | ३२.८ | ३४ | ३८ | ४० | ४२ | ४५ |
| ९ | खुद भर्नादर कक्षा ११ -१२ | १२.९ | १३ | १५ | १९ | २३ | २५ |
| १० | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता | १.०१ | १.0१ | १ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सूचकाङ्क | | | | | | |
| ११ | कक्षा ९-१० को उत्तीर्ण दर | ९८.० | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० |
| १२ | कक्षा ९-१० को कक्षा दोहोर्याउने दर | २.० | २ | १.५ | १ | ०.५ | ० |
| १३ | कक्षा ९-१० को कक्षा छोड्ने दर | ० | ० | ० | ० | ० | ० |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताका आधारमा तालिम सञ्चालन | पटक | | | १ | | १ | २ | २ | |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा शिक्षकको क्षमता विकास तालिम | पटक | | १ | | १ | | २ | २ | |
| ३ | विद्यालयको शिअसङ्घ विव्यसको क्षमता विकास कार्यक्रम | पटक | १ | | १ | | १ | ३ | २ | |
| ४ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार बसको व्यवस्था | वटा | | १ | | | १ | २ | २ | |
| ५ | सरोकार सम्बद्ध पक्षहरूका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | आवश्यकताका आधारमा लागत सहभागिताको आधारमा भौतिक पूर्वाधारका कार्यक्रम सञ्चालन गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | विद्यालयलाई शैक्षिक सामग्री सहयोग कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अनुगमन, सुपरिवेक्षण तथा प्र.अ तथा शिक्षकलाई सहयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम | विद्यालय | | | १ | | १ | २ | २ | |
| १० | बाल समूह गठन ,क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | वार्षिक रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालय स्तरीय तथा पालिका स्तरीय प्रतिभा पहिचान प्रतियोगितासहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | उत्कृष्ट विद्यालय र प्रअ सम्मान तथा पुरस्कार कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १६ | उत्कृष्ट शिक्षक पुरस्कार कार्यक्रम | जना | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| १८ | सामुदायिक विद्यालयका एसइइ तथा एसएलसी परीक्षामा सर्वोत्कृष्ट विद्यार्थी पुरस्कार कार्यक्रम | जना | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| १९ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २० | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | नियमित | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २१ | गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकहरू बिचको अन्तरक्रिया तथा अनुभव आदानप्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २२ | अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा अपरिहार्य विषयको रूपमा रहेको छ। शिक्षाले गरिखाने सिप सिकाउन सकेन र शिक्षालयहरू बेरोजार उत्पादन गर्ने थलो मात्र बने भन्ने गुनासो सुनिन थालेको वर्तमान अवस्थामा प्राविधिक शिक्षालाई समयको मागको रूपमा नलिई आवश्यकताको रूपमा लिइएको छ। आमजनमानसमा प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ। विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ। नेपाल सरकारको निर्णय र स्वीकृत ऐन, नियम तथा निर्देशिकाबमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो। शिक्षा मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो सोही निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन सुरु भयो। यस अन्तर्गत ईन्जिनियरिङ तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन्। विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरि विश्व श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता

प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ।

## ३.४.१ वर्तमान अवस्था

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ । मुलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ। एक ओटा विद्यालयले प्राविधिकधार, विज्ञान, वाणिज्य, मानविकी तथा शिक्षा तर्फका कक्षा समेत संचालन गरिएका छन् भने यस न.पा. अन्तर्गत एउटा नमुना विद्यालयको रुपमा चन्द्रा नमुना मा.वि. बोदेबर्साइन संचालनमा रहेको छ। यसका अलावा श्री ५ महेन्द्र चुन्नी मा.वि. मानराजामा पढदै कमाउदै कार्यक्रम लागू भएको छ। शिक्षकको हाजिरीलाई विधुतीय प्रणालीमा आधारीत बनाउन २९ ओटा विद्यालयहरुमा लागू छन्। तसर्थ यस नगरपालिकामा श्री चन्द्रा नमुना मा.वि. बोदेबर्साइन विद्यालयमा प्राविधिक धारको कम्प्युटर ईन्जिनियरिङ कक्षा सञ्चालन भइरहेको छ । यस विद्यालयमा प्राविधिक धार अन्तर्गत शैक्षिक सत्र २०८१ मा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या १५० जना रहेका थिए। हालसम्म यस नगरपालिकाभित्र रहेका अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरू सञ्चालन गर्न सकिएको छैन। यसको मुख्य कारण एक पालिका एक प्राविधिक विद्यालय भन्ने नीतिगत व्यवस्था, प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ । विद्यार्थीहरूमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर व्यवहारकुशल सिपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरू त्यति सहज भएको देखिँदैन। यस्तो अवस्थामा प्राविधिक शिक्षा अध्ययन गरी कक्षा १२ उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरू अलमलमा पर्ने गरेको देखिन्छ। त्यस्तै आवश्यकताको आधारमा व्यक्तिहरूका लागि नगरपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ विश्वबजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुँदा हरेक माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेको छ।

*प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका चुनौतीहरू*

- प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालन गर्न सम्वन्धन र अनुमति लिनमा समस्या।
- भौतिक पूर्वाधार विकास गर्न।
- प्राविधिक तथा व्यावसायिक धारको जनशक्ति व्यवस्थापन गर्न।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्वको प्रत्याभुति दिलाउन।
- प्राविधिक धारका विषयप्रति विद्यार्थीहरूलाई आकर्षित गर्न।
- प्राविधिक तथा व्यावसायिक धारको स्थापनाका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न।
- माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्न।
- प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको व्यवस्थापन गर्न।

## ३.४.२ उद्देश्यः

- थप प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्नु।
- प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरूको संस्थागत तथा पूर्वाधार विकास गरि दक्ष जनशक्तिको उत्पादन गर्नु।

- प्राविधिक तथा रोजगारमूलक शिक्षा प्रदान गरि व्यावसायिक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्नु।
- प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गर्नु।

## ३.४.३ रणनीतिहरू

- यस नगरपालिका भित्र स्नातक तहसम्म प्राविधिक तथा व्यावसयिक धारको पठनपाठनको व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गरिने छ।
- अन्य इच्छुक माध्यमिक विद्यालयहरूलाई प्राविधिक धार सम्वन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गरिने छ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ आवश्यक राय सल्लाह गरी आवश्यक आर्थिक पहल गरिने छ।
- प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गरी पढ्दै कमाउदै कार्यक्रम थप व्यवस्थापन गरी सञ्चालन गरिने छ।
- स्थानीय आवश्यकताको आधारमा व्यक्तिहरूका लागि नगरपालिकाले रोजगारमूलक छोटो अवधिका तालिम सञ्चालन गरिने छ।
- प्राविधिक धार सञ्चालित विद्यालयमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा फिल्डको दिगो व्यवस्थापन गरिने छ।

## ३.४.४ उपलव्धि र नतिजा

### क. उपलब्धि

- विद्यार्थीहरूले सुरक्षित र उपयुक्त भौतिक पूर्वाधारसहितको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर पाएको हुने ,
- दक्ष तथा रोजगार उन्मुख जनशक्ति तयार भएको हुने।
- आत्मनिर्भर जनशक्ति उत्पादन भएको हुने।

### ख नतिजा

- सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यावसयिक शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।
- यस नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन स्थायित्व तथा सुदृढीकरण भएको हुने।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर लाभग्राहीहरूले आफ्नै स्थानीय तहमा सहज र सरल रूपमा प्राप्त गरेका हुने।
- स्वावलम्बी तथा आत्मनिर्भर जनशक्ति उत्पादन भएको हुने।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | | १ | | | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | १५० | १८० | २०० | २२० | २५० | ३०० |

## ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

**प्राविधिक तथा व्यावसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | भौतिक लक्ष्य(५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्राविधिक तथा व्यावसायिक सम्वन्धन र अनुमति | पटक | | | | १ | | १ | विश्वविद्यालय तथा नगरपालिका |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | सङ्ख्या | | | १ | | 1 | २ | सङ्घ, प्रदेश, नगरपालिका |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि विद्यालय सञ्चालन | सङ्ख्या | | | | १ | १ | २ | सङ्घ, नगरपालिका |
| ४ | सञ्चालित अवस्थामा रहेका प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ५ | सञ्चालित अवस्थामा रहेका प्राविधिक धारका विद्यालयको स्तरोन्नति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ६ | रोजगारमूलक छोटा अवधिका तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | |
| ७ | प्राविधिक धार सञ्चालित विद्यालयको प्रयोगात्मक फिल्डको दिगो व्यवस्थापन | पटक | | १ | | | | १ | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

औपचारिक शिक्षा प्रणालीभन्दा अलग रूपबाट खास उद्देश्य प्राप्तीका लागि प्रदान गरिने शिक्षा नै अनौपचारिक शिक्षा हो। विद्यालयमा उपस्थित भई शिक्षा हासिल गर्न नसक्ने व्यक्तिलाइ अनौपचारिक शिक्षा दिने नीतिगत व्यवस्था पाइन्छ । नेपालमा अनौपचारिक शिक्षासम्बन्धी आधारभूत प्रौढ साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गरिनु पर्ने

नीतिगत व्यवस्था रहेको देखिन्छ। अनौपचारिक शिक्षा कार्यक्रम अन्तरगत १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर पौढहरूलाई लक्षित गरी निरन्तर शिक्षा तह १ निरन्तर शिक्षा तह २ कार्यक्रम आ .व २०७२/०७३ देखि निरन्तर सञ्चालन हुँदै आएको छ। अनौपचारिक शिक्षा विशेष गरेर सिक्ने बानीको विकास गर्नका लागि तथा कार्यमूलक सक्षरताको अभिवृद्धि गर्न तथा पढेर सिक्ने बानिको विकास गर्नु पनि महत्त्वपूर्ण रहेको छ। शिक्षा जन्म देखि जिवन पर्यन्त चलिरहने प्रक्रिया हो। यसको अर्थ शिक्षा मानिसको जन्म बाट आरम्भ भई यसको अन्त्य मृत्यु पश्चात मात्र हुने गर्दछ। शिक्षा क्षेत्रमा नयाँ सोचाइ र नयाँ चिन्तनको उजागर गर्नका लागि कुनै विशेष क्षेत्रमा सिप प्रप्त गर्न उत्सुक व्यक्तिहारुका चाहाना परिपूर्ति गर्नका लागि निरन्तर शिक्षा अपरिहार्य रहन्छ।
सोहौं योजन मा राखिएको उद्देश्य सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नका लागि अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत बाट सिकेका तथा सिपलाई आयमूलक कार्यक्रम सगँ सम्बद्ध गरी जीवनपर्यन्त शिक्षालाई सुनिश्चित गर्नु रहेको छ।
नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। यसरी सरकारले साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम सेवक परिचालन गर्ने नीति लिएको छ।
निरक्षर जनताहरूलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो। अर्कोतिर उनीहरूका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ। जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ। एकातिर सञ्चालनमा रहेका सिकाइ केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरू पनि निरन्तर शिक्षाको अवसर नपाउदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टडकारो रूपमा रहेको छ। राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाइ केन्द्रहरू बन्द हुने अवस्थामा छन्।

## ३.५.१ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिकामा सामुदायिक सिकाइ केन्द्र ३ वटा रहेका छन्। स्थानीय तहका सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्र खोल्ने सरकारको नीति भए पनि बोदेबर्साइन नगरपालिकाका १० वटा वडाहरू मध्ये ३ वटा वडामा मात्रै सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रलाई जिम्मेवार बनाउने केन्द्र सरकारको नीति रहेता पनि यस पालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरू आफ्ना नियमित कार्यमा मात्र सिमित रहेका छन्।
बोदेबर्साइन नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक सिकाइ केन्द्रका सङ्ख्यालाई वृद्धि गरेर यिनीहरूको उद्देश्यअनुसार चलायमान बनाई सञ्चालन गर्न आवश्यक देखिएको छ। माध्यमिक तहका विद्यालयहरूसँग समन्वय गरी कक्षा ८, १० र १२ मा नियमित विद्यालय जान असमर्थ रहेका बालबालिकाका लागि खुला तथा दूर एवम् वैकल्पिक शिक्षाको प्रबन्ध गर्न आवश्यक रहेको छ। वैकल्पिक सिकाइलाई पर्वद्धन गरी जीवनोपयोगी सिप र जिविकोपार्जन एवम् प्राविधिक सिपयुक्त जनशक्ति उत्पादनसित सम्बद्ध गराउन सके नियमित विद्यालय बाहिर रहेका बालबालिकाको भविष्यमा सरल हुने छ। स्वरोजगार र उद्यमी बन्ने अवसर प्राप्त गर्ने छन्।
सामुदायिक सिकाइ केन्द्र, खुला विद्यलय तथा वैकल्पिक निरन्तर सिकाइका लागि कार्यविधि र मापदण्ड बनाई नगरपालिकाले सञ्चालन गर्नमा ध्यान पुर्याउने छ।

*अवसर र चुनौती*

क. अवसर

- प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा निरन्तर सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार स्थानीय सरकारलाई हस्तान्तरण भएको छ।
- सामुदायिक सिकाइ केन्द्रको सहकार्यमा साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने अवसर रहेको छ।
- सामुदायिक सिकाइ केन्द्रको सहभागितामा विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन, विद्यालय नियमित गराउन र घरमा पठन पाठनको वातावरण बनाउने अवसर रहेको छ।
- अनौपचारिक शिक्षा र सिप आर्जन गर्ने व्यक्तिलाई संस्थागत विकासमा आवद्ध गरी समुदाय स्तरमा रोजगार र व्यक्तिगत रूपमा स्वरोजगार बनाउने प्रशस्त अवसर रहेको छ।
- अनौपचारिक शिक्षाबाट साक्षरता कक्षा र निरन्तर शिक्षा पूरा गरी सिप आर्जन गर्ने व्यक्तिलाई सिप परीक्षणमा सहभागी गरी प्रमाणपत्र दिन सकिने अवसर रहेको छ।
- अतिरिक्त शिक्षा र व्यक्तिगत रूपमा सिप आर्जन गरेका व्यक्तिलाई साक्षरता र निरन्तर शिक्षाको कार्यक्रममा सहभागी गराई सिप परीक्षण गरी समकक्षता निर्धारण गर्ने अवसर रहेको छ।
- सूचना प्रविधिका साधनलाई भरपुर प्रयोग गर्न सकिने अवस्था रहेको छ।
- अनौपचारिक शिक्षालाई जीविकोपार्जनसित जोड्न सकिने अवस्था रहेको छ।

ख. चुनौती

- आवश्यकतामा आधारित निरन्तर शिक्षासँग सम्बन्धित ढाँचा तथा सिकाइ सामग्री विकास तथा सोको कार्यान्वयन गर्न,
- साक्षर व्यक्तिहरूलाई निरन्तर शिक्षाको कार्यक्रम दिन,
- साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमलाई समय सापेक्ष प्रविधियुक्त र कार्यमूलक बनाउन,
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरू समयसापेक्ष बनाउन,
- साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरूले सिकेको ज्ञान र सिपलाई रोजगारसँग जोड्न साथै सिपको प्रमाणपत्र रोजगारको अवसरसँग जोड्न,
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न,
- साक्षर भएका लक्षित समूहबाट साक्षरता सिपको प्रयोग र अभ्यास पूर्ण बनाउन,
- अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सञ्चालन गर्ने संस्था र संयन्त्र विकास गरी चलायमान बनाउन,
- निरक्षरहरूको सङ्ख्या ठूलो भएको स्थानमा मात्र कार्यक्रम सञ्चालन गर्ने परिपाटीमा परिवर्नत ल्याउन,
- आधुनिक सूचनाप्रविधिका सामग्रीलाई जीवन उपयोगी सिपसँग आबद्ध गर्न,

## ३.५.२ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गर्नु,
- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु,
- अनौपचारिक तथा निरन्तर शिक्षालाई जीवनोपयोगी सिपसँग आबद्ध गराउनु,

- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुल्ला शिक्षा, आयमूलक तथा सिपमूलक जस्ता कार्यक्रमहरू सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरूको परिपूर्ति गर्नमा सहयोग गर्नु,
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सिपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याउनु,
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरू तथा प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरीलाई वैकल्पिक कक्षा मार्फत् सिकाइका लागि खुल्ला विद्यालयमा समाहित गर्न,
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सिप, आयमूलक कार्यक्रम र सिपमूलक कार्यक्रम सञ्चालन गर्नु गराउनु,
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रूपमा विकास गर्नु।

### ३.५.३ रणनिति

- सबैका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर सुनिश्चित गराईने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई कार्य सम्पादन गर्न सहजताका लागि प्रत्येक वडाको घरधुरी सर्वेक्षण गरिने छ।
- नगरलाई साक्षर नगरका रूपमा विकसित गरिने छ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सिपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याइने छ।
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरू तथा प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरीलाई वैकल्पिक कक्षा मार्फत् सिकाइका लागि खुल्ला विद्यालयमा समाहित गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सिप, आयमूलक कार्यक्रम र सिपमूलक कार्यक्रम सञ्चालन गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रूपमा विकास गरिने छ।
- सबैका लागि शिक्षा, समावेशी शिक्षा, महिला शिक्षा, प्रौढ शिक्षा , कार्यमूलक साक्षरता, शिक्षामा समता र समानता जस्ता शिक्षासम्बन्धी नवीन अवधारणालाई साकार रूप दिइने छ।

### ३.५.४ कार्यनीति

- अनौपचारिक तथा निरन्तर शिक्षालाई  नागरिकका जीविकोपार्जनसँग जोडेर हेर्ने,
- नगरपालिका क्षेत्रभित्रका जनसङ्ख्याबाट साक्षर तथा निरक्षर र तहगत शैक्षिक तथ्याङ्क विश्लेषण गर्ने ,
- निरक्षरहरूलाई सोही स्तरबाट साक्षरलाई उसको सिकाइ स्तरबाट योजना बनाई कार्यमूलक सिकाइ गर्न योजना तयार गर्ने ,
- भएका सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित गरी सहजकर्तामार्फत सिकाइ सहजीकण गर्ने,
- अनौपचारिक शिक्षाका सिकाइलाई नागरिकका दैनिक जीवनका कृषि, व्यापार, सिकर्मी, डकर्मी, सिलाइबुनाइ आदि स्थानीय सिपसँग आबद्ध गराई कार्यमूलक विकासमा सहयोग गर्ने,
- नगरपालिकाबाट विनियोजन हुने बजेटको निश्चित प्रतिशत रकमलाई अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका क्षेत्रमा पनि छुट्याई प्रतिफलयुक्त लगानी गर्ने,

- अनौपचारिक शिक्षालाई सिपसँग, सिपलाई रोजगारीसँग जोडेर किशोरकिशोरीलाई व्यावसायिक बनाउने ,
- फुर्सदिला युवा तथा पढाइ छाडेर बसेकाहरूका लागि आयमूलक कार्यक्रम जस्तै पशुपालन, मत्स्यपालन, कुखुरापालन, मौरीपालन, कृषिव्यवसाय जस्ता कार्यमा आबद्ध गराउने,
- विद्यालय शिक्षामा पहुँच नपुगेकाहरूका लागि पहुँच सुनिश्चित गर्न छात्रवृत्ति तथा अन्य उत्प्रेरणाका कार्यक्रम अघि बढाउने,
- सामुदायिक सिकाइ केन्द्रहरूलाई चलायमान बनाई उद्देश्यअनुसार सञ्चालन गर्ने,
- निरन्तर सिकाइका लागि खुला शिक्षा सञ्चालन भइरहेका विद्यालयलाई कृयाशील बनाई बिचैमा पढाइ छोडेकाहरूलाई पढाइ निरन्तरताका लागि अवसर प्रदान गर्ने ,
- अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार सिपमूलक तालिम दिइ रोजगारी र स्वरोजगार बनाउने ।

## ३.५.५ उपलब्धि र नतिजा

### क. उपलब्धि

अनौपचारिक तथा निरन्तर शिक्षाका माध्यमबाट जीवनोपयोगी सिप तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

### ख. नतिजा

- आवश्यकतामा आधारित अनौपचारिक तथा निरन्तर शिक्षाको कार्यक्रम उपलब्धिमूलक भएको हुने,
- सामुदायिक सिकाइ केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रूपमा विकास गरी निरन्तर शिक्षामा टेवा पुगेको हुने,
- अनौपचारिक तथा निरन्तर शिक्षासँग सम्बन्धित ढाँचा तथा सिकाइ सामग्रीहरूको विकास तथा कार्यान्वयनमा सहजता भएको हुने,
- अनौपचारिक तथा निरन्तर शिक्षाको व्यवस्थापनका लागि आवश्यक संरचना तथा संस्थागत विकास भएको हुने,
- अनौपचारिक शिक्षाका अध्ययन सामग्रीहरू आधुनिक सूचना प्रविधिसँग परिचित तथा समय सान्दर्भिक भएको हुने,
- निरन्तर शिक्षा प्रवाहका लागि परिभाषित ढाँचा र स्तरिकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना भएको हुने,
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सिपको विकास गरी दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरूको परिपूर्तिका लागि मार्ग प्रशस्त भएको हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) (%) | ७४ | ७६ | ८० | ८३ | ८९ | ९२ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्ष भन्दा माथिका महिला) (%) | ६५ | ६८ | ७१ | ७४ | ७८ | ८६ |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको | ३ | ० | ० | १ | १ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | १ | १ | १ |
| ५ | | | | | | | |

## ३.५.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभिमुखीकरण | केन्द्र | ० | १ | १ | १ | १ | ४ | |
| २ | साक्षरता र निरन्तर शिक्षामा सम्बन्धी कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | विद्यालय शिक्षाभन्दा बाहिर रहेको समूहलाई वैकल्पिक शिक्षाको व्यवस्थापन | | ० | १ | ० | ० | ० | १ | |
| ४ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | पटक | | | १ | | १ | २ | |
| ६ | परिचालकको क्षमता विकास | पटक | | १ | | | १ | २ | |
| ७ | सामुदायिक अध्ययन केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री व्यवस्थापन | केन्द्र | | १ | १ | १ | १ | ४ | |
| ८ | प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापना/ अध्यावधिक गर्ने | क्रमशः | | | १ | १ | १ | ३ | |
| ९ | सामुदायिक पुस्तकालयहरू व्यवस्थापन तथा विस्तार | पटक | | १ | | १ | | २ | |
| १० | मा.वि तहका विद्यार्थीहरूलाई निरन्तर सिकाइका लागि परिचालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

मानिसले आफ्ना ज्ञान , सिप , सामाजिक मूल्य मान्यता र अनुभवहरूलाई एक पिँढीबाट अर्को पिँढीमा स्थानान्तरण गर्दै आएको हुन्छ। यही अनुभव स्थानान्तरण गर्ने कार्यलाई शिक्षा भनिएको हो । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले बालबलिकाको सम्पूर्ण शैक्षिक अनुभवलाई समेट्ने प्रयास गर्दछ। पाठ्यक्रममा कुन विषयवस्तु सिकाउने भन्ने मात्र नभई विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गरी मूल्याङ्कन निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो । बालबालिकाहरूका आवश्यकता, क्षमता र रुचि अनुसार विषयवस्तु दिईन्छ ,भने त्यस्ता विषयवस्तुको सामाजिक महत्त्व पनि रहन्छ। पाठ्यक्रमको माध्यमबाट प्राप्त शिक्षाले व्यक्तिलाई समाज र विश्वपरिवेश अनुकूल समायोजन हुन ,रोजगारी प्राप्त गर्न , पेसा व्यवसाय गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ।

पाठ्यक्रमले राखेका उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पश्चात उद्देश्य अनुरूप विद्यार्थीहरूको व्यवहारमा के कति परिवर्तनहरू आएका छन् वा छैनन् र निर्धारित उद्देश्यहरू के कति मात्रामा पूरा भए भनी लेखाजोखा गर्नु नै मूल्याङ्कन हो । पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थी सक्षम बनाउने दिशामा शिक्षण सिकाइसञ्चालित हुनुपर्छ। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ ले विद्यालय संरचना परिवर्तन भई प्रारम्भिक कक्षादेखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम भएको अवस्थामा सङ्घीय संरचना अनुकूल हुने गरी विद्यालय शिक्षाको पाठ्यक्रमको पुनर्संरचना हुन आवश्यक रहेको उल्लेख छ। पाठ्यक्रमलाई समयानुकूल परिवर्तन गर्दै जीवनाकूल बनाउनु जरुरी देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नवीन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम, कक्षा ४ देखि ८ सम्म विषयगत तथा कक्षा ९ देखि १२ सम्म एकल पथिय पाठ्यक्रम ढाँचा अवलम्वन गर्ने कुरा सुझाएको छ। यसरी हेर्दा पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्ग दर्शन गर्ने आधार भएकोले मानवीय आवश्यकता बालबालिकाका , रुचि सामाजिक , मूल्य, मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकूलपाठ्यक्रमलाई एउटागतिशील र लचिलो प्रक्रियाको रूप मा लिन आवश्यक छ।

### ४.१.१ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिका मा जम्मा ३० सामुदायिक विद्यालयहरू रहेका छन् भने १३ वटा संस्थागत विद्यालयहरू रहेका छन्। ४२ वटा बालविकास केन्द्रहरू रहेका छन्। ती विद्यालयहरू मध्ये १ नमुना विद्यालय रहेको छ र १ प्रविधिक धार सञ्चालन भएको विद्यालय रहेको छ। यस पालिकाभित्र सामुदायिक र संस्थागत विद्यालयहरूमा जम्मा १२७३९ विद्यार्थीहरू अध्ययनरत छन्। (स्रोत: बोदेबर्साइन नगरपालिकाको इमिस २०८१) नगरपालिका भित्रका १३ वटा संस्थागत विद्यालयहरूले आ-आफ्नै तरिकाले निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तकहरूको छन् भने सामुदायिक विद्यालयहरूमा पाठ्यक्रम विकास केन्द्रले तय गरेको पाठ्यपुस्तक पठनपाठन भईरहेको छ। यस पालिका भित्र वर्तमान परिस्थितिमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा रहेको छ जस अन्तर्गत शैक्षिक वर्ष २०७७ देखि १ र ११ मा नयाँ पाठ्यक्रम अनुरूप अध्ययन अध्यापन कार्य सुरु गरी शैक्षिक वर्ष २०८० सम्म कक्षा १२ सम्म सबै कक्षामा कार्यान्वयन भएको छ। सामुदायिक विद्यालयहरूको आधारभूत तह तर्फ स्थानीय पाठ्यक्रम लागु गर्नुपर्ने कार्यविधि अनुसार यस पालिकाले पनि कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको छ।

यसै गरेर पालिका र शिक्षा विकास तथा समन्वय ईकाइद्वारा पनि बेला बेलामा सामुदायिक विद्यालयका शिक्षकहरूलाई पेसागत क्षमता विकाससम्बन्धी विभिन्न गोष्ठी र तालिमहरू गराई शिक्षण सिकाइमा सुधारको प्रयास गरिएको छ तापनि परिवर्तित समय र परिस्थिति

अनुरूप शिक्षण सिकाइ कार्यको प्रभावकारिता र शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणा, सिकेको कुरा कक्षाकोठामा प्रयोग, पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका पक्षमा सुधारको जरुरी देखिन्छ ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रति तयार गरी वेवसाइटमा राखेको छ । साथै प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत पनि यस पालिकाका सबै सामुदायि विद्यालयहरूमा १८० विभिन्न शीर्षकका सन्दर्भ पढाइ सामग्रीका पुस्तकहरू वितरण भएका छन । सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमको महामारी र बिपद्को बेलामा विभिन्न विधि र माध्यममा पाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड-१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अपर्याप्तता देखाएको छ । सधैँ आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण तथा मूल्याङ्कनका क्रममा पनि वैकल्पिक विधि र माध्यमको आवश्यकता जरुरी देखिन आउँछ ।

### *अवसर र चुनौतीहरू*

नेपालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा देशभरका विद्यालयहरूमा शैक्षिक वर्ष २०७७ देखि नयाँ पाठ्यक्रम लागु भई सोहि अनुरूपको हाल कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन अध्यापनको कार्य भईरहेको छ । प्रत्येक सामुदायिक विद्यालयका सम्पूर्ण विद्यार्थीहरूले कक्षा १० सम्म निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्नु , अपाङ्गता, दलित तथा छात्रा छात्रवृत्तिको व्यवस्था गरीनु, पालिका भित्रका बाल शिक्षकहरूले तालिम प्राप्त गर्नु, कक्षा ११ र १२ सञ्चालित सबै सामुदायिक विद्यालयहरूले अनिवार्य विषयका पाठ्यपुस्तक खरिदका लागि रकम अनुदान प्राप्त गर्नु, स्रोत कक्षा सञ्चालन भएका विद्यालयहरूमा वार्षिक रूपमा अनुदान रकम विद्यालयले प्राप्त गर्नु , स्थानीय तह र प्रदेश सरकारले विज्ञान प्रयोगशाला र ICT LAB ५ विद्यालयमा स्मार्ट कक्षा सहित १८ ICT LAB को व्यवस्थापनमा सहयोग गर्नु, परिस्थिति अनुकूल वर्तमान समयमा संस्थागत तथा सामुदायिक विद्यालयहरूमा वैकल्पिक विधिको प्रयोगद्वारा अनलाइन परिक्षा सञ्चालन, Online Class, Messenger Group द्वारा वैकल्पिक कक्षा सञ्चालन हुनु, कतिपय विद्यालयहरूमा आफ्नै वेवसाईट हुनु, कक्षा १ देखि ३ सम्म सत प्रतिशत आन्तरिक मूल्याङ्कन, कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत र कक्षा ९-१२ मा २५ प्रतिशत आन्तरिक मूल्याङ्कन लागु हुनु, कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयन हुनु, सशर्त अनुदान अन्तर्गत पालिकाद्वारा प्रत्येक सामुदायिक विद्यालयहरूमा बुक कर्नरका लागि रकम निकासा हुनु लगायतका गतिविधि र कार्यक्रमहरूले यस क्षेत्रका सुधारको अवसर अनुभूत गराउँछ ।

यस पक्षको चुनौतीको रूपमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता, शिक्षकको तयारी, शिक्षण सिकाइ उद्देश्य प्राप्तिका लागि शैक्षिक सामग्रीको निर्माण र प्रयोग, समय व्यवस्थापन, विद्यार्थीहरूको नियमितता, कक्षाकोठा व्यवस्थापन, पाठ्यक्रमले निर्देशित गरे अनुसार मुल्याङ्कन, विद्यार्थीहरूको विद्यालय उपस्थितिमा नियमितता, बालबालिकाहरूको पाठ्यपुस्तक उपलब्धतामा ढिलाई, विद्यालयमा प्रर्याप्त तहगत पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव आदि रहेका छन् भने यस क्षेत्रका मुख्य समस्या र चुनौतीहरूलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र समयमै पाठ्यक्रम प्रवोधिकरणको व्यवस्था गर्न ।
- स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री निर्माण र कार्यान्वयनको व्यवस्थापन गर्न ।
- सबै शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी अभिमुखिकरण गराउन ।
- प्रारम्भिक कक्षाहरूमा उद्देश्य प्राप्तिअनुरूपको मातृभाषा, बहुभाषा र स्थानीय भाषा प्रयोगमा कठिनाई ।
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीहरूको उपलब्धता र अपाङ्गताको प्रकृति अनुसारको लचकता प्रदान गर्न ।
- पाठ्यपुस्तकको सुधार र गुणस्तर कायम गर्न ।
- विद्यार्थीहरूका लागि मुद्रित तथा डिजिटल साथै प्रविधिमैत्री सामग्रीको विकास र उपलब्धता हुन ।

- पाठ्यक्रमले निर्देशित गरे अनुसार मुल्याङ्कन व्यवस्थित गर्न, मूल्याङ्कन पद्धतिलाई सिकाइ र जीवनउपयोगी सिपसँग जोड्न।
- आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको भएता पनि पूर्णरूपमा कार्यान्वयन गर्न ।
- एकीकृत पाठ्यक्रम सम्बन्धी सबै शिक्षकहरूलाई तालिम दिन।
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्न।
- स्रोत कक्षा सञ्चालित विद्यालयको शिक्षकहरूलाई अपाङ्गताको प्रकृति अनुसारको तालिमको व्यवस्था गर्न।
- पालिका भित्रका सबै विद्यालयहरूमा प्रविधि मैत्री शिक्षण सिकाइका लागि कम्तीमा सबै विद्यालयमा एक एक ल्यापटप, एक प्रिन्टर र इन्टरनेटको व्यवस्थापन गर्न।
- विद्यालयमा रहेका सन्दर्भ पढाइका सामग्रीहरूको उचित व्यवस्थापन तथा प्रयोग गर्न।
- नगरपालिका भित्रका विद्यालयहरूमा विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था अनुकूलको शिक्षक तथा दरबन्दी उपयुक्त वितरण गर्न।
- वेबसाइटहरूमा उपलब्ध सामग्रीहरूमा विद्यालय, अभिभावक र विद्यार्थीहरूको पहुँचमा सुनिश्चित गर्न।
- बिपद् र महामारीको समयमा विभिन्न विधि र प्रविधिको प्रयोग तथा पहुँचको व्यवस्थापन र टोलबस्ती घुम्ती तथा रेडियो टेलिभिजन शैक्षिक कार्यक्रमको सुनिश्चिततामा पहुँच पुर्याउन।

### ४.१.२ उद्देश्य

यस योजनाले पालिका भित्र पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तर प्राप्तिका लागि प्रभावकारी ढंगले कार्यान्वयन गर्नु।
- स्थानीय परिवेश बमोजिम निर्मित स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार बालबालिकाहरूमा ज्ञान, सिप र व्यवहारकुशल सिपको विकासमा सहजीकरण गर्नु।
- पाठ्यक्रमलाई जीवन्त अनुभवमा आधारित सिपसँग जोडी विकास र कार्यान्वयन गर्नु।
- शिक्षकहरूलाई पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण तथा मुल्याङ्कन प्रणाली सम्बन्धी तालिमको व्यवस्था गर्नु।
- पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधमैत्री सिपयुक्त सक्षम जनशक्ति तयार गर्नु।

### ४.१.३ रणनीतिहरू

उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि निम्न रणनितिहरू अवलम्बन गरिने छ :

- पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि पालिका भित्रका विद्यायलयहरूमा यसको मूल्याङ्कन र कार्यान्वयन पक्षको सुनिश्चित गरिने छ।

- सिकाइलाई दैनिक जीवनसँग जोड्न स्थानीय परिवेश र भौगिलिक अवस्था अनुकूलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गरिने छ।
- बालबालिकाहरूमा स्थानीय र आधुनिक परिवेश अनुसारको  शिक्षण सिकाइ सहजीकरण गरी ज्ञान, सिप, र व्यवहार विकासमा टेवा पुर्याईने छ।
- स्थानीय परिवेश र भौगोलिक अवस्थाका आधारमा बालबालिकाहरूमा विभिन्न सिपसँग सम्बन्धित चरणबद्धरूपमा तालिम र परियोजना कार्यहरू सञ्चालन गरिने छ।
- पालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयहरूमा क्रमशः सञ्चार र प्रविधिको पहुँचको सुनिश्चित गर्रिदै  लगिने छ।
- प्रत्येक आधारभूत तथा माध्यमिक तहका सामुदायिक विद्यालयका प्रधानाध्यपकहरूलाई प्रविधिसँग जोड्न क्रमशः ल्यापटपको व्यवस्था गरिँदै लगिने छ।
- पालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरू विच आ-आफ्ना शैक्षिक प्रणाली र सिकाइ प्रक्रियाका   आ- आफ्ना विचार आदान प्रदान गर्न प्रोत्साहन गरिने छ ।
- पालिकाभित्रका सामुदायिक विद्यालयहरू मध्ये कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यालयलाई क्रमशः उचित मुल्याङ्क गरी पुरस्कृत गरिने छ।
- तहगत सबै शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ।
- प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि बालमैत्री शैक्षिक सामग्रीको व्यवस्थापन गरिने छ।
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने छ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र आन्तरिक मूल्याङ्कनलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिने छ।
- कोभिड-१९ जस्तै अन्य प्रकारका विपतका बखतमा पढाइ निरन्तरताका लागि कक्षा १ देखि ३ सम्म तथा माथिल्ला कक्षाहरूमा पनि गृह विद्यालय कार्यक्रम सञ्चालन गरिने छ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार स्थानीय सरकारलाई विद्यालय तहमा पाठ्यक्रम कार्यान्वयन पक्षमा सक्षम बनाइनेछ।
- महामारी, विपद् तथा सङ्कटको बेला सिकाइलाई निरन्तरता दिन वैकल्पिक सिकाइका आधारहरू पहिचान गरी सामुदायिक विद्यालयका शिक्षकहरूको पेसागत सक्षमता विकास गरिने छ। उक्त प्रयोजनका लागि स्थानीय अनलाइन पत्रपत्रिका साथै रेडियोहरूको साझेदारी भूमिकामा सिकाइ सामग्रीहरू उत्पादन गरी छपाई तथा प्रसारण गरिने छ।
- विद्यार्थीहरूको लागि सिकाइ सामग्रीहरू तथा सन्दर्भ सामग्रीहरूको पालिकाबाट विकास गरी सामुदायिक विद्यालयका दक्ष शिक्षकहरूबाट स्थानीय तहको आर्थिक लगानीमा स्थानीय रेडियोको प्रयोग गरी प्रशारण गरिने छ।
- सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शि.अ. सङ्घका पदाधिकारीहरू, सरोकारवालाहरू साथै जनप्रतिनिधिहरूको सहभागितामा प्रत्येक वडा भित्र रहेका विद्यालयहरू बिच वर्षमा कम्तिमा एक पटक वडा कार्यालयको संयोजकत्वमा पढाइ मेला वा सिकाइ प्रतिस्पर्धा आयोजना गरिने छ।
- प्रत्येक सामुदायिक विद्यालयहरूमा सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकाइ उपलब्धि  सुधार गरिने छ।

- अतिरिक्त क्रियाकलापलाई प्रथमिकतामा राख्दै पालिकामा कोषको खडा गरी शैक्षिक भ्रमण, तथा पालिका स्तरीय शैक्षिक प्रदशनीको आयोजनाको प्रबन्ध मिलाइने छ।
- सबै कक्षा र तहका परीक्षाहरूलाई पालिका स्तरबाट सञ्चालन गरी मूल्याङ्कनलाई व्यवस्थित गरिने छ।
- आधारभूत तथा माध्यमिक तहको परीक्षालाई स्तरीय र मर्यादित बनाई सुधार गरिने छ।
- समुदायिक विद्यालयमा तहगत संयोजकको व्यवस्था गरिने छ भने प्रत्येक विद्यालयका शिक्षकहरूले वार्षिक सिकाइ योजना बनाई विद्यालय प्रशासन र वि.व्य.स. सँग सम्झौता गरी सिकाइ उपलब्धि प्रति शिक्षकहरूलाई जिम्मेवार तथा जवाफदेही बनाइने छ।
- नगरपालिकाद्वारा निर्मित स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरू विकास गरिने छ।

### ४.१.४ उपलब्धि तथा प्रमुख नतिजा

#### (क) उपलब्धि

- पालिका भित्रका विद्यालयहरूमा विद्यालय तहको पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली प्रभावकारी र शैक्षिक गुणस्तर कायम भई दैनिक जीवनका लागि आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, प्रविधिमैत्री सिप भएको, सिकाइप्रति प्रतिवद्ध, रोजगार उन्मुख स्थानीय परिवेशसँग परिचित नागरिक तयार गर्न सहयोग मिल्ने।

#### (ख) प्रमुख नतिजा

- पालिका भित्रका विद्यालयहरूमा पाठ्यक्रम र मूल्याङ्कन सुधारसहित कार्यान्वयन भएको हुने,
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार पालिका भित्रका सबै विद्यालयहरूमा प्रभावकारी रूपमा पाठ्यक्रम कार्यान्वयनमा आएको हुने,
- सबै विद्यालयहरूमा एकीकृत पाठ्यक्रम तथा स्थानीय पाठ्यसामग्रीको विकास र समायोजन गरी कार्यान्वयन भएको हुने,
- प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म स्थानीय आवश्यकता र परिवेश अनुसारको स्थानीय भाषा, बहुभाषा वा मातृभाषाको प्रयोग गरी शिक्षण सिकाइ सञ्चालन भएको हुने,
- विद्यालय स्तरीय वार्षिक परीक्षामा एकरूपता आउने साथै अभिभावकहरूको सहभागीता भई मूल्याङ्कन र सञ्चालनमा सुधार हुने,
- पाठ्यसामग्रीहरू अपाङ्गतामैत्री, बालमैत्री ,स्थानीय परिवेश अनुसार सान्दर्भिक र प्रभावकारी भएको हुने,
- पाठ्यक्रमको कार्यान्वयन विद्यार्थीको सिकाइमा आधारीत भई उत्तरदायित्वको वहन भएको हुने,
- पाठ्यक्रमले राखेको उद्देश्य अनुरूप दक्ष प्रविधिमैत्री सिपयुक्त जनशक्ति उत्पादन भएका हुने,

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ४ | पाठ्यसामग्रीहरू अपाङ्गतामैत्री, बालमैत्री ,स्थानीय परिवेश अनुसार सान्दर्भिक भएका विद्यालय | २ | ५ | ८ | १० | १५ | २० |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## ४.१.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको विकास र प्रवोधिकणसम्बन्धी कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | पाठ्यक्रम, पाठ्यपुस्तक, र शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारी कार्यान्वयन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | २ | |
| ४ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला, | विद्यालय | | १ | १ | १ | १ | ४ | ४ | |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक कार्यान्वयन | पटक | कक्षा १-८ | | | | | | | |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | कक्षा १ देखि ३ सम्मको पठनसिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन | | | | | | | | | |
| ८ | निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | एकीकृत पाठ्यक्रमको प्रवोधिकरण र प्रयोग | पटक | १ | | १ | | | २ | २ | |
| ९ | मुल्याङ्कन प्रणालीमा सुधार ल्याउन कक्षा ५, ८ र ११ को पालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | कक्षाकोठामा आधारित कक्षा पठाइ तथा सिप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालय तहको मुल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकूल पाठ्यपुस्तक/पाठ्यसामग्री नि:शुल्क उपलब्धता | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| १३ | सिकारुको सिकाइ उपलब्धिप्रति जवाफदेही बनाई गुणस्तर सुधारकालागि प्रअ र शिक्षकसँग कार्य सम्पादनमा आधारित करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सामग्रीहरूको विकास गर्ने। | पटक | | १ | | १ | | २ | | |
| १५ | मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाइ व्यवहारमुखी बनाउन तालिम सञ्चालन गर्ने। | पटक | | १ | १ | १ | | ३ | ३ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षण सिकाइमा नयाँ नयाँ प्रविधिसँग परिचित हुन, खोजी र सहकार्य गर्न, संकृतिको विकास गर्न, नयाँ विचार र ज्ञानको खोजी गर्न, नेतृत्व क्षमताको विकास गर्नका लागि प्रजातान्त्रिक एवम् सहयोगात्मक वातावरण निर्माण विद्यालयमा कार्यरत शिक्षकहरूको पेसागत क्षमता र दक्षतामा अभिवृद्धि गर्नका लागि शिक्षक पेसागत सहयोगको आवश्यकता पर्दछ । जसका लागि छलफल, अन्तरक्रिया, तालिम, गोष्ठी, कार्यमूलक अनुसन्धानजस्ता विविध तरिकाका कार्यक्रम सञ्चालन गरी शिक्षकको पेसागत सहयोगमा टेवा पुर्याउन सकिन्छ। विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्नका लागि शिक्षकको पेसागत सक्षमताको विकास अपरिहार्य रहेको छ। शिक्षक तथा विद्यार्थी बिचम शिक्षण सिकाइका लागि उच्च अभिप्रेरण र मनोबल कायम राख्नका लागि पनि शैक्षिक गुणस्तरको सुनिश्चितता मागमा आधारित पेसागत विकास कार्यसम्पादनमा सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापन विद्यालय क्षेत्र विकास योजनाको मुख्य सिद्धन्त हो।

शिक्षा नीति २०७६ अनुसार शिक्षा प्रणलीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्नका लागि उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता, जवाफदेहिता र उतरदायित्व सुनिश्ति गर्दै शौक्षिक सुसाशन कायम राख्नुमा जोड दिएको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ अनुसार शिक्षाको गुणस्तर शिक्षकको गुणस्तर सँग सम्बन्धित हुन्छ । जसका लागि शिक्षक दरबन्दी तयारी, शिक्षक छनोट, शिक्षकपेसा विकास र उपयोग, शिक्षक प्रेत्साहन, सङ्घीय संरचनामा शिक्षक व्यवस्थापन, शिक्षकहरूको अनुभवको प्रयोग जस्ता पक्षहरूमा विषेश जोड दिएको छ। यसका साथै शिक्षकहरूको पेसागत क्षमता विकास र विस्तारका लागि शिक्षक तालिमलाई आधुनिक सूचना प्रविधि तथा प्रणली सँग सम्माहित गराउने कुरामा जोड दिएको छ।

राज्यको पुनः संरचनाको साथ साथै देशको परिवर्तित अवस्थामा बनाइएको नेपालको संविधानद्वारा प्रदत्त शिक्षाको समान पहुँचको हकलाई कार्यान्वयनमा ल्याउन शैक्षिक संरचनामा भएको परिवर्तनलाई संस्थागत गर्न, नीतिगत र कानुनी व्यवस्थाहरू गरिएका छन् । शिक्षाकै गुणस्तरको सुधारको निमित्त शिक्षक दरबन्दीको पुनरावलोक गर्दै समानुपातिक र समन्यायपूर्ण ढगंले वितरण गर्न निश्चित योजना र कार्यविधि तयार गर्नु आवश्यक रह्यो। विद्यालयहरूको पुनः संरचना गर्ने कार्यलाई हेर्दा प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्मलाई आधारभूत (१ देखी ८) र माध्यमिक (९ देखी १२) तहमा वर्गीकरण गरिएको छ। यस्तो परिवर्तित सन्दर्भमा पुरानो मौजुदा व्यवस्थामा राज्यद्वारा स्रोत साधनहरूको समयानुकूल र समतामूलक वितरण गर्नुपर्ने आवश्यकता देखिएको हुँदा नगरपालिकाभित्र पनि विद्यमान शिक्षक दरबन्दी अवस्थाको अध्ययन अनुसन्धान र पुनरावलोकन गरी पुनर्वितरण गर्ने यो योजनाको लक्ष्य रहेको छ। यसको अतिरिक्त वर्तमान अवस्थासम्म आइपुग्दा विद्यमान नीतिगत कानुनी व्यवस्था र शिक्षक दरबन्दी र विद्यालय गर्दा ध्यान दिनुपर्ने विषयहरू र शिक्षक शिक्षक व्यवस्थापन, पेसागत विकासका लागि अपनाउनुपर्ने नीतिगत व्यवस्था समावेश गरिँदा योजना कार्यान्वयन गर्ने सन्दर्भमा सहजता हुने देखिन्छ।

### ४.२.१ वर्तमान अवस्था

नेपालको संविधानले सबै नागरिकहरूलाई आधारभूत शिक्षा (प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म) लाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तह (कक्षा ९–१२) सम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको रूपमा व्यवस्था गरेको छ। त्यस्तै गरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हकको व्यवस्था गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक तथा व्यावसायिक सिपमूलक, रोजगारमूलक तथा जनमुखी बनाउने विषय संविधानमा उल्लेख गरिएको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था नेपालको संविधानले गरेको छ।

विद्यालयमा विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसर हरूलाई सजिलोसँग लिन सक्ने (बिक्न सक्ने) बनाउने हाम्रो शिक्षा पद्धतिको उद्देश्य रहेको पाइन्छ । मूलरूपमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण पेसामा सक्षम शिक्षक भित्र्याउने, टिकाउने, क्रियाशील तुल्याउने र आफ्नो पेसा र कामको जिम्मेवारीप्रति जवाफदेही बनाउने योजनाका साथ

विद्यालयहरूमा शिक्षक दरबन्दी कायम हुनु आजको आवश्यकता हो । बोदे बर्साइन नगरपालिकाको तहगत रूपले वर्तमान अवस्थाको स्वीकृत शिक्षक दरबन्दीको अवस्था निम्न अनुसार रहेको छ।

**बोदेबर्साइन नगरपालिकको तहगत शिक्षक दरबन्दी विवरण २०८२**

यस नगरपालिकाका विद्यालयहरुमा कार्यरत शिक्षक संख्या

| प्राथमिक | | निम्न माध्यमिक | | माध्यमिक | | मा.वि.११-१२ | |
|---|---|---|---|---|---|---|---|
| स्वीकृत द.मा. | राहतमा | स्वीकृत द .मा | राहतमा | स्वीकृत द.मा | राहतमा | स्वीकृत द.मा | राहतमा |
| ७९ | २८ | १५ | ११ | १८ | ६ | ४ | ० |

| क्र.स | तह | स्थायी | राहत | अस्थायी/ अनुदान | करार | जम्मा | कैफियत (महिला) |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१–५) | ७८ | २८ | | | १०६ | २९ |
| २ | आधारभूत तह (६–८) | १६ | ११ | | | २७ | ६ |
| ३ | माध्यमिक तह (९–१०) | १८ | ६ | | | २४ | २ |
| ४ | माध्यमिक तह (प्राविधिक धार ९–१२) | | | | ८ | ८ | ० |
| ५ | माध्यमिक तह (११–१२) | | | | ४ | ४ | ० |
| ६ | पूर्वप्राथमिक शिक्षक (बालविकास केन्द्र सहजकर्ता) | | | | ४२ | ४२ | ४२ |
| | **जम्मा** | **११२** | **४५** | | **५४** | **२११** | **७९** |

*(बोदे बर्साइन नगरपालिका शिक्षा शाखा २०८२)*

### *अवसर र चुनौतीहरू*

(क) अवसर

- स्थानीय सरकारलाई शिक्षाको जिम्मेवारी दिनु,
- योग्यता प्राप्त शिक्षकको उपलब्धता हुनु,
- तालिम प्राप्त शिक्षकको पर्याप्तता रहनु,
- योग्य तथा तालिम प्राप्त प्र.अ को व्यवस्था हुनु,

(ख) चुनौती

- पर्याप्त विषयगत दरवन्दी व्यवस्था गर्न,
- तहगत, योग्यता र तालिमप्राप्त प्रधानाध्यापकको सबै विद्यालयहरूमा दरबन्दीको व्यवस्था गर्न,

- तहगत शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गर्न,
- विद्यालय सुपरिवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउन,
- शिक्षकलाई सेवा प्रवेशको तालिमको व्यवस्था गर्न,
- हालको संरचनागत तहमा योग्यता र तालिम पुगेका शिक्षकको व्यवस्था गर्न,
- गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकको सहज उपलब्धता गर्न,
- प्राविधिक तथा व्यावसायिक विषयका शिक्षकको उपलव्धता गर्न,
- शैक्षिक तथ्याङ्कहरूको व्यवस्थापन गर्न,
- प्रविधियुक्त शिक्षण सिकाइलाई प्रयोगमा ल्याउन उपयुक्त तालिमको व्यवस्था गर्न,
- शिक्षामा एकीकृत रूपमा बजेटको विनियोजन,
- संस्थागत रूपमा सञ्चालित विद्यालयका शिक्षकहरूलाई तालिमको व्यवस्था गर्न,
- शिक्षक पेसागत सहयोगको स्थायी संयन्त्र स्थापना गर्न,
- विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्न।
- नियमित तालिम तथा नयाँ नयाँ शैक्षणिक विधि र पद्धतिबारेमा जानकारी गराउन,

### ४.२.२ उद्देश्य

- शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाइ शिक्षकको दक्षता र उत्प्रेरणामा सुधार गर्नु,
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आपूर्तिमा आधारित नभएर मागमा आधारित बनाउनु,
- कार्यरत शिक्षकको सक्षमता परीक्षण गर्ने व्यवस्था गरी पेसागत सक्षमता , कार्यसम्पादन स्तर र अनुभवलाई वृत्ति विकास सगँ आवद्धता गर्नु,
- सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था गर्नु,
- विद्यालय सुपरिवेक्षण प्रणाली तथा शिक्षक पेसागत सहयोग प्रणालीलाइ मागमा आधारित बनाइ शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा सुधार गर्नु,
- विद्यालयको प्रशासनीक , व्यवस्थापकीय तथा शैक्षिक सुधारका लागि सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम राख्ने,
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको समग्र पक्षको अनुगमन र सुपरिवेक्षणमा जिम्मेवार बनाई स्थानीय तहले समन्वय र सहजीकरण गर्नु,
- शिक्षकको पेसागत विकास तथा निरन्तर पेसागत सहयोगका लागि प्रणाली स्थापना गर्नु,
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेसागत सहयोग, कोचिङ, मेन्टरिङ प्रणालीलाइ व्यवस्थित गर्नु,

### ४.२.३ रणनीति

- विद्यालयमा तहगत तथा कक्षा शिक्षकको पहुँचमा सुधार गर्ने,
- शिक्षक सक्षमता अभिवृद्धि गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने,
- विद्यालय सुपरिवेक्षण प्रक्रियालाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिमा आधारित बनाउन जोड दिने,
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेसागत सहयोगका लागि विषय विज्ञको समूह निर्माण गरी नियमित रूपमा विद्यालयलाई सहयोग गरिने छ।
- कोचिङ मेन्टरिङ प्रणालीलाई व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाई सहयोग पुग्ने गरी मेन्टर परिचालन गरिने छ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकलाई प्राथमिकताका साथ पेसागत सहायता प्रदान गरिने छ।
- शिक्षकहरूको विषयगत सञ्जाल निर्माण गरी सिकाइ आदानप्रदान गर्न प्रोत्साहन गरिने छ।
- पालिकाले आफनो तथा अन्य संघसंस्थासँगको समन्वयमा नियमित तालिम तथा नयाँ नयाँ शैक्षणिक विधि र पद्धतिबारेमा तालिम संचालन गरिने छ।

### ४.२.४ उपलब्धि र नतिजा

**(क) उपलब्धि**

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ।

**(ख) नतिजा**

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रक्रिया स्वच्छ र पारदर्शी भएको हुने,
- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक वितरण भएको हुने,
- शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण भएको हुने,
- शिक्षक सहायता प्रणाली व्यवस्थित भएको हुने,
- शिक्षकको पेसागत विकासमा स्थानीय तहको प्रयाप्त सहयोग भएको हुने,
- शिक्षकहरू सूचना तथा सञ्चार प्रविधि प्रति अभ्यस्त भएको हुने र सो को प्रयोग शिक्षण सिकाइ प्रक्रियामा समेत भएको हुने,
- शिक्षकको विषयगत सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान भएको हुने,
- शिक्षकको आत्मविश्वास तथा ज्ञान र सिपमा वृद्धि भएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४२ | ४२ | ४२ | ४२ | ४२ | ४२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | ७० | ७५ | ८० | ८५ | ९० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ७५ | ८० | ९० | ९५ | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | २५ | ३५ | ५० | ७० | ८५ | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ५ | १० | १५ | २० | २५ | ३० |
| ६ | महिला शिक्षक प्रतिशत | ३७ | ४० | ४२ | ४४ | ४७ | ५० |

## ४.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यकताको आधारमा योग्य, सक्षम, सूचना प्रविधिसँग परिचित शिक्षक तालिम | जना | | ७ | ७ | ७ | ७ | २८ | |
| २ | मागमा आधारित छोटो अवधिका पेसागत विकास तालिम तथा कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम सञ्चालन | पटक | | १ | | १ | | २ | |
| ४ | स्थानीय तहमा विज्ञ समूह गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयमा हुने आन्तरिक तथा बाह्य अनुगमन र सुपरिवेक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | शिक्षकको आपूर्ति र वितरण, विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | पटक | | | १ | | | १ | |
| ८ | शिक्षकले शिक्षणमा बिताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षकहरूको विषयगत सञ्जाल निर्माण | पलिकागत | १ | १ | १ | १ | १ | ५ | |
| १० | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने मापदण्ड विकास | पटक | | १ | | | | १ | |
| ११ | पेसागत शैक्षिक अवलोकन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | अन्तरविद्यालय अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | निश्चित कार्यसम्पादन सूचकका आधारमा प्रत्येक वर्ष प्रत्येक तहगत रूपमा उत्कृष्ट शिक्षक पुरस्कारबाट पुरस्कृत गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १४ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT Lab को प्रबन्ध गर्ने । | विद्यालय | १ | १ | १ | १ | १ | २ | |
| १५ | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १६ | विद्यार्थी सिकाइ उपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र स्थानीय तहलाई जिम्मेवार बनाउने । | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १७ | पालकिा स्तरीय शिक्षक सम्मेलन कार्यक्रम | पटक | | | १ | १ | १ | ३ | |
| १८ | कोचिङ मेन्टरिङ प्रणालीलाइ व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाई सहयोग गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने | पटक | | १ | | | १ | २ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

नेपालको संविधानले शिक्षालाई आधारभूत मानव अधिकारको रूपमा परिभाषित गर्दै आएको वर्तमान परिप्रेक्ष्मा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्रलगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरूको शिक्षामा सहज, सर्वसुलभ र समतामूलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्वको रूपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । सामान्य रूपमा विद्यालयमा आइरहेका वा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकूल हुने शिक्षा पद्धति नै समावेशी शिक्षा हो ।

हाम्रो देश सामाजिक र साँस्कृतिक रूपमा विविधता भएको मुलुक हो। यहाँ बहुभाषिक, बहुसंस्कृतिक र बहुजातीय समुदायको बसोबास रहेको छ। यही विविधता भित्र विभेद र बञ्चितीकरणमा परेका समुदायहरू पनि रहेका छन्। भौगोलिक, क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको पाइन्छ। उल्लिखित विविधता भएको हाम्रो समाजमा शारीरिक रूपमा, मानसिक रूपमा, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक आधारमा, वातावरण भूगोल, रुचि तथा अवसर प्राप्तीका आधारमा वैयक्तिक भिन्नता भएकाहरूलाई उचित सहभागिता गराउँदै शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यक छ।

नेपाल सरकारको सोह्रौँ योजनाले पनि आर्थिक, समाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडि परेका विभिन्न वर्गहरूका लागि सिप विकास तालिम, छात्रवृत्ति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रममहरू सञ्चालन हुँदै आएको उल्लेख छ।

समावेशी शिक्षा तथा समता सम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५–२०३०) लक्ष्य नं. ४ मा पनि यो विषय उल्लेख भएको छ। त्यसैगरी समता रणनीति २०७१ ले पनि शिक्षामा समावेशी र समतालाई जोड दिएको पाइन्छ। त्यसै गरेर राष्ट्रिय शिक्षा नीति २०७६ ले अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरेको छ। विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारणहरू तथा बाधाहरू पहिचान गरी ती बाधाहरूलाई हटाउन सक्नु पर्दछ।

## ४.३.१ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिकामा हाल जम्मा ३० वटा सामुदायिक विद्यालय, सामुदायिक विद्यालयहरूमध्ये १ वटा विशेष विद्यालय रहेको छ। जियालाल प्रा.वि. सुस्त मनष्तिति भएका बालबालिकाहरूका लागि विशेष विद्यालयका रुपमा कक्षा सञ्चालनमा रहेको छ। यस पालिकामा जम्मा १३ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन्। यस क्षेत्रमा मुलत: स्रोत कक्षा सञ्चालन भइरहेका विद्यालयहरूले अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष प्रकारले शिक्षा दिइरहेको पाइन्छ। हाल विशेष विद्यालय सञ्चालित १ विद्यालयमा जम्मा १० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। त्यसै गरी यस पालिका भित्र ससर्त अनुदान अन्तर्गत दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, अपाङ्गता भएका, दलित तथा छात्राहरूलाई छात्रवृत्ति कार्यक्रम, त्यसै गरी प्राथमिक तहमा मातृभाषाको पढाइ हुनु, बालबालिकाको गुनासो तथा सुझावहरू सुन्नका लागि गुनासो सुनुवाइ सम्बन्धी व्यवस्था हुनु आदि गतिविधिहरू सञ्चालनमा रहेका छन्। जसका लागि भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई समेटी विद्यालय वाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्वोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु जरुरी हुन आउँछ।

*अवसर र चुनौतीहरू*

समतामूलक एवम् समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने संयुक्त राष्ट्र सङ्घीय प्रमाणीकरण नियम १९९ मा प्रतिबद्धता जनाएको छ। त्यस पछि चरणबद्ध रूपमा समता र समावेशी शिक्षाको क्षेत्रमा सङ्घदेखि स्थानीय तहसम्म सुधारका प्रयासहरू भइरहेका छन्। बालविकासको क्षेत्रमा प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले विद्यालयले रकम प्राप्त गर्नु, अपाङ्गता भएका बालबालिकाले वार्षिक छात्रवृत्ति पाउनु, दिवा खाजाको व्यवस्था हुनु, निःशुल्क पाठ्यपुस्तक वितरण हुनु, छात्रा, दलित, तथा सीमान्तकृत बालबालिकालाई छात्रवृत्तिको व्यवस्था हुनु, विद्यालय तहमा लैङ्गिक व्यवस्थाका लागि महिला शिक्षकको व्यवस्था हुनु, विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा आउनु, सामुदायिक विद्यालयहरूको माध्यमिक तहमा नगरद्वारा CC क्यामेरा वितरण हुनु, स्रोत तथा विशेष कक्षा सञ्चालन भएका विद्यालयहरूले वार्षिक १,९५,००० र प्रत्येक विद्यार्थीहरूले मासिक ५००० का दरले ५,००,००० आवासीय खर्च रकम प्राप्त गर्नुलगायतका कार्यक्रम कार्यान्वयनमा रहेका छन्।

यस क्षेत्रको चुनौतीका रूपमा अझै पनि कक्षा १–८ तर्फ कक्षा छाड्ने दर ८.८ प्रतिशत रहनु, कतिपय विद्यालयहरूमा शिक्षक दरबन्दी कम हुनु, खाली भएका ठाउँमा शिक्षक पदपुर्ति हुन नसक्नु रहेका छन् । उल्लिखित विश्लेषणका आधारमा यस क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरू देहाय बमोजिम रहेका छन् :

- लक्षित समूह, दलित, जनजाति, लोपोन्मुख समुदाय, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुर्याउन ।
- सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्न ।
- लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना – विद्यालय भवन, कक्षाकोठा, पिउने पानी शौचालय, र्‍याम्प आदिको उपलब्धता गरी शैक्षिक वातावरण निर्माण गर्न ।
- पहुँचयुक्तताको लेखाजोखा र विद्यार्थीहरूको कार्यगत सीमितताको प्रारम्भिक पहिचान गर्नका लागि आर्थिक, प्राविधिक ज्ञान सिपको अभाव ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ आदि नहुने सुनिश्चितता सहितको बालमैत्री विद्यालय बनाउन ।

## ४.३.२ उद्देश्यहरू

- अपाङ्ता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला तथा आर्थिक रूपले विपन्न भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउनु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- समता एवम समावेशी शिक्षाका मूल्य मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्दै शैक्षिक सुशासन सुनिश्चित गर्नु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्नु ।
- पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्नु ।
- लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचना (विद्यालय भवन, कक्षाकोठा, पिउने पानी, शौचालय, र्‍याम्प आदि) निर्माण गर्नु ।
- समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम, समावेशी सिकाइ सामग्री निर्माण तथा प्रयोग गर्नु ।

## ४.३.३ रणनीतिहरू

- पालिकामार्फत टोलबस्तीका घरधुरी सर्वेक्षण गरी पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
- सबै तहका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरिने छ ।
- लोप उन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकाहरूलाई आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमको सुनिश्चितता गरिने छ ।
- दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गरिने छ ।
- आधारभूत तहमा बहुभाषा तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने छ ।

- आवश्यकता अनुसार झोला, पोसाक, शैक्षिक सामग्री, सिकाइ सामग्री तथा छात्रवृत्ति उपलब्ध गराईने छ ।
- विद्यालयमा अभिभावकको संलग्नता तथा उत्तरदायित्व बढाउन यस पालिकाका प्रत्येक विद्यालयलाई अभिभावक उपस्थिति पुस्तिका राख्न लगाई उत्कृष्ट उपस्थित अभिभावकलाई पुरस्कृत गर्न विद्यालयलाई प्रोत्साहन गरिने छ ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने बालमैत्री वातावरणको सिर्जना गरिने छ ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ ।
- पालिकाभित्र रहेका सिमान्तकृत बालबालिका, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित बालबालिकाहरूको यकिन गरी विद्यालय शिक्षाको पहुँचमा ल्याउन प्रयास गरिने छ ।
- नगर भित्र सञ्चालित स्रोत कक्षा भएका विद्यालयका स्रोत कक्षामा शिक्षण गरिरहेका शिक्षकहरूलाई तालिमको व्यवस्था गरिने छ ।
- प्रारम्भिक पहिचानका लागि विद्यालयका प्रअहरूलाई अभिमुखीकरण गरिने छ ।
- प्रारम्भिक पहिचान गरिसकेपछि आवश्यकता अनुसार सहायक सामग्रीहरूको व्यवस्था गरिने छ ।
- समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम दिइने छ ।
- समावेशी सिकाइ सामग्री निर्माण गरी प्रयोग गर्ने वातावरण बनाइने छ ।
- जिल्ला बाल सङ्गठन र विद्यालयमा गठित बालक्लबहरूमार्फत बालमैत्री वातावरणको सुनिश्चितता तथा किशोरी तालिम सञ्चालन गरिने छ ।
- प्रत्येक सामुदायिक विद्यालयमा शिक्षालाई आवश्यकताको आधारमा जीवन उपयोगी सिपसँग आवद्ध गरी परिवेश सुहाउँदो सिपमूलक तालिमको व्यवस्था गरिने छ ।
- प्रत्येक वडा कार्यालयहरूमा बालबालिकाको क्षेत्रमा आएको रकमलाई स्थानीय विद्यालय तथा सरोकारवालाहरूसँग समन्वय गरी बजेटको कार्यान्वयन गरिने छ ।
- पालिकाबाट सामुदायिक विद्यालयहरूमा चरणवद्ध रूपमा हरित बाल बगैँचा निर्माणका लागि प्रोत्साहन गरिने छ ।
- पालिकाबाट नगर भित्रका विद्यालयमा अध्ययनरत बालबालिकाहरूका अभिभावकलाई आत्मनिर्भरताका लागि ससर्त सहयोगको व्यवस्था मिलाइने छ ।
- न्यूनतम शैक्षिक उपलब्धि हासिल गर्न नसकेका बालबालिकाहरूका लागि शिक्षक कर्मचारीलाई विशेष सुविधा प्रदान गरी सुधारात्मक कक्षाको प्रबन्ध मिलाइने छ ।
- उच्च शिक्षा सम्मको अध्ययनका लागि पालिकामा छात्रवृत्ति कोषको प्रबन्ध मिलाइने छ ।

## ४.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू

**(क) उपलब्धि**

- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**(ख) नतिजा**

- पालिका भित्र रहेका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित, सिमान्तकृत बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने छन् ।
- पालिका भित्रका लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बढ्न गई सिकाइ उपलब्धिको सुधार हुने छ ।
- समता तथा समावेशी शिक्षाको मूल्य मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह हुने छ ।
- विद्यालयमा बालमैत्री वतावरणको सिर्जना हुने छ ।
- शिक्षण सिकाइ प्रक्रिया तथा शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि हुने छ ।
- विद्यालयहरूमा अपाङ्गता तथा लैङ्गिकमैत्री वातावरण सिर्जना हुने छ ।
- पालिका भित्रका विद्यालयबाट माध्यमिक शिक्षाको अन्त्यमा चरणवद्ध जीवनोपयोगी सिपयुक्त जनशक्तिको उत्पादन हुने छ ।
- विद्यालयहरूमा हरित बाल बगैँचा चरणवद्ध रूपमा स्थापना हुने छ ।

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८२/८३) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | १५० | १०० | ८० | ५० | ४० | २० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९८ | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०१ | १०० | १०० | १०० | १०० | १०० |
| ४ | बालमैत्री वतावरणको सिर्जना भएका विद्यालयको संख्या | ५ | ५ | १० | १५ | २० | २५ |
| ५ | अपाङ्गता तथा लैङ्गिकमैत्री वतावरणको सिर्जना भएका विद्यालयको संख्या | ५ | ५ | १० | १५ | २० | २५ |

## ४.३.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीहरूको प्रारम्भिक पहिचानका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने र प्रारम्भिक पहिचान गरिसकेपछि आवश्यकता अनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्ने | पटक | | १ | १ | १ | १ | ४ | |
| २ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम | पटक | | १ | १ | | १ | ३ | |
| ३ | समावेशी सिकाइ सामग्री निर्माण गरी प्रयोग गर्ने वातावरण बनाउने | पटक | | १ | | १ | | २ | |
| ४ | समावेशी शिक्षासम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | |
| ५ | अपाङ्गता भएका विद्यार्थिहरूका लागि छात्रवृत्ति व्यवस्था गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | | ६ | ७ | १० | ७ | ३० | |

## ४. ४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

खाना, भोक हटाउन मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषक तत्त्व र बृहत पोषक तत्त्व आपूर्तिका लागि पनि आवश्यकता पर्दछ। बालबालिकाको वृद्धि र विकासका लागि खाना अनिवार्य तत्त्व हो। पोषणयुक्त खाना खाएमा मात्र स्वस्थ्य जीवनको सुरुवात हुन्छ। विद्यालयमा आएका बालबालिकाहरूको पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रारम्भिक बालविकासदेखि कक्षा पाँचसम्म पढिरहेका विद्यार्थीहरूका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहमा दिवा खाजाको रकम ससर्त अनुदानका रूपमा निकासा हुन्छ। विद्यालयले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरूलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने हुन्छ। दिवा खाजा व्यवस्थापनका लागि सङ्घीय एवम् प्रदेश सरकार, स्थानीय तह, विद्यालय, अभिभावक लगायत सबै पक्षको सहयोग एवम् समन्वय आवश्यक पर्दछ। पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकास भई मानवपुँजी विकासमा योगदान पुग्दछ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम आरम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयका पूर्व प्राथमिकदेखि कक्षा पाँचसम्मका सबै बालबालिकालाई दिवा खाजाको व्यवस्था गरिएको छ। विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ।

सन् २००४ मा सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार पारेको राष्ट्रिय पोषण रणनीतिमा १३ वटा स्वास्थ तथा पोषणसम्बन्धी रणनीतिहरू तयार गरेकोमा त्यसमध्ये एउटा रणनीति स्वास्थ तथा पोषणसम्बन्धी थियो। यसले विद्यालयका बालबालिकाहरूमा कुपोषण हटाउने र विद्यार्थीहरूको वृद्धि, विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि सुधार गर्ने लक्ष लिएको थियो। नेपाल सरकारले संविधानको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, सबैका लागि खाद्य सम्प्रभुताको हक, दिगो विकासको गरिबी उन्मुलन तथा भोक उन्मूलन र सबैका लागि गुणस्तरीय पहुँच सुनिश्चितता सम्बन्धमा भएका कानुन तथा सम्झौता कार्यान्वयन गर्न बालकक्षादेखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाको दिवा खाजा सञ्चालनार्थ बोदेबर्साइन नगरपालिकाले प्राप्त बजेटबाट नगरभित्रका सबै सामुदायिक विद्यालयहरूमा रकम हस्तान्तरण गर्ने कार्य गरेको छ।

## ४.४.१ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिकामा जम्मा ३० वटा सामुदायिक विद्यालयहरू रहेका छन् । जसमध्ये ५ वटा माध्यमिक र बाँकी आधारभूत तह रहेका छन् । यहाँ ४२ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८१ मा बालविकासदेखि कक्षा ५ सम्म ५५७५ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यस पालिका भित्रका संस्थागत विद्यालयहरूले आफ्नै मापदण्डअनुसारको स्वास्थ्य तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरेको भएतापनि विभिन्न सामुदायिक विद्यालयहरूले भिन्नभिन्न तरिका अपनाएर खाजाको व्यवस्थापन गरिरहेको पाइन्छ । नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा सम्बन्धी जम्मा तीन वटा मोडालिटी उल्लेख गरिएको छः विद्यालयबाट दिवा खाजा व्यवस्थापन, विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने र घरैबाट तयार गरी पठाउने व्यवस्थापन । जसमध्ये यस क्षेत्रका धेरैजसो विद्यालयहरूले पहिलो विकल्प अवलम्वन गरिरहेको पाईन्छ र त्यसपछि तेस्रो विकल्प अनुसार व्यवस्थापन गरेको पाइन्छ ।

*अवसर र चुनौतीहरू*

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानुन, राष्ट्रिय स्वास्थ्य नीति २०७६ लागु हुनु, नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरूमा बालकक्षादेखि कक्षा ५ सम्मका सबै वालबलिकाहरूलाई रु. १५ का दरले खाजा व्यवस्थापनका लागि रकम उपलब्ध गरउनु, सङ्घीय सरकारको शिक्षा ससर्त अनुदानअन्तर्गत WASH सहितको शौचालय र स्यानिटरी प्याड उपलब्ध हुनु, प्रदेश सरकारबाट खानेपानीका कार्यक्रम उपलब्ध हुनु, दिवा खाजाले वालबालिकाहरूमा विद्यालय नियमितता‌मा सुधार हुनु, अभिभावकहरूमा पोषणयुक्त खाना तथा बालबलिकाको स्वास्थ्यसम्बन्धी जनचेतना बढ्नु, ग्रामीण क्षेत्रका बालालिकाहरू लामो समय पैदल यात्राका कारण भोको पेट रही अध्ययन गर्नुपर्ने अवस्थाको अन्त्य भई सिकाइ उपब्धिमा सुधार आउनु लगायतका गतिविधिले यस क्षेत्रको सुधारको प्रत्याभूत गर्दछ ।

यस पक्षको चुनौतीका रूपमा खाजाको कार्यक्रमका लागि नेपाल सरकारबाट उपलब्ध हुने रकम वर्तमान परिपेक्षमा एकदमै कम हुनु, बालबलिकाहरूले घरैबाट लिएर आएको खाजा ताजा तथा पोषाणयुक्त नहुनु, खाजामा जङ्क फुडको उपभोग, ग्रामीण भेगका अभिभावकहरूलाई पोषणयुक्त खानाको ज्ञानको कमी हुनु आदि रहेका छन् । यस क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरूलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

- खाजा व्यवस्थापनका लागि यस क्षेत्रका सबै सामुदायिक विद्यालयहरूमा छुट्टै कक्षा व्यवस्थापन प्रबन्ध मिलाउन ।
- विद्यालयहरूले पोषणयुक्त खाजाका लागि विद्यालयमै पकाउने र खुवाउने व्यवस्थाको वातावरण मिलाउन ।
- प्राप्त रकम एकदमै न्यून भएकाले रकम थप गरी व्यवस्थापन गर्न,
- कतिपय विद्यालयहरू खानेपानीको समस्याबाट गुज्रिरहेको अवस्थामा उचित पिउने पानीको व्यवस्थापन गर्न,
- घरैबाट खाजा बनाएर लिएर आउँदा खाजा चिसो हुने भएकाले तताउने व्यवस्था मिलाउन ।
- आमा समूहहरूलाई पोषणसम्बन्धी जागरण गर्न ।
- ग्रामीण भेगका अभिभावकहरूलाई पोषणयुक्त खानाको बारेमा सजग गराउन ।
- दिवा खाजा सम्बन्धी मेनुको प्रभावकारी कार्यान्वयन गर्न ।

## ४.४.२ उद्देश्य

दिवा खाजा तथा स्वास्थ्य पोषण कार्यक्रमका उद्देश्य देहायबमोजिम रहेका छन् :

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।

- विद्यालयमा बालबालिकाको सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यबहारलाई प्रोत्साहन गर्नु ।
- बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार, सरोकारवालाहरू र अभिभावकहरूसँग समन्वय गर्नु ।
- विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालय भर्ना दर वृद्धि गर्नु ।
- पोषणयुक्त खाद्यान्नको अभाव भएका विशेष क्षेत्रका बालबालिकाहरूलई लक्षित गरी शिक्षामा सुधार ल्याउनु ।
- कक्षा दोहोर्‍याउने र विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउनु ।
- सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउनु ।

## ४.४.३ रणनीति

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्बन गरिने छ :

- नगरपालिकाभित्रका विद्यालयहरूमा पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यक्रम सञ्चालनार्थ तोकिएको मापदण्डअनुरूप स्थानीय मापदण्ड र स्तर निर्धारण गरिने छ ।
- बालबालिकाका लागि सम्भव भएसम्म विद्यालयमा नै पोसिलो खाजा तयारीको आवश्यक प्रबन्ध मिलाउन विद्यालयहरूलाई प्रोत्साहन गरिने छ ।
- दिवा खाजा कार्यक्रमलाई बिस्तार गर्दै आगामी दिनमा थप व्यवस्थित गरिने छ ।
- दिवा खाजा रकम वृद्धि भई वर्तमान परिप्रेक्ष्य सुहाउँदो पोषणयुक्त खानाको विद्यालयमा उचित व्यवस्थापन गरीने छ ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइसहितको हात धुने ठाउँ, स्वच्छ खानेपानी र विद्यालय परिसर सरसफाइ प्रबन्ध मिलाइने छ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाको आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाइने छ ।
- किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहयोगमा कार्यक्रम बनाई  कार्यान्वयन गरिने छ ।
- दिवा खाजाका लागि चाहिने खाद्य समाग्रीका लागि स्थानीय स्तरमा उत्पादित समग्रीलाई प्राथमिकता दिन प्रोत्साहन गरिने छ ।
- वर्तमान परिप्रेक्षमा उपलब्ध भइरहेको दिवा खाजा रकमलाई बढाउन पहल गरिने छ ।
- विद्यालयहरूमा गठित आमा समूहहरूलाई पोषण तथा स्वच्छतासम्बन्धी तालिमको व्यवस्था गरिने छ ।
- प्रत्येक विद्यालयका सम्पूर्ण बालविकासदेखि कक्षा ५ सम्मका बालबलिकाहरूलाई स्थानीय तहको समन्वयमा टिफिन क्यारी उपलब्ध गरिने प्रबन्ध मिलाइने छ ।
- जङ्क फुडलाई निरूत्साहित गरिने छ ।
- प्रत्येक विद्यालयमा वडा कार्यालयको एक जना प्रतिनिधि र नजिकैको स्वास्थ्य चौकीको प्रतिनिधि पर्ने गरी एक अनुगमन टोली गठन गरिने छ ।

- आमा समूहको टोली बनाई बेला बेलामा दिवा खाजा तथा सरसफाइ अनि स्वच्छताको अवस्थाको अवलोकनको विद्यालयद्वारा व्यवस्था मिलाइने छ।
- मापदण्डअनुसार विद्यालयहरूमा खाजा आपूर्ति भए नभएको अनुगमन गरिने छ।
- प्रत्येक विद्यालयमा कम्तीमा वर्षको एकपटक विद्यालय अभिवावक सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

## ४.४.४ उपलब्धि तथा प्रमुख नतिजा

**(क) उपलब्धि**

- नगर भित्रका विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई मनोसामाजिक कुशलता अभिवृद्धि तथा सिकाइमा सुधारसहित रमाइलो वातावरणमा सिकाइको पहुँच तथा सहभागिता हुने।

**(ख) प्रमुख नतिजाहरू**

- विद्यालयमा दिवा खाजासहित स्वास्थ्य तथा पोषण र स्वच्छतासम्बन्धी स्पष्ट जिम्मेवारी निर्धारण र कार्यान्वयन भएको हुने।
- विद्यालय दिवा खाजालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सहयोग मिलेको हुने ।
- दिवा खाजा रकम वृद्धि भई वर्तमान परिप्रेक्ष्य सुहाउँदो पोषणयुक्त खानाको विद्यालयमा उचित व्यवस्थापनमा टेवा पुगेको हुने ।
- सामुदायिक विद्यालयका प्राथमिक तह तथा क्रमशः आधारभूत तहमा पौष्टिक तथा स्वस्थकर स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिलेको हुने।
- सामुदायिक विद्यालयहरूमा बालविकासदेखि कक्षा ५ सम्मका सम्पूर्ण विद्यार्थीहरूले अभिभावकको सहभागितामा खाजा प्राप्त गरेको हुने।
- दिवा खाजाको सम्बन्धमा विद्यालय, वडा कार्यालय र पालिकाको उचित सहभागिता र अनुगमन भएको हुने।
- विद्यालयमा आवश्यक मात्रामा पिउने पानी, हात धुने साबुन र पर्याप्त पानीको व्यवस्थापन भएको हुने।
- विद्यालयमा प्राथमिक उपचार किट वितरण तथा बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँचमा नियमितता भएको हुने।
- विद्यालयहरूमा गठित आमा समूहहरूको पोषणयुक्त खाजासम्बन्धी तालिमको व्यवस्थापन भएको हुने।
- विद्यालयहरूमा विद्यार्थी भर्ना दर वृद्धि, नियमिततामा वृद्धि, सिकाइ उपलब्धि दरमा सुधार आउने र शिक्षामा दिगोपन भएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ६ | ७ | ८ | ८ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ५ | १० | १५ | २० | ३५ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | १२ | १६ | १५ | २० | २५ | ३० |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | ५ | १० | १५ | २० | २५ |
| ७ | | | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | १ | | - | | - | १ | सङ्घीय, प्रादेशिक र स्थानीय सरकार |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभूत तहमा दिवा खाजा कार्यक्रम सञ्चालन | तह | १ | १ | १ | १ | १ | ५ | सङ्घीय, प्रादेशिक र स्थानीय सरकार |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | स्वास्थ्य पोषणसम्बन्धी सचेतनामूलक कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| ५ | दिवा खाजा वितरण तथा स्वास्थ्यसम्बन्धी कार्यहरूको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह, वडा, अभिभावक, शिअस |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

सहस्राब्दी विकास लक्ष्यमा विभिन्न ६ ओटा उद्देश्यहरू राखिएका छन। यिनीहरूमध्ये सार्वभौम प्राथमिक शिक्षा सबैभन्दा महत्त्वपूर्ण हो किनकि यो उद्देश्यको प्राप्तिबाटै अरु उद्देश्यहरू प्राप्ति सहज हुन्छन्। यस परिप्रेक्षमा जुनसुकै अवस्थामा पनि विद्यालय उमेर समूहका बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने कुरा सुनिश्चित हुनु पर्दछ। कृत्रिम र प्राकृतिक कारणले हामीलाई विभिन्न सङ्कट वा प्रकोपको अवस्था आइ पर्दछ। यिनीहरू युद्ध, द्वन्द्व जस्ता मानव सिर्जित तथा बाढी, पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपहरू हुन्। यस्तो अवस्थामासमेत बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइलाई निरन्तरता दिने सिकाइको वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई सङ्कटपूर्ण अवस्थामा शिक्षा भनिन्छ। यस प्रकारको शिक्षाको मुख्य उद्देश्य भनेको उल्लिखित जुन कुनै कारणले सिर्जित सङ्कटपूर्ण अवस्थामा पनि बाल अधिकारको संरक्षण गर्दै, जीवनको रक्षा गर्ने तथा समुदाय, घरपरिवार, समाज तथा शिक्षासँग सरोकारवाला सबै पक्षलाई संलग्न गराई सङ्कटको व्यवस्थापन गर्ने, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट

बालबालिकाहरूको सुरक्षा राख्नुका साथै सिकाइलाई निर्वाध रूपमा सञ्चालन गर्नु हो । यस धारणाअन्तरगत सम्भावित सङ्कटको पूर्व तयारी, आपतकालीन अवस्थाको व्यवस्थापन तथा सङ्कट पश्चात क्षतिको सम्पूर्ण कुरा समेटिएको हुन्छ ।
आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षा (Education in emergency) लाई समावेश गर्ने गरेका छन् । नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्दै आइएको छ । विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस स्थानीय शिक्षा योजना(२०२४-२०३३) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।
बोदेबर्साइन नगरपालिकाका विद्यालयहरूको कुरा गर्दा यस क्षेत्रका अधिकांश विद्यालय साँघुरो क्षेत्रफलभित्र रहेका छन् । विद्यालय क्षेत्रमा कुनै प्राकृतिक प्रकोप आईहालेमा खुल्ला स्थान कम रहेको छ भने कतिपय विद्यालयहरूमा विद्यार्थी संख्याको तुलनामा ठाँउको अभाव रहेको छ । केही विद्यालयहरू नदी, खोला तथा पोखरीको छेउमा छन् । नदी तथा खोला किनारामा भएका विद्यालयहरूमा वर्षायाममा बाढी पहिरोको जोखिम हुन्छ भने खुल्ला तथा सुरक्षित स्थान कम भएका विद्यालयहरूमा भुईँचालो आएमा जोखिम हुन्छ । यी सबैखाले समस्याहरूको समयमा बालबालिकाहरूको सिकाइ सुनिश्चित गराउन परिवेश अनुसार फरक फरक योजना बनाउनु पर्ने देखिन्छ ।

### ४.५.१ वर्तमान अवस्था

### क) नीतिगत अवस्था

नेपालको संविधानमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सुविधाविहिनहरूका लागि निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली २०७७, दिवा खाजा, छात्रवृत्ति, सुविधाविहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा, भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७, विद्यालय शान्ति क्षेत्र निर्देशिका २०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ , समावेशी शिक्षा नीति २०७३ को व्यवस्था केन्द्रीय स्तरमा भई कार्यान्वयनमा रहनुले यो बोदेबर्साइन नगरपालिका भित्रका विद्यालयहरू समेत समेटिएका छन् । यो बिपद् वा सङ्कटपूर्ण अवस्थामा सिकाइ सञ्चालन गर्नमा नीतिगत अवस्था पर्याप्त रहेको छ । त्यसैगरी बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ ले सुरक्षित विद्यालय सञ्चालनमा मार्गदर्शन प्रदान गर्दछ । पन्ध्रौं योजनालेसमेत निःशुल्क शिक्षाको मापदण्डको बारेमा उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन तथा कार्यान्वयन गर्नु पर्ने कुरा उल्लेख गरेको छ ।

### ख) नगरपालिकामा आईपरेका बिपत्ति र तिनीहरूको सम्बोधन

२०७२ सालमा आएको विनाशकारी भूकम्प तथा २०७७ सालबाट सुरु भएको कोभिड-१९ को प्रकोपबाट बोदेबर्साइन नगरपालिका पनि प्रभावित भयो । २०७२ सालको बिनासकारी भूकम्पले केहि विद्यालयहरूमा आंशिक तथा पूर्ण रूपमा क्षति पुगेकोमा पुनर्निर्माण प्राधिकरणबाट विद्यालयहरू निर्माण भइरहेका छन् । त्यसैगरी कोभिड-१९ को प्रभावले करिब दुई शैक्षिक सत्रमा विद्यालयहरू अधिकांश समय बन्द रहे । त्यस अवस्थामा प्रभावकारी तथा सुरक्षित शिक्षाको वैकल्पिक माध्यम प्रयोग गर्न नसक्दा विद्यालय तहका

बालबालिकाहरू प्रत्यक्ष सिकाइबाट वञ्चित रहे। विद्यालय तहको पाठ्यक्रमलाई आधार मानी केन्द्रीय स्तरमा विभिन्न विषयमा अनलाइन तथा अफलाईन सिकाइ सामग्रीहरू तयार गरी वेबसाइटमा राखिएको छ। नेपाल सरकारले मिति २०७७ जेठ १८ गते वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका जारी गर्यो र २०७७ असार १ गतेबाट वैकल्पिक माध्यमबाट कक्षा सञ्चालनका लागि सर्वजनिक रूपमा आव्हान गरिएकोमा नगरपालिका स्तरमा प्रभावकारी रूपमा सिकाइ सञ्चालन गरिएको पाइएन। विभिन्न विद्यालयमा फरक-फरक अभ्यास गरेको पाईयो। नगरपालिकाले यस सम्बन्धमा कुनै ठोस आधार तयार गरी सम्बन्धित पक्षलाई निर्देशन गर्न सकेन।

उल्लिखित अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकतासमेत देखिएको छ। कोभिड-१९ ले पारेको प्रभावलाइ न्यूनीकरण गर्ने उद्देश्यले अहिले पालिकाअन्तर्गतका सबै सामुदायिक विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि आधारभूत सर्वेक्षण सम्पन्न भइसकेको छ र अन्य थप गतिविधि सञ्चालन गर्ने तयारी भइरहेको छ।

*अवसर तथा चुनौतीहरू*

बोदेबर्साइन नगरपालिकाभित्र कार्यरत शिक्षकहरूले विभिन्न तालिमको अवसर बढी पाउनु, उष्ण हावापानी पाईनु, यातायातको हिसाबले विभिन्न कच्ची तथा पक्की सडकमार्ग रहनु, हरेक विद्यालयले विद्यालय सुधार योजना निर्माण गर्दा जोखिम व्यवस्थापनको पनि सम्बोधन गर्नुपर्ने भएकाले त्यसको केही अभ्यास भएको देखिन्छ।

प्राकृतिक प्रकोप, महामारी वा अन्य कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्था अनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय स्वरूप र मात्राको एकिन भविष्यवाणी गर्न सकिँदैन। त्यसैगरी कतिपय प्रकोप, महामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ। एउटै नगरपालिका भित्रका विद्यालयहरू भएपनि सबैका लागि एकै प्रकारको योजना बनाउनु सान्दर्भिक नहुन सक्छ।

### चुनौतीहरू

- आपतकालीन अवस्थामा शिक्षाको योजना बनाउँदा अन्य योजनासँगै एकीकृत गर्न वा छुट्टै बनाउन।
- प्राकृतिक प्रकोप तथा सोको विषयमा मात्र केन्द्रित हुन वा अन्य महामारी तथा सामाजिक तथा राजनीतिक आन्दोलनसमेतको योजना बनाउन।
- अनुमान गर्न नसकिने बिपद्को योजना कस्तो बनाउने भन्ने निर्क्यौल गर्न।
- वैकल्पिक शिक्षाका साधन तथा उपायहरू कार्यान्वयन गर्न गराउन।
- शिक्षा युवा तथा खेलकुद शाखामा जनशक्तिको कमी परिपूर्ति गर्न।

## ४.५.२ उद्देश्यहरू

यस पालिकाको बिपद्को अवस्थामा शिक्षाका उद्देश्य निम्नबमोजिम हुने छन् :

- सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु।
- सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।
- सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु।

- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गर्नु ।

## ४.५.३ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न अनुसारका रणनीतिहरू अवलम्बन गरिने छ :

- सङ्घीय सरकारले कार्यान्वयनमा ल्याएका विभिन्न नीति नियम तथा ऐन कानुनहरूको पूर्ण पालना गरिने छ ।
- सङ्कटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।
- सङ्कटासन्नताको मूल्याङ्कनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार पार्ने छन् ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनस्थापना गरिने छ ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उपकरण, औषधी, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।
- विद्यार्थी, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाहरूको तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापनाका लागि क्षमता विकास गरिने छ ।
- विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान सिपको समेत खोजी तथा संरक्षण सम्बर्धन गरिने छ ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि विभिन्न क्रियाकलाप अन्तर्गत । १) विपत तथा महामारीबाट पुगेको क्षति न्युनीकरणका लागि Diagnostic Tools बाट विद्यार्थीको पूर्व परीक्षा सञ्चालन गर्ने, २) उत्तरपुस्तिका परीक्षण र विद्यार्थीको सही उत्तरलाइ १ र कमजोर तथा गलत उत्तरलाइ ० मा वर्गीकरण गर्ने । ३) तथ्याङ्क इन्ट्री सिट तयारी गर्ने, ४) तथ्याङ्क इन्ट्री गर्ने, ५) तथ्याङ्क विश्लेषण गर्ने, ६) तथ्याङ्कका आधारमा विद्यार्थीको वर्गीकरण/ तह निर्धारण गर्ने, ७) रिमेडियल शिक्षणको लागि विषयवस्तु छनोट तथा उपयुक्त रणनीतिको अवलम्वन । ८) Post Test & Endline Data Entry ।
- विपद् व्यवस्थापन तथा सङ्कटकालमा अन्य पालिकाहरूमा भए गरिएका असल अभ्यासहरूको अनुसरण गर्ने संयन्त्र विकास गरिने छ ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल, पेसागत संगठनहरू, विद्यार्थी संगठन तथा क्लबहरू सामाजिक सांस्कृतिक समूह तथा समाजहरूसँग समन्वय र सहकार्य गरी यसप्रति सबैलाई जिम्मेवार बनाईने छ ।
- अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण गरिने छ ।
- विद्यालयमा भएका सन्दर्भ पढाइ सामग्रीहरूलाई विद्यार्थीहरूलाई घरमा लगेर पढ्ने वातावरण मिलाइने छ ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायू परिवर्तन शिक्षा तथा दिगो विकासका अवधारणासमेतलाई कार्यान्वयनमा ल्याइने छ ।

## ४.५.४ कार्यनीति

- विपद्को परिचय, प्रकृति र प्रकारका बारेमा विद्यार्थीहरूलाई जानकारी गराउने,
- विपद्हरूको वर्गीकरण यसका कारण, सम्भावना तथा असरका बारेमा बुझ्न बुझाउन सक्ने गरी अभिमुखीकरण गर्ने,

- रोकथामका पूर्व तयारी तथा पूर्व तयारीका कामहरूका बारेमा विद्यार्थी, अभिभावक तथा विद्यालयसँग सराकारवाला सबैलाई प्रदर्शनी सञ्चालन गर्ने,
- सरकारको नीतिको नियम परिधिलाई ख्याल गरी बिपद्सम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याउने,
- प्राविधिक सल्लाह र योजनाअनुसार विपद्प्रतिरोधी भौतिक संरचना बनाउने बारेमा विद्यार्थीहरूलाई पाठ्यक्रममा नै विषयवस्तु राखेर सिकाइ सहजीकरण गर्ने,
- विपद्को समयमा रोकथाम तथा उद्धारको कामका  लागि जनशक्ति र स्रोतसाधनको पहिचान, प्राप्ति र परिचालनमा पूर्वतयारी गरी तयारी अवस्थामा राख्ने,
- विपद्का बेलामा बालबालिकाको सिकाइमा पूर्ण क्षति नहोस् भन्नका लागि भौतिक कक्षाहरूको विकल्पमा वैकल्पिक माध्यमबाट सिकाइ गर्न उचित व्यवस्थापन गर्ने,
- दूर शिक्षा प्रणाली, तथा सूचना प्रविधिको प्रयोग गरी शिक्षण कार्यलाइ निरन्तरता दिने,
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गरी पाठ्यक्रमका उद्देश्यानुसार सिकाइ उपलब्धि हासिल हुन नसकेका विषयवस्तुलाइ सिकाइ पूरा गराउने,
- विद्यार्थीका सिकाइ समयमा राजनैतिक कार्यक्रमलाई विद्यालय क्षेत्रभित्र प्रतिबन्ध लगाउने,

## ४.५.५ उपलब्धि  र नतिजा

(क) उपलब्धि

- आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने।

(ख) नतिजा

- पालिकाका विद्यालयहरूमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना निर्माण तथा क्षमता विकास भएको हुने।
- आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय सक्षम भएको हुने।
- सङ्कटपूर्ण अवस्थामा समेत विभिन्न माध्यमको प्रयोग गरी शिक्षण  सिकाइ निरन्तर सञ्चालन भएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ५ | २ | २ | २ | ५ | ८ |
| २ | हरित विद्यालय सङ्ख्या | १ | २ | ५ | ७ | १० | १५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने | १ | १ | १ | २ | ३ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | | | | | | |
| ४ | ReAL Plan लागु गर्ने विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ५ | प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना निर्माण गर्ने विद्यालय | १ | १ | २ | ७ | ७ | ७ |
| ६ | सङ्कटपूर्ण अवस्थामा समेत विभिन्न माध्यमको प्रयोग गरी शिक्षण सिकाइ निरन्तर सञ्चालन गर्ने विद्यालय | १ | २ | ५ | १० | १५ | २० |

## ४.५.६ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र. स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य-५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | | | १ | | | १ | |
| २ | बिपद्सम्वन्धी विद्यालय बिपद् योजना निर्माण तथा परिमार्जन | पटक | | १ | | | | १ | |
| ३ | पालिकास्तरीय विद्यालय शिक्षा सहयोग बिपद्कोष कार्यक्रम | पटक | | १ | | | | १ | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थितिअनुसार वैकल्पिक सिकाइको व्यवस्थापन कार्यक्रम | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ५ | उद्दार कार्यक्रममा खटिने स्वयम्सेवकका लागि तालिम सञ्चालन | पटक | | | १ | | १ | २ | |
| ६ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आपतकालीन तथा सङ्कटपूर्ण सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ | पटक | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | आवश्यकता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण | | अनुसार | अनुसार | अनुसार | अनुसार | अनुसार | अनुसार | |
| १० | बिपद्का बेला सिकाइ निरन्तरताका लागि सिकाइ सहजीकरणसम्बन्धी शिक्षक तालिम | पटक | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा विद्यार्थी भर्ना हुनका लागि बालबालिकाले सुरक्षित महसुस गर्नु पर्दछ जसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ। सुरक्षित विद्यालय हुनका लागि मापदण्ड अनुसारको कक्षाकोठा, खेल्ने खेलमैदान, चमेनागृह, शौचालय तथा सफा खाने पानी जस्ता भौतिक संरचनाहरू हुनु पर्दछ। शिक्षा नियमावली २०५९ मा सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि बालविकास तथा आधारभूत तहलाई ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहलाई १.०० वर्ग मिटर क्षेत्रफल प्रति विद्यार्थीका लागि आवश्यक पर्ने उल्लेख गरिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा बिपद् जोखिममुक्त भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गरी हरित र बालमैत्री विद्यालयको रूपमा विकास गर्ने नीति लिएको छ। मुलुक सङ्घीयतामा गइसकेपछि राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रम अनुसार बोदेबर्साइन नगरपालिकाले विद्यालयको सम्पूर्ण भौतिक पूर्वाधार विकासका लागि तोकिएबमोजिम कार्यक्रमहरूलाई निरन्तरता दिइरहेको छ भने वि.स. २०७२ को भूकम्पले नगर क्षेत्रभित्रका क्षतिग्रस्त विद्यालयहरूको पुन:निर्माणका लागि नेपाल राष्ट्रिय पुन:निर्माण प्राधिकरणबाट बिपद् जोखिममुक्त विद्यालयहरू निर्माण कार्य गरेको छ।

### ४.६.१ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिकामा हाल ३० सामुदायिक विद्यालयहरू छन्। जसअन्तर्गत १ विशेष विद्यालय रहेका छन्,। १३ संस्थागत विद्यालय सञ्चालित छन। विद्यालयहरूमध्ये १ नमुना विद्यालय रहेका छन्। सामुदायिक विद्यालयहरूमा पक्की भवनको सुविधा आंशिक रूपमा मात्रै छन्। केही-केही आधारभूत विद्यालयहरू भने अझै पनि ट्रस छानाबाट निर्मित पुराना भवनमा नै सञ्चालित छन्। कक्षा १-३ सम्मका कक्षाकोठाहरू अझै पनि छापायुक्त कक्षाकोठा व्यवस्थापन गर्न सकिएको छैन। सङ्घीय तथा प्रदेशबाट विभिन्न ससर्त बजेटबाट पालिकाका केही विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबहरू निर्माण भएका छन्। अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव रहेको र यसको लागि पालिकाको आफ्नै स्रोतबाट लगानी गर्न नसकिएको अवस्था देखिन्छ। यस पालिकाको नियमित कार्यक्रमबमोजिम अन्य विविध शैक्षिक तथा भौतिक निर्माणका कार्यक्रमहरू सम्पन्न हुँदै आएका छन्।

प्रत्येक वर्ष योजना मुताविक भौतिक निर्माणका योजना तथा कार्यक्रम सम्पन्न गरिँदै आए पनि विद्यालयहरूमा व्यवस्थित शौचालय, प्रयोगशाला, खानेपानी जस्ता आधारभूत मापदण्डहरूको अभाव भने खड्केकै छ। विद्यालयहरूको भौतिक पूर्वाधार विकासका अन्य सरोकारवाला संस्थाहरूसँग आपसी समन्वय गरिँदै कार्यक्रमहरू सम्पन्न भइरहेका छन्। यस पालिकाका केही विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे तथा २ कोठे पक्की भवन साथै खानेपानी र शौचालय निर्माणको कार्य भएका छन्। विद्यालयमा पूर्वाधारको आवश्यकता बमोजिम हालसम्म सम्बोधन हुन सकिरहेको छैन ।

*अवसर र चुनौतीहरू*

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पूर्वाधार बिपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयहरूलाई सुरक्षित एवम् हरित विद्यालयको रूपमा विकास गर्ने नीति अवलम्वन गरेको छ । यसका साथै सार्वजनिक विद्यालयहरूको पूर्वाधार निर्माण,

मर्मतसम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको छ जसका कारण स्थानीय निकायका लागि स्थानीय आवश्यकताका आधारमा पूर्वाधारको काम गर्ने अवसर प्राप्त भएको छ।

सङ्घीयता कार्यान्वयन भन्दा अगाडि शिक्षा विभागमा भौतिक निर्माण तथा पूर्वाधार विकाससम्बन्धी काम गर्ने शाखा बेग्लै र प्रत्येक जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिकसहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक निर्माणको काम हुँदै आएको थियो तर हाल निर्माणको मापदण्ड तथा आधार सङ्घीय तहबाट हुँदै आएको छ। यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना आदानप्रदान गर्न चुनौती भइरहेको छ।

यसका अलावा विद्यालय पूर्वाधार विकासमा निम्नलिखित चुनौतीहरू देखिन्छन् :

१) आवश्यकतानुसार कक्षाकोठा, शौचालय, विभिन्न प्रयोगशाला आदिको प्रबन्ध गर्न।
२) सुरक्षित विद्यालय पूर्वाधार विकासका लागि गुरुयोजनाको विकास गर्न।
३) पूर्वाधार विकासका लागि स्रोत व्यवस्थापन गर्न।
४) पूर्वाधारहरूलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाउन।
५) पूर्वाधार विकासका विधि तथा प्रक्रियाहरूलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउन।
६) व्यावसायिक र प्राविधिक (रोजगारमुखी) शिक्षाको लागि आधारभूत शिक्षा पूर्वाधारको विकास गर्न।
७) कक्षाकोठाहरूलाई प्रयोगशालाको रूपमा परिणत गर्न।
८) विद्यालयमा मनोरञ्जनात्मक वातावरण सिर्जना गर्न।
९) एक चोटी निर्माण भएसकेका संरचनाका लागि समय समयमा मर्मत सम्भार गर्न।
१०) सबै विद्यालयमा घेराबार निर्माण गर्न।

## ४.६.२ उद्देश्य

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्नु ।
२) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्नु र स्रोत पहिचान गर्नु।
३) भौतिक पूर्वाधार विकास एवम् बिस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु।
४) पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पूर्वाधारहरूलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाउनु।

## ४.६.३ रणनीतिहरू

१) पालिकामा सञ्चालित विद्यालय तह र विद्यार्थी सङ्ख्याका आधारमा पूर्वाधारको पुनः वितरण गरिने छ।
२) विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ।
३) पूर्वाधार विकासका लागि वार्षिक रूपमा तोकिएका ससर्त अनुदान बापतका योजना तथा कार्यक्रमहरू माग र आवश्यकताका आधारमा वितरण गरिने छ।
४) पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पूर्वाधारका कार्यहरूलाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र भूकम्प प्रतिरोधी बनाइनेछ।
५) कक्षा १ देखी ३ सम्मका कक्षाकोठालाई बालमैत्री तथा छापामय बनाइने छ।
६) विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङ्घ संस्था एवम् निकायसँग लागत साझेदारी गरिने छ।
७) स्थानीय सरकार तथा अन्य सरोकारवाला निकाय बिच आपसी समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार एवम् जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिने छ।

८) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

९) रमाइलो वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्न प्रशस्त मात्रामा शैक्षिक सामग्रीका साथै खेल सामाग्रीयुक्त बालउद्यान निर्माणको कार्यक्रमलाई प्रोत्साहन गरिने छ।

१०) कक्षाकोठाहरूलाई प्रयोगशालाको रूपमा परिणत गर्न मापदण्ड अनुसारका आवश्यक सामाग्रीहरूको व्यवस्थापन गर्न प्रोत्साहन गरिने छ।

## ४.६.४ उपलब्धि तथा नतिजाहरू

**(क) उपलब्धि**

- सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक सुविधायुक्त विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

**(ख) नतिजा**

- भौतिक पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीसहित कार्यान्वयन भएको हुने।
- पूर्वाधार विकासको आवश्यकता पहिचान र वितरणको मापदण्ड तयार भएको हुने।
- विद्यालयहरूमा अपाङ्गमैत्री, बालमैत्री एवम् लैङ्गिकमैत्री र भूकम्प प्रतिरोधी संरचनाको व्यवस्था भएको हुने।
- विद्यार्थीहरूलाई रमाइलो वातावरणमा शिक्षण गर्न विभिन्न प्रयोगशालाहरूको निर्माण भएको हुने।
- कक्षाकोठाहरू शैक्षिक सामाग्रीयुक्त भएको हुने।
- स्वच्छ वातावरण, सुविधायुक्त शौचालय तथा सफा खानेपानीको प्रबन्ध भएको हुने।
- विद्यालय तथा कक्षाकोठाहरूको समय समयमा मर्मत सम्भार गरिएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ५ | १ | २ | २ | २ | ३ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ४ | ३ | ३ | ३ | ४ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ५ | २ | ३ | ५ | ५ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ५ | १ | ० | ० | १ | १ |

## ४.६.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | |
| २ | विद्यालयमा अपाङ्गमैत्री, प्रविधिमैत्री, बिपद् प्रतिरोधी, समतामूलक, बालमैत्री एवम् लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन। | विद्यालय | ० | २ | २ | २ | २ | ८ | |
| ३ | निर्माण भएका संरचनाहरूको सम्वर्धन तथा मर्मत (आवश्यकता अनुसार निरन्तर ) | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ४ | विनियोजित रकमको शीर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन (आवश्यकता अनुसार) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | मदरसाका लागि फर्निचर व्यववस्थापन | विद्यालय | | १ | २ | १ | १ | ५ | |
| ६ | कक्षा १ देखी ३ सम्मका कक्षाकोठामा बालमैत्री तथा छापामय वातावरण निर्माण | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | |
| ७ | विद्यालय हाता हरियाली कार्यक्रम ( निरन्तर ) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

विश्वमा सूचना र प्रविधिको विकासले अत्यन्तै चाँडो फड्को मारेको छ। यसले ज्ञानको बिस्फोटन गराएको छ। यसबाट एकातिर ज्ञान आर्जन गर्न सहज भएको छ भने अर्कातर्फ हाम्रा शिक्षण सिकाइका विधि तथा तौरतरिकामा आमूल परिवर्तन ल्याएको छ। शिक्षामा सूचना तथा प्रविधिको अत्याधिक प्रयोगले अवसर तथा चुनौती दुवै सिर्जना गरेको छ। सूचना तथा सञ्चारको प्रभावकारी प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन र शैक्षिक गुणस्तरको अभिवृद्धि गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ। यसले विद्यालय तहको शिक्षण सिकाइमा सहजता ल्याउनुका साथै परीक्षा मूल्याङ्कन, विद्यालयको व्यवस्थापकीय पक्ष तथा आर्थिक पारदर्शिता र सुशासन कायम गर्नमासमेत मद्दत गर्दछ। आजको विश्वमा आर्थिक तथा शैक्षिक भिन्नताका कारण वर्गीय समाज निर्माण भईरहेको अवस्थामा सूचना र प्रविधिको कुशल प्रयोगले धनी र गरिब वर्ग बिचको खाडल कम गराउन मद्दत गर्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माणगरिएको थियो। यो गुरु योजना अहिलेको अवस्थामा पनि सान्दर्भिक छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नुका उद्देश्यहरूमा सबै विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रूपमा विकास गरी डिजिटलाइज्ड गर्ने, शिक्षामा समतामूलक पहुँच पुर्याई गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका छन्। गुरु योजनाले पहिचान गरेका चार ओटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए। हालको परिवेशमा अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यो पालिकास्तरीय योजनामा समावेश गर्नुपर्ने देखिएको छ। कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चारको महत्त्वलाई अझै उजागर गरेको छ। यी र यस्तै प्रकारका महामारीहरूमा सूचना तथा सञ्चार शिक्षाले सिकाइलाई निरन्तरता दिनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। महामारीको समयमा अनलाइन र अफलाईन दुवै माध्यमको प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि मानवीय क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ।

## ४.७.१ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सङ्घीय सरकारसँग प्रशस्त कानुनी आधारहरू छन्। यसअन्तरगत ब्रोडब्यान्ड नीति २०७१, नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३-२०१७ समेतले शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको स्थापना, सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्ने कुराको व्यवस्था गरेको छ। यस नगरपालिकामा भने आफ्नै नीति वा कानुनको व्यवस्था छैन। सङ्घीय सरकारकै नीति बमोजिम नै सञ्चालन भईरहेको अवस्था छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तरगत विभिन्न विद्यालयहरूमा पूर्वाधार विकास गर्ने, सूचना प्रविधि व्यवस्थापन प्रणालीको स्थापना तथा सञ्चालन गर्ने जस्ता कार्यहरू भएका छन्। बोदेबर्साइन नगरपालिकाका मा.वि. तहका केही विद्यालयहरूले आफ्नै, नगरपालिका तथा अन्य निकायको व्यवस्थापनमा सिसिटिभि क्यामेरा जडान गरी सकिएको छ। पालिकाका करिब १०० प्रतिशत विद्यालयहरूमा इन्टरनेट सेवा बिस्तार गरिएको छ। सङ्घीय तथा प्रदेशबाट विभिन्न ससर्त बजेटबाट पालिकाका ६ विद्यालयमा विज्ञान प्रयोगशाला नवप्रवर्द्धन कक्षाकोठा व्यवस्थापन ११ विद्यालयका २१ वटा कक्षाकोठा र ५ कम्प्युटर ल्याबहरू निर्माण भएका छन् र यसका लागि पालिकाको आफ्नै स्रोतबाट लगानी गर्न नसकिएको अवस्था देखिन्छ। यस नगरपालिकाका नमुना विद्यालय लगायत अन्य १० विद्यालयहरूमा विभिन्न निकायको सहयोगमा स्मार्ट बोर्ड सहित अन्य सिकाइका सामग्रीमार्फत शिक्षण सिकाइ भइरहेको छ। पालिकाको आफ्नै स्रोतबाट सूचना तथा सञ्चार क्षेत्रमा लगानी गर्न सकिएको अवस्था न्यून मात्रामा रहेको छ। पालिकाबाट शिक्षकहरूका लागि हरेक वर्ष प्रविधिसम्बन्धी तालिम समय समयमा सञ्चालन गरिएका छन्।

*चुनौती*

- सबै विद्यालयहरूको भौतिक तथा भौगोलिक अवस्था फरक फरक भएकाले विद्युत, इन्टरनेट कनेक्टिभिटि आदिको बिस्तार गर्न।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि आवश्यक अन्य पूर्वाधारहरूको प्रभावकारी व्यवस्था गर्न।
- केही शिक्षकहरूलाई नयाँ प्रविधिसँग परिचित गराई कक्षाकोठामा प्रविधिको प्रयोग गराउन।
- सूचना तथा सञ्चार प्रविधि प्रयोगका लागि क्षमताको विकास गराउन।
- सेवा प्रदायक संस्थाहरूसँग समन्वय गर्न।

## ४.७.२ उद्देश्यहरू

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग बिस्तार गर्नु।

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई समतामूलक ढंगले सबै लक्षित समूहसम्म बिस्तार गर्नु ।
- शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज, छिटो छरितो र सस्तो बनाउनु ।
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

## ४.७.३ रणनीतिहरू

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचनाहरू तथा उपकरणको व्यवस्था गरी सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाइने छ ।
- कार्यरत सबै शिक्षकहरूको क्षमता विकास गरिने छ । अब प्रवेश हुने शिक्षकहरूका लागि प्रविधि प्रयोगको सिप आवश्यक सर्त हुनेछ ।
- पालिका स्तरमा प्राविधिक सहायताका लागि सक्षम शिक्षकहरूको छनौट गरी विषयगत समिति बनाइने छ । सो समितिलाई आवश्यकता अनुसार डिजिटल सामग्री निर्माणमा जिम्मेवार बनाइने छ ।
- सङ्घ, प्रदेश तथा अन्तरपालिका समन्वयमा तालिम सञ्चालन गरी शिक्षकहरूको क्षमताको विकास गरिने छ ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरिने छ ।
- विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरू विद्यालय, शिक्षक एवम् विद्यार्थीको पहुँचमा पुर्याइने छ ।
- IEMIS को प्रयोगलाई थप बिस्तार तथा व्यवस्थित गराईने छ ।
- पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- सिकाइका विश्वव्यापी ढाँचा अनुरूप शिक्षकहरूलाई तालिमको व्यवस्था गरिने छ ।
- बाँकी रहेका सबै विद्यालयहरूमा इन्टरनेट सेवा बिस्तार गरिने छ ।
- नगरपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्र तथा सामुदायिक पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाईने छ ।

## ४.७.४ उपलब्धि र नतिजा

### (क) उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको बिस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भई सुशासन कायम हुने ।

### (ख) नतिजा

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोतकेन्द्रको स्थापना भएको हुने ।
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भई सबैको पहुँच पुगेको हुने ।
- सबै विद्यालयहरूमा शिक्षण सिकाइ तथा अन्य व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने ।

- पालिका स्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास भएको हुने।
- पालिका स्तरमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुने।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत भएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३० | ० | ० | ० | ० | ० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १ | ३ | ३ | ६ | ८ | ९ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १ | ३ | ३ | ६ | ८ | ९ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १ | १० | १० | ५ | ४ | ० |
| ५ | विद्युत्‌को पहुँच पुगेका विद्यालय सङ्ख्या | ३० | ० | ० | ० | ० | ० |

## ४.७.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क.सं. | क्रियाकलाप | इकाइ | पाँच वर्षको लक्ष | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा ICT LAB बिस्तार | विद्यालय | | २ | २ | २ | २ | ८ | |
| २ | विद्यालयमा इन्टरनेट सेवा निरन्तरता | विद्यालय | ३० | | ० | ० | ० | ३० | |
| ३ | सबै शिक्षकहरूलाई ICT को आधारभूत तालिम कार्यक्रम | ३० जना | | ३० | | ३० | ३० | १७६ | |
| ४ | IEMIS सम्बन्धी तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५६ | |
| ५ | विद्यालयमा ई लाइब्रेरी सञ्चालन | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | |
| ६ | पालिका स्तरमा नमुना ICT LAB स्थापना | वटा | | | | | १ | १ | |
| ७ | पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह (CoP) निर्माण | पटक | | १ | | १ | | २ | |
| ८ | सञ्चालनमा रहेका सामूदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरूमा ICT बिस्तार | केन्द्र | | १ | | १ | | २ | |

## ४.८ छात्रवृत्ति

बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गराउने उद्देश्यका साथ न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका, अपाङ्ग एवम् द्वन्द्व पिडित विद्यार्थीहरूलाई वर्षेनी छात्रवृत्ति प्रदान गर्ने गरिन्छ। नियमित छात्रवृत्ति वितरणका कारण विद्यालयमा नियमित उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुने उत्प्रेरणा प्राप्त हुने भएकोले बालबालिकाको सिकाइमा सुधार भई शिक्षाको गुणस्तर सुधारमा योगदान पुग्दछ।

नेपालको संविधान तथा अन्य विभिन्न नीति तथा कार्यक्रमहरूले शिक्षामा समता तथा समावेशी ढङ्गबाट पहुँच अभिवृद्धिका लागि विभिन्न लक्षित समुदायहरूलाई छात्रवृत्ति वितरणको प्रावधान गरेको छ। लक्षित समुदायहरूमा विशेषत: गरिब, अपाङ्ग, सुविधाविहिन तथा विभिन्न किसिमले कठिन परस्थितिमा रहेका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्ने गरिन्छ। विद्यालयमार्फत विद्यार्थीलाई प्रदान गरिने यस्ता सहयोगले विद्यार्थीको सिकाइ सहभागितासँग सम्बन्धित रही शिक्षाको गुणस्तर सुधार गर्दछ। बोदेबर्साइन नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरूले दलित, छात्रा, अपाङ्ग र जेहेन्दार छात्रवृत्ति हरेक साल नीति नियमानुसार प्रदान गर्दै आएको छ भने संस्थागत विद्यालयहरूले पनि लक्षित समुदायका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग प्रदान गर्दै आएका छन्।

### ४.८.१ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका लक्षित समुदायका बालबालिकाहरूका लागि नीति नियमानुसार विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरिरहेको छ। विद्यालय तहका सम्पूर्ण विद्यार्थीहरूलाई वार्षिक रूपमा तपसिलको शीर्षकमा विद्यालयमार्फत छात्रवृत्ति वितरण भइरहेको छ :

१) आधारभूत तह छात्रा छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
२) आधारभूत तह दलित छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
३) अपाङ्ग छात्रवृत्ति प्रति विद्यार्थी
 आवासिय छात्रवृत्ति – वार्षिक रु ५०,०००/-
 सहयोगी सहायता छात्रवृत्ति – वार्षिक रू ५,०००/-
 यातायात सेवा छात्रवृत्ति – वार्षिक रू ३,०००/-
 शैक्षिक सामग्री छात्रवृत्ति – वार्षिक रू १,०००/-
४) विपन्न लक्षित छात्रवृत्ति – वार्षिक रू ६,०००/- देखि २४,०००/- सम्म
५) वैदेशिक रोजगार सन्तति छात्रवृत्ति –
६) सहिद तथा द्वन्द्व पिडित परिवार छात्रवृत्ति

विद्यालयमा भर्ना भएका धेरैजसो विद्यार्थीहरूले कुनै न कुनै किसिमको छात्रवृत्ति प्राप्त गरिरहेकै छन् तर ती छात्रवृत्ति रकम अति नै न्यून रहेकोले यसबाट जति सहयोग हुनुपर्ने हो त्यति हुन नसकेको र विद्यालय शिक्षाका गतिविधिहरूलाई निरन्तरता दिन नसकेको देखिन्छ। यस नगरपालिका क्षेत्रभित्र क्रियागत क्षमताका बालबालिकाहरूका लागि स्रोतकक्षा विद्यालय तपसिलअनुसार सञ्चालित छन :

| क्र.स. | स्रोतकक्षा विद्यालयको नाम | ठेगाना | समूह |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | जियालाल राष्ट्रिय प्राथमिक विद्यालय | बोदे वर्साइन वडा नं ५ | ग |

*(स्रोत : बोदेबर्साइन नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा, सप्तरी)*

*अवसर र चुनौतीहरू*

विद्यालय शिक्षामा विगतका अभ्यासहरूका सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै अब शिक्षाको गुणस्तरियता तथा दक्षताको सुधारमा ध्यान केन्द्रित गर्नु पर्ने समयको माग रहेको छ । विद्यमान शिक्षा क्षेत्रका चुनौतीहरूलाई अवसरका रूपमा परिणत गर्नु जरुरी छ । समयानुकूल कार्यान्वयनमा आएका विभिन्न योजना, नीति तथा कार्यक्रमहरूले विद्यालय शिक्षामा अवसरका आधारशिला स्थापना गरी थप अवसरका मार्ग प्रशस्त गरेको छ । वर्तमान सङ्घीय संरचना अनुरूप नेपालको संविधान तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मेवारीका साथै माध्यमिक शिक्षासम्म अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्थासमेत गरेको छ । यसका साथै विद्यार्थी प्रोत्साहनको व्यवस्थालाई झनै ठुलो अवसरको रूपमा लिन सकिन्छ । फलस्वरूप स्थानीय शिक्षा ऐन तथा नियमावली स्थानीय तहमा नै निर्माण भई आइरहेको छ ।

लक्षित समूह नीति तथा कार्यक्रमबाट शिक्षाका धैरै उपलब्धिहरू हासिल भएतापनि शिक्षाको गुणस्तर, सिकाइ उपलब्धि तथा सक्षमता जस्ता कतिपय क्षेत्रका उद्देश्यहरू पूर्णरूपले हासिल गर्न सकेका छैनन् । सबैका लागि गुणस्तरीय शिक्षाका अवसर सुनिश्चत गर्ने महत्त्वपूर्ण प्रयत्नका अतिरिक्त अझैपनि कतिपय लक्षित समुदायका बालबालिकाहरू अवसरवाट बञ्चित रहेका छन् । विद्यालयमा विद्यार्थी टिकाउ दरमा वृद्धि नहुनु प्रमुख चुनौतीका रूपमा रहेका छ । ती चुनौतीहरूलाई निम्नानुसार बुँदागत रूपमा पहिचान गरिएका छन् :

१) छात्रवृत्ति वितरण आवश्यकतामा आधारित भन्दा पनि वितरणमुखी हुनु ।
२) प्रदान गरिने छात्रवृत्तिको रकम अति न्यून रहनु ।
३) अधिकांश छात्रवृत्ति गरिब केन्द्रित नभई जातजाति र लिङ्गमा आधारित भएकाले यसको औचित्यमा प्रश्न उठ्नु ।
४) छात्रवृत्ति वितरण र यसको प्रभावकारिता तथा उपयोगिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
५) आवासीय छात्रवृत्ति जस्तै अन्य छात्रवृत्तिको उद्देश्य र उपयोगिता स्पष्ट पार्नु ।
६) छात्रवृत्ति अक्षयकोष स्थापना गर्नु ।

## ४.८.२ उद्देश्य

यस नगरपालिकाको छात्रवृत्तिसम्बन्धी निम्नलिखित उद्देश्यहरू रहनेछन् :

१) आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा पहुँच अभिवृद्धि गरी उनीहरूको सहभागिता र उपलब्धि वृद्धि गर्नु ।
२) विद्यालय शिक्षामा विद्यार्थी टिकाउ दर वृद्धि गर्नु ।
३) सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्नु ।

## ४.८.३ रणनीतिहरू

१) हालका छात्रवृत्तिहरूका किसिम र छनौटका आधारहरूको पुनरावलोकन तथा परिमार्जन गरी लक्षित र आवश्यकतामा आधारित छात्रवृत्ति पद्धतिको विकास गरिने छ । छात्रवृत्तिका लागि मुलत: गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाइने छ ।
२) छात्रवृत्ति उद्देश्यमूलक बनाउन छात्रवृत्ति छनौट तथा वितरण निर्देशिकाको निर्माण गरिने छ ।
३) छात्रवृत्ति छनौटका लागि मुख्य आधारसहित एकमुष्ठ अनुदान रकम विद्यालयमा पठाइनेछ र वि.व्य.स.लाई समेत जिम्मेवार बनाईनेछ ।
४) छात्रवृत्ति रकम पुनरावलोकन गरी उद्देश्यअनुरूप पर्याप्त हुने गरी व्यवस्था गरिने छ ।

५) स्थानीय तह एवम् विद्यालय स्वयमले आवश्यक स्रोत व्यवस्था गरी थप विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान सक्ने व्यवस्था मिलाइने छ।

६) संस्थागत विद्यालयद्वारा प्रदान गरिने छात्रवृत्तिलाई नियमन गरी व्यवस्थित गरिने छ।

## ४.८.४ उपलब्धि तथा नतिजाहरू

**(क) उपलब्धि**

- विद्यालय तहको शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने।

**(ख) नतिजा**

- गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकालाई केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन भएको हुने।
- उद्देश्य र आवश्यकतामा आधारित छात्रवृत्ति वितरण गरिएको हुने।
- लक्षित समूहका विद्यार्थीले विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइ सहभागिता दरमा वृद्धि भई सिकाइमा सुधार भएको हुने।

## ४.८.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति दिवस कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम | जना | ८ | १० | ९ | १० | १२ | ४९ | |
| ३ | विद्यालय तहका बालबालिकाहरूको सिकाइका लागि प्रोत्साहन कार्यक्रमको पहिचान तथा कार्यक्रम कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ५: विद्यालय सुशासन तथा व्यवस्थापन

## परिचय

सुशासन भनेको असल वा राम्रो ढङ्गले गर्ने शासन व्यवस्था हो। शिक्षाप्रति निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई बुझाउँछ । विद्यालयमा योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचनाले, भूमिका तथा कार्यप्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यान्वयन गर्दै विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी विद्यार्थीलाई सिकाइप्रति जवाफदेही बनाई सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ। यसमा नेपाल सरकारका तिनै तहका सरकार, सरकारी तथा गैर सरकारी संस्था, विद्यालय सबैको भूमिका प्रमुख हुन्छ। यसका लागि शैक्षिक योजना कार्यान्वयन गर्न संस्थागत क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्छ। यसरी सुशासन तथा व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा, कार्यक्रमहरूको स्वरूप, संवैधानिक प्रावधानका साथै सङ्घीय संरचनामा विभिन्न तहका सरकारका दायित्व, ज्ञान, प्रविधि, मूल्य मान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुर्याउनु पर्दछ। नेपालको संविधानमा तीन तहका सरकारहरूको एकल तथा साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्न आवश्यक पर्ने संस्थागत संरचनाका क्षमता विकास योजना, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको बारेमा चर्चा गरिएको छ।

## ५.१ संस्थागत संरचना र क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको वर्तमान परिप्रेक्ष्यमा तिनै तहका सरकारमा कर्मचारी व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। आजको सूचना तथा प्रविधिको युगमा शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्नुका साथै संस्थागत संरचना र क्षमता विकास गर्न अवश्यक छ।

यस योजनामा नगरभित्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबै नगरवासी विद्यालय उमेर समूहका बालबालिकाहरूको पहुँच र सहभागितामा सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा जीवनपर्यन्त अवसरहरूको बिस्तार, समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। शिक्षामा सुधार ल्याउन त्यससँग सरोकारवाला सबैको क्षमता विकास गर्न आवश्यक रहेकाले यस खण्डमा नगरभित्र सञ्चालित शिक्षा विकास कार्यक्रमहरूको कार्यान्वयनका लागि भएका प्रयासहरूको समीक्षा गर्दै विद्यालय क्षेत्रको योजना प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गर्दै तिनीहरूको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक परिवर्तनको प्रस्तावसहित संरचना, क्षमता र प्रक्रियाको विकासका बारेमा चर्चा गरिएको छ।

### ५.१.१ वर्तमान अवस्था

हालको सङ्घीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश, स्थानीय तह तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरू रहेका छन्। सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। यसका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र , शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन्।

आजसम्म सङ्घीय शिक्षा ऐन जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन अन्योलताको अवस्था रहेको छ। सङ्घीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावली नबनेका कारण प्रदेश र स्थानीय कानुनहरू बन्न सकेका छैनन् । यसले शिक्षा क्षेत्रलाई अन्योलग्रस्त बनाएको गुनासो आइरहेको छ।

प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा कुनै पनि शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा एकरूपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन् । प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालयअन्तर्गतका शिक्षा विकास निर्देशनालय र सङ्घीय सरकार अन्तर्गत शिक्षा विकास तथा समन्वय इकाई रहेका छन् ।

सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा र नगर शिक्षा समितिमार्फत सहजीकरण हुने गरेको छ । नगरभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा सञ्चालन भइरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यवसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त कार्यक्रमहरूलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बाबजुद पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ ।

देश सङ्घीयतामा गएपनि सरकारका विभिन्न तहहरू बिच समन्वय हुन नसक्नु, कानुन निर्माणमा भएको ढिलाइ जस्ता कारणले स्थानीय स्तरमा संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्न भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन हुन आवश्यक देखिन्छ ।

## ५.१.२ उद्देश्य

यस योजनाको संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य स्थानीय संरचनाबमोजिम सबै वडाहरूमा सञ्चालित सामुदायिक, संस्थागत तथा CTEVT बाट सञ्चालित शैक्षिक संस्था, सिकाइ केन्द्र तथा बालक्लबहरूमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ गर्दै नतिजामुखी व्यवस्थापन गर्नु रहेको छ । यसका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

- नगरक्षेत्रमा सञ्चालित शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको अनुगमन, मूल्याङ्कन गर्दै सहकार्य, सहअस्तित्व, समन्वय र सहकार्यको माध्यमद्वारा स्थानीयस्तरको शैक्षिक संयन्त्र निर्माण गरी संस्थागत विकास गर्नु ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुसन्धानात्मक कार्य र विद्यार्थीहरूको सिकाइ उपलब्धिका आधारमा सुधार गर्नुपर्ने पक्षको पहिचान गरी गुणस्तर सम्बोधन गर्ने संरचना तथा जनशक्ति तयार गर्नु ।
- शिक्षामा सुशासन कायम गर्न उत्तरदायीपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजाका साथै शिक्षामा पहुँच, समता तथा समावेशीतालाई प्रोत्साहन गर्नु ।
- नगरभित्रका विद्यालय तथा शिक्षासँग सम्बद्ध क्षेत्रमा काम गर्ने शिक्षक, प्रधानाध्यापक, कर्मचारीहरू र संस्थाहरूको क्षमता विकास गर्नु ।

## ५.१.३ रणनीतिहरू

- सङ्घ तथा प्रदेशको ऐन तथा नियमवाली भित्र रही स्थानीय तहको शिक्षा ऐन तथा नियमवली बनाई कानुनी प्रबन्धको व्यवस्था गर्ने ।
- नगर शिक्षा समितिलाई प्रभावकारी र जिम्मेवार बनाउने ।
- स्थानीय स्तरको शिक्षा युवा तथा खेलकुद शाखालाई शिक्षा विकास तथा समन्वय इकाइ तथा शिक्षा विकास निर्देशनालयसँग समन्वयात्मक सम्बन्ध स्थापना गर्ने ।
- नगरमा रोष्टर प्रशिक्षकको व्यवस्था गर्ने ।
- शिक्षक छनोट समितिका लागि नगर भित्रका शिक्षकहरूबाट विज्ञ सूची तयार गर्ने ।

- समुदायमा  साक्षरता अभिवृद्धि गर्न प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि वडा स्तरमा आवश्यक  संयन्त्र निर्माण गर्ने।
- आधारभूत तहअन्तर्गत कक्षा ५ र कक्षा ८ मा पालिका स्तरको परीक्षा सञ्चालनका लागि नगरपालिका स्तरीय परीक्षा बोर्डको अवधारणा विकास गरी कार्यान्वयन  गर्ने।
- शिक्षक पेसागत सहायताका लागि विषय विज्ञ समिति निर्माण गरी परिचालन गर्ने।
- प्रधानाध्यापकलाई क्षमता अभिवृद्धि गरी थप जिम्मेवार र जवाफदेही बनाउने।
- नगरभित्रका शैक्षिक संस्था तथा त्यससँग सम्बन्धित कर्मचारीहरूको  क्षमता अभिवृद्धि गर्ने।
- स्थानीय  तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने।
- प्रत्येक विद्यालयमा सूचना अधिकारी, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी, लैङ्गिक फोकल पर्सन, विद्युतीय हाजिरी, विद्यालय वडापत्र आदिको प्रभाकारी व्यवस्थापन गर्ने।
- सुशासनको लागि शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने।
- शिक्षक,कर्मचारीको क्षमता विकास तथा पुनर्ताजकी तालिमको शिक्षा सञ्चालनको लागि तालिम इकाईको व्यवस्थापान गर्ने।
- सामाजिक परीक्षण, विद्यालय सुधार योजना, लेखा व्यवस्थापनको तालिम तथा कार्यशाला सञ्चालन गर्ने।
- प्रधानाध्यापक तथा लेखापाल क्षमता अभिवृद्धि गरी थप जिम्मेवार र जवाफदेही बनाउने।
- अभिभावक शिक्षाको विकासको लागि अभिभावक सचेतना प्रणाली स्थापना र सञ्चालन गर्ने।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता विकास प्रणाली स्थापना तथा सञ्चालन गर्ने।
- विद्यालयको नतिजामा आधारित अनुदान व्यवस्था प्रणाली स्थापना र सञ्चालन गर्ने।
- वडा तथा नगर स्तरीय वाल क्लबको सक्रियता गराई वालवालिकाको अन्तरनिहित प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्ने।
- प्रधानाध्यापकको स्थानिय तह र विषय सहायक शिक्षकले विद्यालयसँगको कार्य सम्पदान कारार सम्झौतत गर्ने।
- शिक्षा ,युवा तथा खेलकुद शाखाको मानव संसाधन चुस्त राखी क्षमता विकास गर्ने।

## ५.१.४ उपलब्धि, नतिजा

### (क ) उपलब्धि

- नगरभित्र सञ्चालित शैक्षिक संस्थाहरूमा सुशासनको प्रवर्द्धन हुने र बालबालिकाहरूको सिकाइ उपलब्धि बढ्ने।

### (ख)  प्रमुख नतिजाहरू

- नगर शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यको लागि आवश्यक पर्ने दक्ष जनशक्ति तथा संरचना  तयार  भएका हुने।
- नगरभित्रका सबै वडाहरूमा शिक्षाको विकासका लागि आवश्यक योजना तथा योजना कार्यान्वयन संयन्त्र तयार  भएको हुने।
- शिक्षाको प्रशासकीय तथा व्यवस्थापकीय क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने पद्धतिको विकास भई क्षमता अभिवृद्धि  भएको हुने।
- नगरभित्र शिक्षा प्रवाह गर्ने संस्थाहरूमा आवद्ध हुने सबैको आआफ्नो दायित्व, जिम्मेवारी, अधिकारपत्रको बारेमा स्पष्ट भएको हुने।
- प्रत्येक विद्यालयमा सूचना अधिकारी, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी, लैङ्गिक फोकल पर्सन, विद्युतीय हाजिरी, विद्यालय वडापत्र आदिको व्यवस्था भएको हुने।

- सुशासनका लागि शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको हुने।
- विद्यालयमा भयरहित, बालमैत्री र समावेशी वातावरण भएको हुने।
- शिक्षक, कर्मचारीको क्षमता विकास तथा पुनर्ताजकी तालिम मार्फत क्षमता विकास भएको हुने।
- प्रधानाध्यापक तथा लेखापालको कार्य सम्पादन क्षमता विकास भएको हुने।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता बृद्धि भएको हुने।
- अभिभावक शिक्षाको विकासको लागि अभिभावक सचेतना वृद्धि भएको हुने।
- विद्यालयको नतिजामा आधारित अनुदान लागु भएको हुने।
- वालवालिकाको अन्तरनिहित प्रतिभा पहिचान मार्फत प्रतिभा विकास तथा उजागर भएको हुने।
- सामाजिक परीक्षण, विद्यालय सुधार योजना, लेखा व्यवस्थापनको प्रणाली विकास भएको हुने।

## ५.१.५ प्रमुख क्रियाकलापहरू र लक्ष्यहरू

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको व्यवस्थापन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | सामाजिक परीक्षण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | वार्षिक रूपमा लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ५ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई नियमित रूपमा सार्वजनिक कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको बिस्तार | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | सबै | सबै | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालयसँग सरोकार राख्ने पदाधिकारीहरूको आचार संहितामा परिमार्जन र कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | १८ | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि पूर्व विद्यार्थी समाज गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | | | १ | | १ | २ | २ | |
| १४ | समावेशी बालक्लब गठन र परिचालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| १५ | शिक्षक, कर्मचारीको क्षमता विकास तथा पुर्नताजकी तालिम | ३० | ३० | ३० | ३० | ३० | ३० | १५० | | |
| १६ | नतिजामा आधारित अनुदान | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | |
| १७ | अभिभावक शिक्षा संयन्त्र | वडा | १ | १ | १ | १ | १ | ५ | | |
| १८ | प्रधानाध्यापक तथा लेखापाल व्यवस्थापन तालिम | विद्यालय | ३० | | ३० | | ३० | ९० | | |
| १९ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता विकास | विद्यालय | ३० | | | ३० | | ६० | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तिनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएका शिक्षाका २३ अधिकारहरूको व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेको शिक्षा क्षेत्रको १० वर्ष योजनाले तय गरेका लक्ष्यहरू पूरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ। त्यसको साथै यस नगरपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केही सोच, लक्ष्य, उद्देश्यसहित शिक्षा क्षेत्रको नीति तय गरेको छ । उल्लिखित सन्दर्भमा पालिकाको शिक्षासम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पूरा गर्न स्थानीय नगरपालिकाका आवश्यकताहरू पूरा गर्न नगरपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० वर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ । साथै सबै स्थानीय सरकारहरूले शिक्षा क्षेत्रलाई ब्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्धता गरेबमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो ।

नेपालको वर्तमान संविधानले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई नि:शुल्क हुने हकको सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रूपले पिछाडिएका बालबालिकाहरूको शिक्षामा कानुनबमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चतता गरेको छ । सङ्घीय स्वरूपको राज्य व्यवस्था भएअनुरूप तिनै तहका सरकारहरू स्थापना भई क्रियाशील अवस्थामा छन् । सबै सरकारहरूका आ-आफ्ना परिवेश भएअनुरूप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ । तिनै तहका सरकारहरूले समन्वयात्मक ढङ्गबाट शिक्षा क्षेत्रको विकासका लागि योजना बनाई परिवर्तित मर्म र गन्तव्यहरूलाई उक्त योजनामा प्रतिविम्बित गर्दै राष्ट्रले लिएका लक्ष्यहरू पूरा गर्नु आजको आवश्यकता हो ।

### ५.२.२ वर्तमान अवस्था

बोदेबर्साइन नगरपालिकामा जम्मा ४३ वटा विद्यालयहरू रहेका छन् जसमा सामुदायिक प्रा.वि. १९ निजी प्रा.वि ९ गरी जम्मा २८ वटा कक्षा १ देखी ५ सम्मका विद्यालयहरू रहेका छन् , सामुदायिक तर्फ कक्षा कक्षा १ देखी ८ सम्मका विद्यालयहरू ६ वटा तथा संस्थागत तर्फ ४ गरी जम्मा १० वटा कक्षा १ देखी ८ सम्मका विद्यालयहरू रहेका छन् । त्यसैगरी ५ वटा सामुदायिक मा.वि रहेका छन् । सामुदायिक तर्फ ३० वटै विद्यालयमा बालविकास केन्द्रहरू रहेको तथ्याङ्क रहेको छ । विश्वविद्यालय तथा कलेजहरूमा यस नगरपालिकाको उच्च शिक्षा लाई बढावा दिने तवरले ३ वटा विद्यालय मा (१०+२) उच्च शिक्षा को कक्षा सञ्चालन गरी विश्वविद्यालय तथा कलेज तहको जग बसाउने कार्यमा बढावा भएको छ । बालविकास केन्द्रको विवरण हेर्दा जम्मा ४२ वटा बालविकास केन्द्रहरू रहेका छन् । जसमा ४२ वटै तत्कालिन जि.शि.का.बाट स्वीकृत रहेका छन् जसमा ४२ जना बालविकास सहजकर्ताहरू रहेका छन् । बोदेबर्साइन नगरपालिकामा कार्यरत शिक्षकहरूको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी ११२ र अस्थायी ५४ शिक्षकहरू रहेका छन् । ४५ राहत दरबन्दीमा कार्यरत शिक्षकहरू रहेका छन् । पूरा दरबन्दी नहुनुले पालिकाले धैरै रकम शिक्षक व्यवस्थापनमा खर्च गर्नु परेको छ । वार्षिक क्रियाकलापहरूमा शिक्षालाइ महत्त्वपूर्ण रूपमा राखे पनि योजनामा राखेर कार्यान्वयन गर्नु

चुनौतीपूर्ण रहेको छ। आवश्यक स्रोत साधनको व्यवस्थापनमा पालिकाको स्रोत साधनको भरपुर प्रयोग गरिएको छ। पालिकाको आफ्नै स्रोतबाट १५ जना निजी स्रोत शिक्षक व्यवस्थापन गरिएको छ।

नगर शिक्षा समितिको अगुवाइमा पालिकामा शिक्षा क्षेत्रका क्रियाकलापहरू सञ्चालन गरिएको छ । बोदेबर्साइन नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र १ देखि ५ सम्म लागु गरिएको छ । स्थानीय विषयले यस पालिकाको ऐतिहासिकता र समग्रता झल्काउन मद्दत गर्नेछ भने बालबालिकालाई स्थानीय परिवेश अनुकूल विषय क्षेत्रमा परिचित हुन सहयोग पुऱ्याउने छ। आभारभूत तह कक्षा १–३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उदार कक्षोन्नतिको नीतिअनुसार मूल्याङ्कन, कक्षा ४–८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत वाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ। आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा सञ्चालन गरिएको छ । कक्षा १० र १२ को अन्तिम परीक्षा रा.प.बो.ले सञ्चालन गर्दछ। त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्न कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागु गरिएको छ भने एकीकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयनमा केही समस्याहरू र जटिलताहरू समेत देखा परेका छन्।

## ५.२.३ उद्देश्यहरू

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु।
- एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण गर्नु।

## ५.२.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक अनलाइन, दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका मापदण्ड तयार गरी लागु गर्ने।

- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमासमेत कार्य गर्ने ।

## ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

उपलब्धिहरू

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

प्रमुख नतिजा

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय, स्थानीय तह |
| २ | आवश्यक कानुन, निर्देशिका तथा कार्यविधिको विकास | पटक | | १ | | | १ | २ | शिक्षा युवा तथा खेलकुद शाखा |
| ३ | कानुन, निर्देशिका, मापदण्डको प्रबोधीकरण | समय | | १ | | | १ | २ | शिक्षा युवा तथा खेलकुद शाखा, |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | | | १ | | १ | २ | सङ्घ , स्थानीय तह |
| ७ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | | १ | | १ | | २ | शिक्षा युवा तथा खेलकुद शाखा |
| ८ | सामाजिक परीक्षणको प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण गर्नमा शिक्षाको अहम् भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई बिस्तार गरिएको छ। शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दिगो विकासको लक्ष्यको लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्नु पर्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ। पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

नगरपालिकाको कूल बजेटमध्ये धैरै कमको बजेट शिक्षामा विनियोजन गरेको छ। शैक्षिक क्षेत्रमा गरिएको लगानीले समग्र नगरको शैक्षिक गतिविधिमा थप उर्जा प्रदान गर्ने निश्चत छ। तर शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषय सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सिमित देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। नेपालका सबैजसो राजनीतिक दलको चुनावी घोषणापत्रमा राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ। भावी दिनमा शिक्षा क्षेत्रको बजेट वृद्धिमा राज्य र सरकारको ध्यान जानु अनिवार्य रहेको छ।

बोदेबर्साइन नगरपालिकाको आ.व. २०८३/८ को कूल बजेट रु ८२५१४४०००.०० हाराहारी मध्येबाट शिक्षा क्षेत्रमा बिनियोजन भएको रकम रु. १५००००००.०० जुन कुल बजेटको शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गत १.७५ प्रतिशत (शसर्त अनुदान तथा तलबभत्ता बाहेक) हुन आउछ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ। आ.व. २०८१/०८२ मा यस बोदेबर्साइन नगरपालिकाको शिक्षा क्षेत्रको बजेट देहायअनुसार रहेको छ।

| क्र.सं. | कार्यक्रम / क्रियाकलापको नाम | एकाइ | परिमाण | एकाइ लागत | वार्षिक बजेट |
|---|---|---|---|---|---|
| १ | शैक्षिक सामग्री निर्माण सम्बन्धी कार्यशाला तथा विज्ञान प्रर्दशनी मेला | जना | ६० | २५,००० | १,५००,००० |
| २ | ECD शिक्षिकाहरूलाइ बालमैत्री शिक्षण व्यवस्थापन २ दिने तालिम | पटक | २ | ७४,००० | १४८,००० |
| ३ | प्रअ र लेखापाललाइ विदालय सुधार येजना निमार्ण | जना | ७० | ३,००० | २१०,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | एवम् अध्यावधिकका लागि क्षमता विकास (SAS) ३ दिने तालिम | | | | |
| ४ | विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम | विद्यालय | ३० | २,००० | ६०,००० |
| ५ | कक्षा ८ के BLE परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमनमा थप सहयता कार्यक्रम | विद्यालय | १० | ४०,००० | ४००,००० |
| ६ | कक्षा १ देखि १२ सम्मका कक्षा ८ बाहेकका प्रथम त्रैमासिक दोस्रो त्रैमासिक र बार्षिक परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि विद्लयका थप सहयता कार्यक्रम | विद्यालय | ३० | २५,००० | ७५०,००० |
| ७ | शिक्षा शाखा सञ्चालन विभिन्न एन कानुन छपाइ एवम प्र.अ. बैठक सञ्चालन खर्च | पटक | २० | ४,९०० | ९८,००० |
| ८ | विद्यार्थीको स्तर परीक्षण (सिकाइ उपलब्धि परीक्षण) र विद्यालयलाई पृष्ठपोषण, विद्यार्थी प्रगति प्रतिवेदन र अनुगमन तथा ससर्त अनुदानका लागि नमुना विद्लय छनाट एवम प्रोत्साहन | पटक | १ | १००,००० | १००,००० |
| १० | शैक्षिक क्यालेण्डर निर्माण (डिजाइन), छपाइ र वितरण | ओटा | १००० | १५० | १५०,००० |
| ११ | शिक्षक पेसागत सहयागमा थप सहयाग एवम निजी विद्यालय अनुगमन कार्यक्रम | पटक | १ | २५,००० | २५,००० |
| १२ | विभिन्न दिवस तथा विदालय शान्ति क्षेत्र,दुर्व्यसनी मुक्त एवम शैक्षिक गुस्तर सुधार कार्यमा मेयर अन्तरक्रिया कार्यक्रम | जना | २५ | ३,००० | ७५,००० |
| १३ | राष्टियपति रनिड शिल्ड प्रतियागितामा जाडकेष कार्यक्रम (नगर छनोट जिल्ला छनोट समेत) | विद्यालय | ५ | १००,००० | ५००,००० |
| १५ | शिक्षकहरूका लागि बाल मैत्री शिक्षण,CAS तथा प्रश्नपत्र निमार्ण एवम मूल्याङ्कन सम्बन्धी सम्बन्धि ३ दिने तालिम | शिक्षक | ७० | २,५०० | १७५,००० |
| १६ | कक्षा ६ देखि ८ सम्मका स्थानीय पाठ्क्रम अधारमा पाठ्यपुस्तक शिक्षक निर्दैशिका मुल्याडकन मापदण्डको इ कपी निमार्ण तथा २ दिने शिक्षक अभिमुखिकरण | पटक | ६ | १५०,००० | ९००,००० |
| १७ | चन्द्रा शत्रुधन क्यामपसका लागि शैक्षिक अनुदान | क्यामपस | १ | १,५००,००० | १,५००,००० |
| १८ | विदालयमा इ हाजरी, इन्भटर व्याट्र,कम्प्युटर सेट तथा साउण्ड तथा ड्रमसेट खरिद तथा जडान | विद्यालय | २५ | ३९,००० | ९७५,००० |
| १९ | विद्लयमा विजुली वीलमा सहयता अनुदान | विद्यालय | ७ | ५,००० | ३५,००० |
| २० | विद्लयमा योग शिक्षा कार्यक्रम | विद्यालय | २५ | ९९४ | २४,८५० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | विद्लयमा फूलबारी व्रयवस्थापनमा विरूवा सहयेग कार्यक्रम | विद्यालय | २५ | ४,००० | १००,००० |
| २२ | शैक्षिक क्यालेण्डर अनुसार नगर स्तरीय शुक्रबारे कार्यक्रम -(२ चरण) | विद्यालय | ५० | १०,००० | ५००,००० |
| २३ | कक्षा ५ र ८ मा अध्यनरत विद्यार्थीहरुका लागि गृहकार्य डायरी | विद्यार्थी | १५०० | ६६ | ९९,००० |
| २४ | बा.वि.के. सहयोगी कार्यकर्ता, विद्यालय सहायक,अया र विद्यालय सहयोगी नगरबाट थप पाश्रमिक | एकाइ | १ | ६,६७५,१५० | ६,६७५,१५० |
| | **जम्मा** | | | | १५,०००,००० |

## *चुनौती*

उल्लिखित जानकारी तथा विश्लेषणका आधारमा देहायबमोजिमका चुनौतिहरू पहिचान गरिएको छः

- शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न तथा विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्न।
- सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी, मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तिनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउन।
- संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्न।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्न।
- वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्न।
- आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न।
- शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरुः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्न।
- विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्न।
- शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चितका लागि पर्याप्त लगानी गर्न।
- गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्न।
- वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्न।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

## ६.३ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहाय अनुसार रहेको छन् :

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
- लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्ः

- विद्यालय शिक्षाको लागि कानुनमा तोकिएअनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ- आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने छ ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकाले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गरिने छ ।
- सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुने व्यवस्था गरिने छ ।
- उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रूपमा विकास गरिने छ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिने छ ।
- मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिने छ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, ससर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

## ६.५ उपलब्धि (Outcomes)

- स्थानीय शिक्षा योजनाको प्रस्तावित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी र स्रोतको व्यवस्थापन भएको हुने छ ।
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान भएको हुने छ ।
- प्राथमिकताका आधारमा शिक्षा क्षेत्रमा नगरपालिकाको बजेट विनियोजन र वित्तीय लगानीमा बृद्धि हुँदै गएको हुने छ ।

- लगानीअनुसारको प्रतिफल सूचक बृद्धि भएको हुने छ।

## ६.६ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया बिचमा सामाञ्जस्य गर्ने प्रयास हुन्छ। नागरिक अपेक्षा, राष्ट्रिय प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन गर्न कति सकिन्छ त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ। सामान्यतया राष्ट्रिय सामर्थ्य के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ। यस प्रकार आवश्यकता र सामर्थ्यको बिचमा सामाञ्जस्य कायम गरी योजनाका कार्यक्रमहरू र तिनको प्राथमिकता निर्धारण गरिन्छ।

## ६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

नगरपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार ५ वर्षका लागि तयार गरेको शिक्षा योजनाको (२०८२–२०८७) बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीलाई दिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने, सामुदायिक विद्यालय सुधार कार्यक्रम अभियानलाई सञ्चालन गरिने छ। माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सिप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ। आधारभूत तहमा ५ वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापदण्ड पूरा गर्ने भने माध्यमिक तहमा १० वर्ष भित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ। पाठ्यक्रमको सान्दर्भिकता बढाउने, पाठ्पुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बिस्तार गर्ने, समता र समावेशितामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्तावित गरिएको छ।

**यसका साथै देहाय बमोजिमका कार्यहरूलाई पनि निरन्तरता दिइनेछः**

- विद्यार्थी भर्ना अभियानलाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन गरी विद्यार्थीको कक्षा छाड्ने दरलाई न्यूनीकरण गर्ने तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आधारभूत तहबाट नै सुधारका प्रयासहरू थप गरिने छ।
- नगर भित्रका सामुदायिक विद्यालयहरू मध्ये एस.ई.ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कार प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सबै विद्यालयहरूमा कक्षा सञ्चालन, परीक्षा सञ्चालन बिदाहरूमा एकरूपता ल्याउनको लागि वार्षिक शैक्षिक क्यालेण्डर निर्माण कार्यलाइ निरन्तरता दिइने छ।
- शैक्षिक सुधारका लागि सबै विद्यालयका प्र.अ.हरूको नियमित बैठकलाई निरन्तरता दिँदै विद्यालय अनुगमन तथा सुपरिवेक्षण, शिक्षक पेसागत सहयोग, कोचिङ तथा मेन्टोरिङमा जोड दिइने छ।
- विद्यार्थीहरूमा रहेका प्रतिभालाई उजागर गर्न सहयोग पुऱ्याउने उद्देश्यले शैक्षिक मेलामार्फत हाजिरी जवाफ, साँस्कृतिक कार्यक्रम, पठन प्रतियोगिता आदि सञ्चालन गरिने छ।

## विद्यालय क्षेत्र अन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट

| क्र.स. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८१/८२ देखि २०८५८६ | बजेट स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | सङ्घीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस | जनसहभागिता | अन्य |
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | १३२८३०१५.३२ | २२७२०००.०० | २८१७४०.०० | २६२३८८८.८० | २६२३३०६.१८ | २९४६३८०.३४ | | १००२८६७६.५३ | १३२८३०.१५३ | ३०५५०९३.५२३ | ६६४१५.०७६३ | | |
| २ | आधारभूत शिक्षा | ३४१५५९९.९३ | ४९५००००.०० | ६८८३०००.०० | ७४३४८२०.०० | ७१५७०३३.२० | ७७३११४५.७३ | | २५७८७७७९.९५ | ३४१५५९.९९९ | ७८५५८७९.९८३ | १७०७८० | | |
| ३ | माध्यमिक शिक्षा | २४३७९५९६.६४ | ३४८००००.०० | ६१५१६००.०० | ४१४०७९२.०० | ३७९११२४.६४ | ६८०८०८०.०० | | १८४०३५९५.४६ | २४३७९५.९६६ | ५६०७३०७.२२६ | १२१८९१७.९८३ | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १४७३६४१.३८ | ५०००००.०० | १६३२०००.०० | २७०५०४०.०० | ७४२८४५.६० | ३८९६७५.७८ | | ७१५४८६४.२३९ | १४७३६.४१३८ | २१७६२१७.५१५ | ४७३८३.२०६९ | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ६२०५३१५.४३ | ६५००००.०० | १६२२०००.०० | ११९६४६०.०० | ११६७३२८.८० | १५६९५२६.६३ | | ४६८५०१३.१५१ | ६२०५३.१५४३ | १४२७२२२.५४९ | ३१०२६.५७७२ | | |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन | ८०६१०३९.४३ | १५०००००.०० | १७८५०००.०० | १५०८५८०.०० | १६९७९३२.८० | १५६९५२६.६३ | | ६०८६०८४.७७१ | ८०६१०.३९४३ | १८५४०३९.०६९ | ४०३०५.१९७२ | | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २३८८५१०६.४४ | १३०००००.०० | २३९५०००.०० | १४८२५७००.०० | २३८७७१८.०० | २९७६६८८.४४ | | १८०३३२५५.३६ | २३८८५१.०६४ | ५४९३५७४.४८१ | ११९४२५.५३२ | | |
| ८ | शैक्षिक समता र समावेशीकरण | ३११२२६३.३० | २०००००.०० | ९१२०००.०० | ७२०२००.०० | ६३०६०४.०० | ६४९४५९.३० | | २३४९७५८.७८८ | ३११२२.६३३ | ७१५८२०.५५८१ | १५५६१.३१६५ | | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७९०६०६०.२४ | १६०००००.०० | १५३००००.०० | १५६०६००.०० | १५९१८१२.०० | १६२३६४८.२४ | | ५९६९०७५.४८१ | ७९०६०.६०२४ | १८१८३९३.८५५ | ३९५३०.३०१२ | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ६५९८६४५.७८ | ११०००००.०० | १७३४०००.०० | १३५२५२०.०० | ११६७३२८.८० | १२४४७९६.९८ | | ४९८१९७७.५६७ | ६५९८६.४५७८ | १५१७६८८.५३ | ३२९९३.२२८९ | | |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३०६८८४७३.०९ | १३०००००.०० | ७१३७०००.०० | ७३७४७२०.०० | ७३६६२१४.४० | ७५१०५३८.६९ | | २३१६९७९७.१८ | ३०६८८४.७३१ | ७०५८३४८.८१ | १५३४४२.३६५ | | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ४३८३९४२.१८ | २०००००.०० | १०६७०००.०० | ६२४२४०.०० | ११०२०२६.८० | १३९०६७५.३८ | | ३३०९८७६.३४३ | ४३८३९.४२१८ | १००८३०६.७ | २१९१९.७१०९ | | |
| १३ | छात्रवृत्ति | ३३८२६२६.१० | ६५००००.०० | ६६३०००.०० | ६७६२६०.०० | ६८९७८५.२० | ७०३५८०.९० | | २५५३८८२.७०९ | ३३८२६.२६१ | ७७८००४.००३९ | १६९१३.१३०५ | | |
| १४ | संस्थागत संरचना र क्षमता विकास | ८८४८६६८.०८ | १८४५०००.०० | १४७०९००.०० | १७५७४१८.०० | १७३६५०५.९६ | २०३८८४४.१२ | | ६६८०७४४.४ | ८८४८६.६८०८ | २०३५१९३.६५८ | ४४२४३.३४०४ | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१५** | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५५८२६२७.७९ | ६५०००००.०० | १५८१०००.०० | ८३२३२०.०० | १२२०३८९.२० | १२९८९१८.५९ | | ४२१४८८३.९८३ | ५५८२६.२७७९ | १२८४००४.३९२ | २७९१३.१३९ | | |
| **१६** | कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | २६८४६८६.८३ | ४७००००.०० | ४७३४००.०० | ४७६८६८.०० | ६३०४०५.३६ | ६३४०१३.४७ | | २०२६१३८.५५५ | २६८४६.८६८३ | ६१७४७७.९७०३ | १३४२३.४३४१ | | |
| | **कुल बजेट रु.** | १९२६३४७०७.९५ | २२६६७०००.०० | ३९८५४३४०.०० | ४९८१०४२६.८० | ३५७१०३६०.९४ | ४४५९२५८०.२१ | | १४५४३९२०४.५० | १९२६३४७.०८ | ४४३०५९८२.८३ | ९६३१७३.५४ | | |

# परिच्छेद ७ : कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन् भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिकाअनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पूर्ननिरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रूपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो। यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ। यसरी नै मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावका बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मूल्याङ्कन सम्बन्धी कार्यक्रमहरूको कार्यक्रम सञ्चालनका चरणहरू साथसाथै कार्यसपन्न भएपछि पनि गरिन्छ। स्थानीय स्तरमा सञ्चालन भएका शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनका लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य छ।

यसमा बोदेबर्साइन नगरपालिकाको पाँच वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य रणनीति एवम् यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि नगरपालिका भित्रका सबै वडाहरूमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरू, बालविकास तथा सिकाइ केन्द्रहरूमा सञ्चालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

## ७.२ वर्तमान अवस्था

अनुभव तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गका रूपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको नगर शिक्षा संयन्त्रलाई आवश्यकताअनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै नगर प्रमुखको अध्यक्षतामा रहेको नगर शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ। यसै गरी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट पनि शैक्षिक गतिविधि तथा नगरभित्र रहेका सामुदायिक, निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्याङ्कन भइरहेको छ। अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालयमा पुऱ्याउने प्रबन्ध गरिएको छ। शिक्षाको वार्षिक कार्यक्रम स्थानीय नगर शिक्षा ऐनमा व्यवस्था भएअनुरूप नगर शिक्षा समितिबाट निर्णय गराई कार्यपालिकाले तयार गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भएअनुरूप हुने प्रबन्ध गरिएको छ । शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधारसम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरू, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै नगरको शैक्षिक पाश्वचित्र निर्माणको थालनी भएको छ। हाल आएर स्रोतकेन्द्र र स्रोत व्यक्ति नभएको अवस्था र शिक्षा युवा तथा खेलकुद शाखामा दरबन्दी अनुसारको आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मूल्याङ्कन कार्यमा केही राम्रा अवसरहरूका साथमा चुनौतीहरू रहेका छन्।

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्य तालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम

कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ ।

# चुनौती र अवसर

उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित प्रमुख चुनौतीहरू पहिचान गरिएको छ ।

### (क) चुनौतीहरू

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्न,
- अनुगमनलाई मागमा आधारित बनाउन, अनुगमनमा नियमितता र एकरूपता कायम गर्न, अनुगमन कार्यमा दोहोरोपना हटाउन, अनुगमनलाई योजनाबद्ध गर्न, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्न,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्न र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्न,
- सङ्घीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तनपश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनर्सङ्गठन गर्न,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्न,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्न, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिन,
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सिप भएका जनशक्ति तयार गर्न,
- अनुगमन कार्यलाई नियमित, एकरूपता दिन र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्न,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठपोषण प्रदान गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्न,
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिन,
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वसनीय बनाउन ।

### (ख) अवसर

- पालिक भित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्न सकिनु,
- जनप्रतिनिधिहरू शिक्षा र शैक्षिक कार्यका लागि सकारात्मक हुनु ,
- पालिकाबाट वडास्तरीय कार्यक्रम बनाई सहजै अनुगमन तथा मूल्याङ्कन गर्न सकिनु,
- प्रविधिहरूको विकास हुँदै जानु ,
- अनुगमन कार्यलाई नियमित, एकरूपता दिनका लागि स्थानीय तहलाइ अधिकार प्राप्त हुनु,

- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता आउनु,
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वसनीय बनाउन स्थानीय तहलाई नीतिगत अधिकार हुनु ।

## ७.३ उद्देश्य

- विश्वसनीय एवम् प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु,
- नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु,
- कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्याहरूलाई समयमै पहिचान गरी आवश्यक पृष्ठपोषणका साथ अपेक्षित उपलब्धि प्राप्त गर्नु,
- आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग प्रदान गर्नु,
- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु,
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु,
- नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

## ७.४ रणनीतिहरू

- प्रविधिको प्रयोग गरी अनुगमन तथा आम मूल्याङ्कनलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाइने छ ।
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली उपयोग गरिने छ ।
- स्थानीय आवश्यकताअनुसार सूचकहरू तयार गरी तिनिहरूलाई सूचना प्रणालीमा समावेश गरिने छ ।
- नगरभित्रका विद्यालयहरूलाई प्राविधिक सञ्जालभित्र जोडेर Online अनुगमन तथा मूल्याङ्कनको सुरुवात गरिने छ ।
- वार्षिक बजेटको निश्चित हिस्सा शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कनलाई छुट्याई नियमित तथा नतिजामूलक बनाउने प्रणालीको विकास गरिने छ ।
- प्रत्येक शैक्षिक सत्रमा सञ्चालित शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाहरूको नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कनलाई प्रतिवेदनमा आधारित बनाई पुरस्कार र दण्ड गर्ने प्रणाली विकास गरिने छ ।
- सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिने छ ।
- नगरका उपप्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सुचक सहित कार्यान्वयन गरिने छ ।
- अन्तर विद्यालय अनुगमन गरि गरिने छ ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारी बाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रूपमा अनुगमन गरिने छ ।

- विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीद्वारा अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिने छ।
- नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिने छ । यसका लागि नगर स्तरमा विज्ञहरूको अध्ययन टोली गठन गरी परिचालन गरिने छ।

## ७.५ उपलब्धि ,नतिजा

**(क) उपलब्धि (Outcomes)**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौती समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

**(ख) नतिजाहरू (Key Results)**

- नतिजामा आधारित अनुगमन प्रणाली भएको हुने ,
- अनुगमनका आधारमा नतिजा सुधार आएको हुने ,
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ,
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षण थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने ,

## ७.६ समन्वय र सहजीकरणः

नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा, विद्यालय व्यवस्थापन समिति, नगर शिक्षा फोकल पर्सन, नगर कार्यपालिका, नगर शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरू गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गरिने छ। यसका साथै नगरपालिकाअन्तर्गतका विद्यालयहरूमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिने छ। विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरूलाई कक्षाकोठामै सहयोग पुऱ्याउने पद्धति विकास गर्न सङ्घीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिने छ। नगरपालिकाअन्तर्गतका विद्यालयहरूमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिने छ। नगर शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरूको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालनलगायतका कामका लागि नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा, नगर शिक्षा समितिका पदाधिकारीहरू जिम्मेवार हुनेछन्। विद्यालयको अनुगमन तथा मूल्याङ्कन र योजना कार्यान्वयनको लागि देहाय बमोजिमका कार्यहरू गर्न सकिन्छः

१. विद्यालयका समस्याहरू समाधानका लागि संयुक्त प्रयास गरी समस्या समाधानमा कसको के भूमिका हुने पहिचान गरी नगरपालिकामा समष्टिगत प्रतिवेदन हरेक २ महिनामा पेस गरी छलफल तथा अन्तरक्रिया गर्नेछन्।

२. प्रत्येक तीन महिनामा नगरपालिकाले योजनाको कार्यान्वयन अवस्था, समस्या र भावी क्रियाकलापका सम्बन्धमा छलफल गर्न वि.व्य.स. अध्यक्ष, प्रअ सहितको सहभागितामा समीक्षा गर्नेछ।

३. शिक्षक, प्रअ तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि जस्ता कामहरू गर्नेछन्।


## ७.७ मुख्य क्रियाकलाप र लक्ष्य

| क्र. सं | क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | नतिजाका आधारमा अनुगमन प्रणाली विकासका लागि सूचकहरू तयार गर्ने र अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | कक्षा | ३ | ५ | ८ | | | | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने | प्रतिशत | - | २५ % | २५ % | २५ % | २५ % | १०० % | |
| ६ | वडास्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | वडा | १० | १० | १० | १० | १० | १० | |
| ७ | सबै विद्यालयमा सामाजिक परीक्षण प्रभावकारी तथा नियमित गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | |
| ८ | सबै विद्यालयहरूको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | १ | |
| ९ | नियमित रूपमा शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| १० | संयुक्त रूपमा विद्यालय अनुगमन जनप्रतिनिधि, शिक्षा युवा तथा खेलकुद शाखा | पटक | २ | २ | २ | २ | २ | १० | |
| ११ | नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन | पटक | | १ | | १ | १ | ३ | |
| १२ | पालिकामा शिक्षक पेसागत सहयोगका लागि विषय विज्ञ समूह निर्माण तथा परिचालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | |
| १३ | अन्तर विद्यालय अनुगमन तथा अवलोकन भ्रमण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |

# अनुसुची

## अनुसुची १ कार्यशालाको फोटोहरु




शिक्षा योजना




पहिलो ड्राफ्टमा छलफल तथा सुझाव संकलन



लेखन कार्यदल सदस्यबाट छलफल



प्रमुख प्रशासकिय अधिकृतबाट सम्बोधन

# अनुसुची २ : लेखाजोखा गरिएको फाराम

# अनुसुची ३ : योजना लेखनका क्रममा भएका निर्णय तथा अन्य कागजातहरु